

# ऐतिहासिक परिप्रेक्ष्यमा किरात धर्म, धर्मगुरू तथा धार्मिकस्थल माङसेबुङ लारुम्बाः एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय
अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा
स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको
प्रयोजनका निमित्त प्रस्तुत

## शोधपत्र

प्रस्तोताः
भीमा सुब्बा लिम्बू
परिक्षा रोल नं. : २९५९
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
कीर्तिपुर, २०६३


Map of Nepal
LEGEND
District Boundary
District Name
HORIZONTAL DATUM


TERHATHUM
Banjho VDC
PANCHTHAR
MORANG
JHAPA


Research Area
IBHANG
SAKHPHARA
MAHAMAI
1
2
3
4
5
6
7
8
9

# विषयसूची

**पहिलो अध्यायः शोध परिचय**

१.१ पृष्ठभूमि (Background)

१.२ समस्याकथन (Statement of Problem)

१.३ अध्ययनको उद्देश्य (Objective of the Study)

१.४ अध्ययनको क्षेत्र र सिमा (Scope and Limitation of the Study)

१.५ अध्ययनको महत्व र औचित्य (Importance and Justification of the Study)

१.६ पूर्व साहित्य समिक्षा (Review of Literature)

१.७ अध्ययनको पद्धति (Methodology of the Study)

१.७.१ प्राथमिक स्रोतहरु (Primary Sources)

(क) प्रत्यक्ष अवलोकन (Observation)

(ख) प्रत्यक्ष अन्तर्वार्ता (Interview)

१.७.२ सहायक स्रोतहरु (Secondary Sources)

**दोस्रो अध्यायः अनुसन्धान क्षेत्रको परिचय**

२.१ भौगोलिक परिचय

२.२ ऐतिहासिक पृष्ठभूमि

२.३ माङ्सेबुङ लारुम्बाः नामाकरण

२.४ धार्मिक महत्व र गतिविधिहरु

२.४.१ गुरुआश्रम

२.४.२ किरात हाङ्साम मुजोत्लुङ माङ्हिम

२.४.३ धार्मिक संघ संस्थाहरु

२.५ भौतिक विवरण

**तेस्रो अध्यायः किरात जाति तथा धर्मको संक्षिप्त परिचय**

३.१ किरात शब्दको उत्पत्ति

३.२ किरात जाति

३.३ किरात धर्म

३.४ मुन्धुम

**चौथो अध्यायः महागुरू फाल्गुनन्दको संक्षिप्त जीवनी र योगदान**

४.१ येहाङ मुन्धुम अनुसार मुहिगुम अङ्सी र अन्य विधाहरु

४.२ किरात कुलमा जन्मेका मुहिगुम अङ्सीहरु

४.३ महागुरु फाल्गुनन्द लिङ्देनः जीवनी र योगदान

४.३.१ जन्म

४.३.२ बाल्यकाल

४.३.३ युवावस्था

४.३.४ तत्कालिन देशको अवस्था र किरात समाज

४.३.५ समाज सुधारका कार्यहरु

४.३.५.१ सत्यधर्म मुचुल्का

४.३.६ धार्मिक कार्यहरु

४.३.७ आहारविहार र जीवनशैली

४.३.८ अवसान

४.४ महागुरुका अधुरा कार्यहरु र सिवाखाहुन

४.५ धर्मगुरु आत्मानन्द लिङ्देनः संक्षिप्त परिचय

४.५.१ जन्म

४.५.२ बाल्यकाल

४.५.३ युवावस्था

४.५.४ पारिवारिक स्थिति

४.५.५ धार्मिक कार्यहरु

४.५.६ दिनचर्या

**पाँचौ अध्यायः माङ्सेबुङ लारूम्बाको सामाजिक र सांस्कृतिक परिचय**

५.१ सामाजिक पक्ष

५.१.१ बसोबास

५.१.२ जीवनशैली

५.१.३ खानपान

५.१.४ सयङ्को अवधारणा र सुरुवात

५.१.५ संस्कारहरु

५.१.६ पेशा

५.१.७ धार्मिक आस्था र विश्वास

५.२ सांस्कृतिक पक्ष

५.२.१ भेषभूषा र गरगहना

५.२.२ मनोरञ्जन

५.२.३ भाषा, लिपि र साहित्य

५.३ धार्मिक पर्वहरु

५.३.१ कात्तिक २५ (मुहिगुम अङ्सीमाङ फाल्गुनन्द जन्मजयन्ती)

५.३.२ मंसिर १८ (अङ्सी माङ्गेन्ना तथा चासोकसेवा)

५.३.३ माघ ५ (खिबेक्वा याक्वासेवा)

५.३.४ फागुन ३ (अङ्सीमामाङ माङ्गेन्ना)

५.३.५ अन्य

५.४ मौलिक, सांस्कृतिक चाडपर्वहरु

५.४.१ कक्फेक्वा तङ्नाम

५.४.२ सिसेक्वा तङ्नाम

५.४.३ बलिहाङ तङ्नाम

**छैठौं अध्यायः माङ्सेबुङ लारूम्बा र तीर्थ पर्यटन**

६.१ पर्यटनको परिभाषा

६.२ तीर्थ पर्यटन

६.३ धार्मिक पर्यटकीय गन्तव्यस्थलको रुपमा माङ्सेबुङ लारुम्बा

६.४ माङ्सेबुङ लारुम्बासँग जोडिएका अन्य धार्मिकस्थल तथा पर्यटकीय गन्तव्यस्थलहरु

६.४.१ चुक्चिनाम्बा

६.४.२ थालाचेप्पा (माङ्मालुङ)

६.४.३ उत्तरे

६.४.४ खत्रक्पा

६.४.५ फु:ल्लुङ्गी

**सातौं अध्यायः सारांश, निष्कर्ष र सुझावहरू**

७.१ सारांश

७.२ निष्कर्ष

७.३ सुझावहरु

**विशिष्ट शब्दावली**

**सन्दर्भ ग्रन्थसूची**

**फोटोहरु**

# पहिलो अध्याय

# शोध परिचय

## १.१ पृष्ठभूमि (Background):

नेपाल क्षेत्रफलको हिसाबले सानो देशको रूपमा चिनिए पनि यहाँ भौगोलिक एवं जातीय विविधता रहेको छ । उत्तर हिमाली भेगदेखि तराईका फाँटसम्म बसोबास गरिरहेका विभिन्न जातजातिहरूको आ-आफ्नै खालको मौलिक संस्कृति, रहनसहन, भाषाशैली, भेषभूषा, धर्म, लिपि तथा लिखित वा अलिखित इतिहास रहेको पाइन्छ । यहाँको भौगोलिक परिवेशलाई अध्ययन गर्दा एउटा खास क्षेत्र वा ठाउँमा खास जातिको बाहुल्यता रहेको देखिएको छ । त्यस्ता क्षेत्रहरूमा बसोबास गर्ने जातिहरूले स्थानिय वातावरण र हावापानी सुहाउँदो संस्कृतिको विकास गरेका हुन्छन् । यी विभिन्न जातजातिसँग जोडिएका इतिहास, परम्परागत जीवनशैली र संस्कृति जस्ता पक्षहरूले सिङ्गो देशको पहिचान र गौरब राख्नमा महत्वपूर्ण भूमिका खेलेको पाइएको छ ।

नेपालका विभिन्न जातजातिहरूमध्ये प्राचीन जातिको रूपमा किरात जाति पनि पर्दछ । यो जातिको इतिहास नेपालको इतिहाससँगै जोडिएको पाइन्छ । नेपालका मङ्गोल नश्लका सम्पूर्ण जातिहरू किरात जातिभित्र पर्ने धेरै विद्धानहरूको राय रहेको पाइन्छ । आजकल किरातहरूलाई मोटामोटी रूपले राई र लिम्बू दुई भागमा विभाजित गरेर सम्बोधन गर्ने चलन छ । किरात जातिको छुट्टै भाषा, लिपि, भेषभूषा, संस्कृति र धर्म रहेको छ । किरात प्रदेशमा रहेका विभिन्न धार्मिकस्थलहरू मध्ये माङ्सेबुङ लारूम्बा पनि एउटा महत्वपूर्ण धार्मिक स्थल हो । हिन्दु तथा बौद्ध धर्मसँग सम्बन्धित विभिन्न तीर्थस्थल र धार्मिक स्थलहरू जस्तै यो धार्मिक स्थलको पनि किरात समुदायमा आफ्नै विशेषता रहेको छ । नेपालको सुदुर पूर्व इलाम जिल्लाको बाँझो गा.वि.स. वडा नं. ९ मा रहेको माङ्सेबुङ लारूम्बा सम्पूर्ण किरात धर्मावलम्बीहरूको आस्थाको केन्द्रविन्दुको रूपमा चिनिदै आएको छ । दुर्गम भेगमा रहेको माङ्सेबुङ लारूम्बा धार्मिक पर्यटकीय सम्भावना बोकेको स्थल पनि हो । किरात समुदायका समाज सुधारक एवं धार्मिक प्रणेता महागुरू फाल्गुनन्द लिङ्देन तथा वर्तमान किरात धर्मगुरू आत्मानन्द लिङ्देनसँग माङ्सेबुङ लारूम्बाको गहिरो

सम्बन्ध रहेको छ । यो धार्मिक स्थलको उत्तर दिशामा महागुरू फाल्गुनन्दको जन्मस्थल इभाङ गा.वि.स.को चुक्चिनाम्बा रहेको छ भने उत्तर-पश्चिमतिर ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको रमणीय स्थल माङ्मालुङ् र थालाचेप्पा रहेका छन् । त्यस्तै दक्षिण दिशातिर चुलाचुली चुरे पर्वत श्रृङ्खलाभित्र ऐतिहासिक अन्धा राजारानीको दरबारको अवशेष रहेको छ भने माङ्सेबुङ लारूम्बाको पूर्व दिशामा महागुरू फाल्गुनन्दले पहिलो पल्ट ज्ञान प्राप्त गर्नुभएको स्थल खत्रक्पा र धर्मगुरु आत्मानन्द लिङ्देनको तपोभूमि फुःलुङ्गी रहेको छ ।

माङ्सेबुङ लारूम्बाको इतिहास ऐतिहासिक राजा भूपति र पांबोहाङसँग पनि जोडिएको छ जुन किरात समुदायमा चर्चित लोककथाको रूपमा प्रचलित छ । यसरी वरिपरि ऐतिहासिक महत्व बोकेका स्थलहरूले घेरिएको माङ्सेबुङ लारूम्बा एउटा अग्लो डाँडामा अवस्थित पवित्र धार्मिक स्थल हो । टाढा-टाढाबाट वर्षेनी किरात धर्मावलम्बीहरू यस क्षेत्रमा भेला हुने गर्दछन् । पहाडी विकट ठाउँमा रहेको यो धार्मिकस्थलको नजिकैबाट झापाको दमकदेखि पाँचथर रबिसम्मको कच्ची सडक बाटोको निर्माण भएपछि हाल आएर यो ठाउँमा पुग्न केही सजिलो भएको छ । केही दशक अघिसम्म ओझेलमा रहेको माङ्सेबुङ लारूम्बा जिज्ञासुहरूको निम्ति चासोको विषय बनेको छ । त्यसैले यो धार्मिकस्थलको बारेमा अध्ययन अनुसन्धान गरिएको हो ।

## १.२ समस्याकथन (Statement of Problem):

नेपाल सांस्कृतिक पक्षबाट हेर्दा विभिन्नताले भरिपूर्ण देखिन्छ । विभिन्न क्षेत्रहरूमा बेग्लाबेग्लै आस्था र महत्व बोकेका धार्मिक तीर्थस्थलहरू रहेका छन् । काठमाडौं उपत्यकामा असंख्य धार्मिक स्थलहरू छरिएर रहेका छन् । यिनीहरूको आफ्नै विशेषता रहेको छ । समय, परिस्थितिको अनुकुलता एवं सुगमता र सहायक स्रोतहरूको प्राप्तिलाई ध्यानमा राखेर प्रायः शोधग्रन्थहरू तयार पारिएको पाइन्छ जसमा धेरै संख्यामा उपत्यकाभित्रका विषयबस्तुहरुको चयन गरेको पाइएको छ । कुनै पनि देशको सांस्कृतिक समुन्नता र विकासको लागि सुगम पक्षलाई मात्र ध्यान नदिएर दुर्गम क्षेत्रका विषयबस्तुहरूलाई पनि समेट्न सक्नुपर्दछ । यसो भएमा मात्र हरेक क्षेत्रका विभिन्न पक्षहरूको समानुपातिक विकास हुन सक्दछ । उपत्यकादेखि

बाहिरका धार्मिक तीर्थस्थलहरूको पनि आफ्नै महत्व र महिमा रहेको छ । लुम्बिनी, जनकपुर, बराहक्षेत्र, मुक्तिनाथ जस्ता धार्मिक तीर्थस्थलहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

माङ्सेबुङ लारूम्बा किरात धर्मावलम्बीहरूले शान्ति, अहिंसा र मानव एकताको कामना गर्दै आफ्नो आस्था अनुरूप चोखोनितो भई पूजा आराधना गर्ने पवित्र धार्मिक स्थल हो । यो धार्मिक स्थलको बारेमा हालसम्म पर्याप्त अध्ययन भएको छैन । माङ्सेबुङ लारूम्बालाई लिएर भ्रामक र अन्यौलपूर्ण समाचार कहिलेकाही आउँने भएकाले आम जनमानसमा खुल्दुली सिर्जना भएको पाइन्छ । यसकारण यस क्षेत्रसँग सम्बन्धित विषयबस्तुहरूको सही तथ्य बारेमा प्रकाश पार्नको निम्ति तलका केही बुँदाहरूलाई शोधको समस्याको रूपमा अघि सारिएको छ ।

१. माङ्सेबुङ लारूम्बाको धार्मिक महत्व के छ ?
२. किरात जाति र धर्मसँग माङ्सेबुङ लारुम्बाको सम्बन्ध कस्तो छ ?
३. माङ्सेबुङ लारूम्बा क्षेत्रको सामाजिक, सांस्कृतिक र धार्मिक पर्यटकीय पक्ष कस्तो रहेको छ ?
४. माङ्सेबुङ लारूम्बाको विकासमा के कस्ता सम्भावनाहरू रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study):

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्नु वास्तवमै गाह्रो कुरो हो । अनुसन्धानका क्रममा आइपर्ने विभिन्न समस्याहरूलाई व्यवस्थित किसिमबाट अध्ययन गर्नको लागि र त्यसबाट निष्कर्षमा पुग्नको निम्ति विशिष्ट उद्देश्यको पनि आवश्यकता पर्दछ । समस्याको समाधान निकाल्न उद्देश्य विना सम्भव नहुने भएकाले शोधको अनुसन्धानको लागि बुँदागत रूपमा निम्न उद्देश्यहरू राखिएका छन् ।

१. माङ्सेबुङ लारूम्बाको धार्मिक महत्वबारे प्रष्ट पार्ने
२. किरात धार्मिक स्थलको रूपमा माङ्सेबुङ लारूम्बालाई चिनाउँने
३. माङ्सेबुङ लारूम्बाको रूपमा सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्ने
४. माङ्सेबुङ लारूम्बामा धार्मिक तीर्थपर्यटनको सम्भावनाबारे प्रकाश पार्ने

## १.४ अध्ययनको क्षेत्र र सीमा (Scope and Limitation of the Study):

यो शोधको शीर्षक एउटा खास धार्मिक स्थललाई मात्र मध्यनजर गरेर राखिएको छ । माङ्सेबुङ लारूम्बाको बारेमा अध्ययन गर्ने क्रममा सम्वन्धित भएर आउँने अन्य विषयबस्तुहरूको आवश्यकता अनुसार संक्षिप्तमा चर्चा गरिएको छ । अनुसन्धानका क्रममा समस्यासँग सम्बन्धित भएर आएका अन्य प्रसङ्गहरूलाई पनि समय र परिस्थितिको सिमितततालाई मध्यनजर गर्दै अति आवश्यक पक्षलाई मात्र यहाँ चर्चा गरिएको छ । यस क्षेत्रलाई एउटा धार्मिक स्थलको रूपमा चिनाउँनको लागि प्रस्तावनामा राखिएका समस्याहरूको Surface Level (सतही) मा अध्ययन गरी उद्देश्य प्राप्ति गर्ने प्रयास गरिएको छ । एक्कैचोटि र छोटो समयमा सबै पक्षको गहिरो अध्ययन गर्न सम्भव नहुने भएकोले सिमित विषयभित्र मात्र केन्द्रित भएर समस्याको समाधान खोज्ने प्रयास गरिएको छ । शोध अध्ययनका विषयबस्तुहरूको पनि विस्तृत रूपमा नभई संक्षिप्तमा चर्चा गरिएको छ ।

## १.५ अध्ययनको महत्व र औचित्य (Importance and Justification of the Study):

किरात जाति नेपालको प्राचीन जाति भएका हुनाले यो जातिसँग सम्बन्धित धार्मिक स्थल माङ्सेबुङ लारूम्बाको अध्ययन अनुसन्धानबाट प्राप्त हुने जानकारीले महत्वपूर्ण विषयहरू सबै सामु ल्याउँने विश्वास गरिएको छ । किरात धार्मिक क्षेत्रहरूको बारेमा हालसम्म व्यापक अध्ययन नभएकाले यो शोधले एउटा नौलो विषयको बोध गराई पछि आउँने शोधार्थीहरूलाई पनि यस क्षेत्रको थप अध्ययन अनुसन्धान गर्नमा प्रेरणा दिनेछ । कुनै पनि संस्कृति गतिशील भएकाले समयसँगै परिवर्तन हुँदै जाने यथार्थलाई यो शोधले माङ्सेबुङ लारूम्बा क्षेत्रको सामाजिक र सांस्कृतिक पक्षको अध्ययनबाट प्रष्ट पार्ने कोशिश गरिएको छ । नेपाल लगायत भारतको आसाम, सिक्किम, दार्जिलिङ तथा भुटान र बर्माबाट समेत बर्षेनी हजारौंको संख्यामा मानिसहरू यस धार्मिक स्थलमा आउँने भएकाले आन्तरिक तथा बाह्य पर्यटकीय गतिविधिको सम्भावना आगामी दिनमा अझ बढेर जाने देखिन्छ । यो धार्मिक स्थलको शोधबाट एउटा नयाँ धार्मिक पर्यटकीय सम्भावना बोकेको क्षेत्रको चिनारी हुन जाने कुरामा विश्वस्त हुन सकिन्छ । त्यसैले यो शोध महत्वपूर्ण

छ । हालसम्म जानकारीमा आउन नसकेका यस क्षेत्रका कतिपय विषयवस्तुहरू शोधको माध्यमबाट प्रकाशमा आउने भएबाट यो शोधको महत्व र औचित्य रहेको छ ।

### १.६ पूर्व साहित्य समिक्षा (Review of Literatures):

किरात जातिको बारेमा लेखिएका पुस्तकहरू निकै बढि सँख्यामा पाइन्छन् तर संक्षिप्तमा मात्र जानकारी दिइएको हुनाले धेरै पक्ष ओझेलमै परेका छन् । किरात धार्मिक स्थलहरू पूर्वका विभिन्न क्षेत्रमा रहेका छन् तर तिनीहरूको हालसम्म कुनै अध्ययन अनुसन्धान भएको पाइँदैन । माङ्सेबुङ लारूम्बाको बारेमा छिटफुट स-साना पुस्तक र पत्रपत्रिकाहरूमा लेखिएको बाहेक शोधग्रन्थहरू हालसम्म प्रकाशित भएका छैनन् । यो धार्मिक क्षेत्रसँग सम्बन्धित भएर आउने किरात मुन्धुम, किरात धर्म र किरात धर्मगुरूहरूको विषयमा लेखिएका पुस्तक तथा पत्रपत्रिकाहरू केही सँख्यामा स्थानिय क्षेत्रबाट प्रकाशित भएका पाइन्छन् । तिनै पुस्तक र पत्रपत्रिकाहरूमध्ये शोधलाई अघि बढाउँन सहयोग गर्ने केही पुस्तक तथा पत्रिकाहरूको संक्षिप्तमा यहाँ चर्चा गरिएको छ ।

**क. चेम्जोङ, इमानसिंह (२०५८, तेस्रो संस्करण), किरात मुन्धुम (किरात वेद)ः**

यो पुस्तक पहिलो पल्ट वि.सं. २०१८ सालमा प्रकाशित भएको थियो । हाल आएर किरात लिम्बूहरूको एउटा साझा संस्था किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्यालय, महालक्ष्मीस्थानबाट तेस्रो संस्करणको रूपमा निकालिएको छ । किरात जातिको इतिहास, धर्म, भाषा, लिपि र संस्कृति सम्बन्धी इमानसिंह चेम्जोङले यो पुस्तकमा मुन्धुममा वर्णित सृष्टिको रचनादेखि लिएर भक्ति प्रार्थनासम्मका विषयबस्तुहरू समेटेका छन् । उनले किरात लिपिमा लेखिएको २५ हात लामो बेरूवा पुस्तकलाई नेपाली भाषामा उल्था गरेर छापेका छन् । यो पुस्तकबाट किरात प्रथम पुरूष (समाज सुधारक) येहाङको व्यवस्था बारेमा विस्तृत जानकारी पाउँन सकिन्छ जुन शोधको अध्ययनको लागि सहायक रहेको छ ।

**ख. चेम्जोङ, इमानसिंह (२०५८, तेस्रो संस्करण), किरात मुन्धुम खाहुन (शिक्षा):**

इमानसिंह चेम्जोङद्वारा वि.सं. २०२२ सालमा पहिलोपल्ट संकलन गरि प्रकाशन गरिएको पुस्तक 'किरात मुन्धुम खाहुन' पनि एउटा महत्वपूर्ण पुस्तक हो । यसबाट किरातहरूको इतिहास खोतल्न र किरात जातिको कुनै पनि पक्षको अध्ययन गर्नु अघि एकपल्ट यो पुस्तकलाई पल्टाएर हेरेमा यसबाट धेरै कुराको ज्ञान हासिल गर्न सकिन्छ । यो पुस्तकमा किरातहरूको अध्यात्मिक पक्षका साथै संस्कृति, सभ्यता र किरात मुन्धुमको बारेमा चर्चा गरेको पाइन्छ । आंशिक मात्रामा यो पुस्तक शोधको सहायक हुन सक्छ तर शोधको विषयको दृष्टिकोणले पूर्ण भने छैन ।

**ग. काइँला, वैरागी (२०६०), चुइःत मुन्धुम (सृष्टि वर्णन):**

लेखक तथा वरिष्ठ साहित्यकार वैरागी काइँलाद्वारा संकलन गरि सम्पादन गरिएको यो पुस्तकमा मुन्धुमको बारेमा चर्चा गरिएको छ । किरात जातिको सामाजिक, सांस्कृतिक, नैतिक, धार्मिक र अन्य विविध पक्षहरूको बारेमा यो पुस्तकमा चर्चा गरिएको छ । यो पुस्तकभित्र मुख्य गरेर सृष्टिको वर्णनदेखि वनजङ्गल, जलचर, कीटपतङ्ग, पशुपन्छी, मनुष्यको सृष्टि आदि विषयवस्तुहरूको व्याख्या गरिएको छ । किरातहरूको वेद मानिने मुन्धुमका कुराहरू यो पुस्तकमा भएकाले शोधको लागि सहायक हुन सक्ने देखिन्छ ।

**घ. याक्थुङ्बा, सिक्कुम्दाङ (२०६०), मुहिगुम अङ्सीमाङ फाल्गुनन्द, जीवन प्रसङ, सत्य धर्म मुचुल्का र धर्मोपदेश:**

यो पुस्तक लेखक तथा संकलक सिक्कुम्दाङ याक्थुङ्बा (बुद्ध नेम्बाङ) द्वारा लेखिएको हो । यस पुस्तकभित्र किरात समुदायमा आमुल परिवर्तन ल्याएर सत्यहाङ्मा, महागुरू, तपस्वी, महात्मा, समाज सुधारक, धर्म प्रचारक, मुहिगुम अङ्सीमाङ जस्ता विभिन्न उपनाम पाएका महागुरू फाल्गुनन्दको जीवन प्रसङ्ग अन्तर्गत घटेका रमाइला र आश्चर्यजनक घटनाहरू, समाज सुधारको लागि तयार पारिएको सत्यधर्म मुचुल्काको चर्चा गर्नुका साथै महागुरू फाल्गुनन्दले आफ्नो

जीवनकालमा विभिन्न समय र ठाउँमा दिनुभएको धर्मोपदेशहरूलाई समेटिएको छ । शोध अध्ययनको क्रममा यस पुस्तकले केही सहयोग पुऱ्याउँने देखिन्छ ।

**ङ. चोङबाङ, हरि (२०५२), किरात ऐतिहासिक दर्पण, भाग-१ः**

यो पुस्तकमा लेखक हरि चोङबाङले किरात धर्मको प्रारम्भिक चरणका साथै किरात जातिसँग गासिएर आउँने सभ्यता, मुन्धुम, धर्मदर्शन आदिका बारेमा विस्तृत चर्चा गरेका छन् । उनको यो पुस्तक निकै महत्वपूर्ण देखिन्छ । किरातहरूको प्राचीन समयदेखि वर्तमान अवस्थासम्मको पनि यसमा व्याख्या गरिएको छ । किरात समुदायलाई विकृति र विसंगतिबाट मुक्त गर्नको निम्ति किरात कुलमा समय-समयमा जन्म लिने महात्माज्ञानी पुरूषहरूको बारेमा स्पष्ट व्याख्या येहाङको आठ विधाभित्र भएको उल्लेख यस पुस्तकमा पाइन्छ । यसबाट महागुरू फाल्गुनन्दको समाज सुधारको पक्षलाई व्याख्या गर्न सजिलो हुने देखिन्छ ।

**च. सेर्मा, चन्द्रकुमार (२०५८), फक्ताङलुङ महादर्शनः**

यो पुस्तक किरातहरूको मुख्य तीर्थस्थल फक्ताङलुङ (कुम्भकर्ण) को तीर्थयात्राको अनुभवलाई सँगालेर संस्मरणको रूपमा तयार पारिएको पुस्तक हो । यसभित्र हिमाली भेगका अनुपम सौन्दर्यले सु-सज्जित आश्चर्यजनक पोखरीहरू, हिमाली फाँट र कन्दराका साथै प्राकृतिक सुन्दरताले भरिपूर्ण स्थलहरूको बारेमा रोचक तरिकाले व्याख्या गरिएको छ । यसका साथै किरात धर्मका महागुरू फाल्गुनन्दको फक्ताङलुङ तीर्थयात्राका समयमा घटेका घटनाहरूलाई स्मरण गर्दै नेपालको सूदुर पूर्वी हिमाली भेगका विभिन्न ठाउँमा रहेका धार्मिक स्थल र मन्दिरहरू एवं प्राचीन श्रुति बोकेका ओडार र गुफाहरूको पनि उल्लेख गरिएको छ । स्थानीय ठाउँमा आफ्नै महत्व बोकेका रोचक स्थलहरूको बारेमा जान्न यस पुस्तकले सहयोग पुऱ्याए पनि शोधको विषयको लागि भने पुस्तक सामान्य सहयोगी रहेको छ ।

**छ. माखिम, एम.बी (२०५७ माघ), लारुम्बा, भूपति चरा र जलथलहरुको नामाकरण, चौमासिक किरात चेली, वर्ष १ अंक १, पृष्ठ ३७-४४ः**

चौमासिक पत्रिका किरात चेलीमा साभार गरेर राखिएको एम.बी. माखिमको यो लेखमा लारूम्बा नामको बारेमा एउटा रोचक कथाको उल्लेख गरिएको छ । यो लेखमा धेरै वर्षअघि त्यस क्षेत्र आसपास राज्य गर्ने भूपति राजा र उनको छोरीज्वाई पांबोहाङको कथा छ । राजा भूपति आफ्नो ज्वाई पांबोहाङको राज्यतिर जाँदै गरेको बेला कोदोको बालामा खुट्टा अल्झेर लड्न पुग्दा अचानक उनको मुखबाट 'लाङुम' शब्द निस्केको र त्यही शब्द अपभ्रंस हुँदै लाङुम्बाबाट लारूम्बा बन्न पुगेको प्रसङ्ग पनि यो लेखमा छ । कथा रोचक भएपनि कति वर्ष पुरानो हो र कतिको प्रामाणिक छ भन्ने कुरामा भने लेखकले उल्लेख गरेका छैनन् । तर पनि शोध अध्ययनको लागि यो लेख सहायक हुने देखिन्छ ।

**ज. सेर्मा, चन्द्रकुमार (२०५८ मंसिर), माङसेबुङको सेरोफेरो, चौमासिक माङ्सेबुङ सन्देश, वर्ष १, अंक २, पृष्ठ ३-५ः**

लेखक चन्द्रकुमार सेर्माद्वारा लिखित यस लेखमा माङ्सेबुङ नाम कसरी रहन गयो र यसको पहिलेको अवस्था कस्तो थियो भन्ने बारेमा छोटकरीमा उल्लेख गरिएको छ । धार्मिक स्थल माङ्सेबुङको हालको अवस्थाका साथै वरिपरिका ऐतिहासिक महत्व बोकेका ठाउँहरूको बारेमा पनि यो लेखमा उल्लेख गरिएको छ । यसबाट माङ्सेबुङ सम्बन्धी केही महत्वपूर्ण पक्षहरूको छोटकरी जानकारी पाउँन सकिने देखिन्छ । यस लेखले शोधलाई केही मात्रामा सहयोग पुऱ्याउँने आशा राख्न सकिन्छ ।

## १.७ अध्ययनको पद्धति (Methodology of the Study):

कुनै पनि सोधको अध्ययन अनुसन्धान गर्नको निम्ति विषयको प्रकृतिलाई हेरेर विभिन्न किसिमका अनुसन्धान पद्धतिहरू अपनाउँन सकिन्छ । 'ऐतिहासिक परिप्रेक्ष्यमा किरात धर्म, धर्मगुरु तथा धार्मिक स्थल माङ्सेबुङ लारूम्बा' शिर्षक शोधकार्यको अध्ययनको लागि पुस्तकालय अध्ययनले मात्र सम्भव नहुने भएकोले स्थलगत अध्ययन पनि गरिएको छ । तथ्याङ्क संकलनको सिलसिलामा प्राप्त

तथ्याङ्कहरुलाई वर्णन मात्र गरेर वर्णात्मक अनुसन्धान ढाँचा (Descriptive research design) लाई अपनाइएको छ भने अनुसन्धानका क्रममा तथ्याङ्क संकलन गर्न प्राथमिक स्रोत (Primary sources) र सहायक स्रोत (Secondary Sources) दुवैको प्रयोग गरिएको छ ।

### १.७.१ प्राथमिक स्रोतहरु (Primary Sources):

कुनै पनि शोधको अध्ययन अनुसन्धान गर्नको लागि प्रथमपल्ट उपलब्ध हुने प्राथमिक स्रोतहरूले महत्वपूर्ण तथ्याङ्क संकलन गर्नमा सहयोग पुऱ्याएका हुन्छन् । त्यसैले सामाजिक अनुसन्धानमा प्राथमिक स्रोतहरुको अध्ययन गर्न आवश्यक छ । यो शोधको विषयबस्तुको प्रकृति अनुसार प्राथमिक स्रोत अन्तर्गत निम्न विधिहरु अपनाइएका छन्:

**क) प्रत्यक्ष अवलोकनः**

माङ्सेबुङ लारूम्बाको विषयसँग सम्बन्धित ऐतिहासिक ठाँउ तथा त्यहाँको सामाजिक, सांस्कृतिक पक्षहरूको बारेमा आफै सहभागी भई प्रत्यक्ष अवलोकन गरिएको छ । मुख्यतः प्रत्यक्ष अवलोकन विधि अन्तर्गत सहभागीमुलक अवलोकन गरी निष्पक्ष अनुसन्धान गर्ने र स्रोत जुटाउँने प्रयास यसबाट भएको छ भने असहभागीमुलक अवलोकनको माध्यमबाट प्रत्यक्ष रूपमा संलग्न नभई पनि प्राथमिक स्रोतहरूको संकलन गरिएको छ ।

**ख) प्रत्यक्ष अन्तर्वार्ताः**

प्राथमिक तथ्याङ्कहरू संकलन गर्ने विभिन्न विधिहरूमध्ये अन्तवार्ता पनि एक प्रमुख विधि हो । प्रत्यक्ष अन्तवार्ता विधिको माध्यमबाट माङ्सेबुङ लारूम्बामा रहेका जानकार व्यक्तिहरू तथा विभिन्न संघ संस्थाका प्रमुख व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । किरात मुन्धुम, धर्म र धार्मिक स्थलको बारेमा आधारित भएर औपचारिक अन्तर्वार्ता र अनौपचारिक अन्तर्वार्ता दुबै प्रयोग गरी विभिन्न व्यक्तिहरुसँग अन्तर्वार्ता लिइएको छ । औपचारिक अन्तर्वार्ताको माध्यमबाट शोध विषयमा विज्ञ व्यक्तिहरुसँग निश्चित समय मिलाएर लिखित रुपमा तयार पारिएका

प्रश्नहरु सोधी तथ्याङ्क संकलन गरिएको छ जसबाट शोधको उद्धेश्य प्राप्त गर्न सजिलो भयो भने अध्ययन अवलोकनका क्रममा अध्ययन क्षेत्रमा भेटिएका स्थानीय व्यक्तिहरुसँग सो क्षेत्रको बारेमा जानकारी लिनको लागि अनौपचारिक अन्तर्वार्ता लिइएको छ ।

### १.७.२ सहायक स्रोतहरु (Secondary Sources):

कुनै पनि शोधको अनुसन्धान प्रकृयाका निम्ति तथ्याङ्क संकलन गर्ने क्रममा सहायक स्रोतहरूले पनि महत्वपूर्ण भुमिका खेलेका हुन्छन् । अनुसन्धानका क्रममा पहिले अरूद्वारा गरी सकिएका अनुसन्धान तथा त्यसका लिखित टिका-टिप्पणीहरु सहायक स्रोत हुने गर्दछन् । सहायक तथ्याङ्क संकलन गर्नको निम्ति ऐतिहासिक दस्तावेजहरू, व्यक्तिगत जीवनगाथा, स्मरणहरू, पुस्तक, स्मारिका, प्रतिवेदन, पत्रपत्रिकाहरू आदिको मद्दत लिइएको छ । यसका साथै शोधलाई अझ प्रामाणिक बनाउन सम्भव भएसम्म सो स्थलसँग सम्बन्धित नक्सा र फोटोहरुलाई पनि समावेश गरिएको छ ।

# दोस्रो अध्याय

# अनुसन्धान क्षेत्रको परिचय

## २.१ भौगोलिक परिचयः

नेपालको भौगोलिक अवस्था एकैनासको छैन । अग्ला-अग्ला हिमालयदेखि पहाड, खोँच, बेंसी हुँदै समथर भूमिसम्म यहाँको भूगोल पर्दछ । भौगोलिक विविधताले गर्दा हावापानीमा पनि फरक पाइन्छ । यस्तै विविधताले युक्त इलाम जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मेची अञ्चलमा पर्दछ । इलामलाई प्राकृतिक सौन्दर्यले भरिपूर्ण रमणीय स्थलको रुपमा सम्झने गरिन्छ । यहाँ प्राकृतिक सुन्दरताका अलावा अन्य थुप्रै विशेषताहरु छन् ।

भौगोलिक परिवेशमा हेर्दा यो जिल्ला २६˚ ४०' देखि २७˚ ८' सम्म उत्तरी अक्षांसमा र ८७˚ ४०' देखि ८८˚ १०' डिग्रीसम्म पूर्वी देशान्तरमा पर्दछ ।[१] यो जिल्लाका सिमानाहरु पूर्वमा भारतको दार्जिलिङ, पश्चिममा मोरङ र पाँचथर जिल्ला, उत्तरमा पाँचथर जिल्ला तथा दक्षिणमा झापा जिल्ला रहेका छन् भने कूल क्षेत्रफल १७०३ वर्ग किलोमिटर रहेको छ ।[२] इलाम जिल्लामा एउटा नगरपालिका र ४८ वटा गा.वि.स.हरु रहेका छन् ।[३] ती मध्येको एउटा गा.वि.स. बाँझो पनि हो । जिल्ला सदरमुकामबाट १५ कोषको दुरीमा अवस्थित बाँझो गा.वि.स.को क्षेत्रफल ५८.१६ वर्ग किलोमिटर छ ।[४] यो गा.वि.स.मा विभिन्न जातजातिहरुको बसोबास रहेको पाइन्छ । जम्मा ७,३२४ जनसंख्या मध्ये राई-४७३३, लिम्बू-१९०५, बाहुन-२१, क्षेत्री-१९१, तामाङ-१५, दलित-२९२, मगर-७९, नेवार-१५, गुरुङ-५, शेर्पा-१७, सुनुवार-१५२, सन्यासी-२३ र अन्य ७० जना रहेका छन् ।[५]

बाँझो गा.वि.स.ले मूलतः पहाडी भू-भागलाई समेटेको छ । वडा नं. ९ मा अवस्थित माङ्सेबुङ लारुम्बा बाँझो गा.वि.स. को एउटा महत्वपूर्ण धार्मिक क्षेत्र हो जुन विगत केही दशक यता किरात धर्मावलम्बीहरुको आस्थाको केन्द्रविन्दुको रुपमा परिचित हुँदै आएको छ ।[६] माङ्सेबुङ लारुम्बा दमक शहरदेखि १४ किलोमिटरको रतुवा खोला पार गर्दै घर्ती

---

[१] जाँचबुझ केन्द्र, *मेचीदेखि महाकाली, भाग-१,* (काठमाडौं: श्री ५ को सरकार संचार मन्त्रालय सूचना विभाग, २०३१), पृ. १४७

[२] *इलामको चिनारी,* जिल्ला विकास समिति, सूचना तथा अभिलेख केन्द्र, (२०६०), पृ. २

[३] उही,

[४] उही, पृ. ८

[५] जानजाति जनसंख्या विवरण, *जिल्लाका गा.वि.स. स्तरीय तथ्यांक र नक्शाहरु,* (काठमाडौं: राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१)

[६] सेर्मा साम्जिरी सेमी, *किरात धर्मको सर्वोच्छ स्थल माङसेबुङ संक्षिप्त चिनारी,* माङसेबुङ सन्देश, वर्ष-१, अंक-१, (२०५९,) पृ. १

दोभानमा पुगेर तीन किलोमिटर दुरीको उकालो उक्लेपछि पुग्न सकिन्छ ।[७] साथै वालिङ भञ्ज्याङलाई धार्मिक स्थलको मुख्य प्रवेश मार्गको रुपमा लिन सकिन्छ । हाल आएर दमकदेखि पाँचथर रविसम्मको कच्ची सडक बाटोको निर्माण भएपछि पैदल हिड्ने कतिपय गोरेटो बाटोहरुको प्रयोग हुन छाडेको छ ।[८] माङ्सेबुङ लारुम्बा एउटा स्वतन्त्र (छुट्टै) थुम्काको वरिपरि वस्तीको विकास भएर बनेको रमणीय र प्राकृतिक विविधताले भरिपूर्ण स्थल हो । यस थुम्काको जम्मा ८ पाटा रहेका छन् ।[९] हरेक पाटामा अलग अलग किसिमको हावापानी र मौसम भएको पाइन्छ ।[१०] स्थानीय बासिन्दाहरुले हरेक पाटाको नाम राखिदिएको छन् । जसअनुसार मुख्य चार पाटाहरु मध्ये पूर्व पाटो खार्मिले, पश्चिम पाटो पिपलबोटे, उत्तर पाटो मान्द्रे डाँडा र दक्षिण पाटो चिउरीबोटे भनेर चिनिन्छ । त्यस्तै अन्य चार शाखा पाटाहरुमा उत्तरपूर्व पाटो-दुम्से, पूर्वदक्षिण पाटो - बलधोजे डाँडा, पश्चिमदक्षिण पाटो-कुवापानी र उत्तरपश्चिम पाटोको नाम देवीथाने रहेको छ ।[११] यो डाँडाको पश्चिम किनारा कुसुण्डे, पर्यटकीय स्थल माङमालुङ र थालाचेप्पा (बिजुवानी डाँडा) जस्ता ठाउँहरु ऐतिहासिक ठाउँहरुले  घेरिएको छ भने पूर्वमा माई, देवमाई र कनकाई खोलाहरूले घेरिएको छ । उत्तरी क्षेत्रमा सानो मेक्वाखोला बगेको छ । दक्षिणतिर चुरे पर्वतहरुको सुन्दर श्रृङ्खला चुलाचुलीको मनोरम दृश्य देख्न सकिन्छ ।[१२] यही थुम्काको पूर्वी एक पाटामा गुरु आश्रम रहेको छ र पश्चिम पाटामा किरात हाङ्साम मुजोत्लुङ माङ्हिम अवस्थित छ । यस धार्मिक स्थलमा बाक्लो बस्तीको विकास भइरहेको देखिन्छ । विगत केही वर्ष यता देशमा चर्केको अशान्त वातावरणको कारण पूर्वाञ्चलका विभिन्न जिल्लाहरुबाट विस्थापित भएर धार्मिक शरणमा आउने मानिसहरुको चापले गर्दा नयाँ-नयाँ बस्तीको विकास तीव्र गतिमा भइरहेको पाइन्छ । भञ्ज्याङ, सेनेला, मिक्तोक्ला, लासिङ्बुङ, तेङ्गोबुङ जस्ता टोलका नामहरु नयाँ बस्ती बसेपछि राखिएका हुन् जहाँ निकै बाक्लो बस्ती रहेको छ । माङ्सेबुङ लारुम्बा परिसरमा जनघनत्व दिनानुदिन बढ्दै गएकोले त्यहाँको प्राकृतिक स्वरुपमा तीब्र गतिमा परिवर्तन भइरहेको छ । वनजङ्गलको फडानी गरेर खेतीपाती लाउने क्रम बढिरहेको देखिन्छ ।[१४] यस क्षेत्रलाई नेपाल सरकार केन्द्रीय आर्थिक बजेट तथा ग्रामिण बस्ती उपभोक्ताहरुको सक्रियतामा निर्मित करिव ४७ कि.मी. लामो कच्ची बाटो (दमक-रबि)

---

[७] चन्द्रकुमार साँबा, *माङसेबुङ बजार व्यवस्थापन समिति एक झलक*, किरात नाम्साङ मासिक, वर्ष-१ अंक-३, (२०६२), पृ.४
[८] स्थलगत अध्ययन, २०६३
[९] चन्द्रकुमार सेर्मा, *माङसेबुङको सेरोफेरो,* माङसेबुङ सन्देश, वर्ष-२, अंक-२, (२०५९), पृ.३
[१०] स्थलगत अध्ययन, २०६३
[११] *अन्तर्वार्ता,* केहेरसिंह योङहाङ र पृथ्वीसिं साँबा (अध्यक्ष र कोषाध्यक्ष, किरात चोलुङ अङ्सी माङगेन्ना सेवा), २०६३
[१२] सेर्मा, पूर्ववत् नं. (९), पृ.३
[१४] स्थलगत अध्ययन, २०६३

फाल्गुनन्द मार्गले छोएको छ जसले गर्दा यस धार्मिक स्थलको जनजीवन केही सुगम भएको छ ।[१५] त्यस्तै मुजोत्लुङ हाङ्साम माङ्हिम परिसर हुँदै साँढे पाँच किलो मिटरको चक्रपथ वि.सं. २०५८ मा थालनी गरेर २०६१ सालमा सम्पन्न गरिएको छ । डाँडाको वरिपरि २० फिट फराकिलो घेरामा मोटर कुद्ने बाटोको निर्माण कार्यमा भक्तजनहरुले लाखौं जनश्रमदान गरेका छन् भने बाटोको निर्माण कार्य सम्पन्न गर्नको निमित्त जिल्ला विकास समिति इलामले पनि केही रकम सहयोग गरेको छ ।[१६]

प्राकृतिक विषमतापूर्ण यो धार्मिक स्थल क्षेत्र वरपर लेकतिर पाइने वनस्पतिका साथै भित्री मधेशमा पाइने रुखबिरुवाहरु समेत पाइन्छन् । खास गरी वनस्पतिहरुमा साल, वर, पिपल, चिलाउने, बास, गुजेत्रो, सिमल, जमुना, अमला, ताड, सन्धान, काभ्रो, लामपाते, करम, हर्रा, बर्रा, टाकी, दुधिलो आदि पाइन्छ भने अन्नबालीहरुमा मकै, कोदो, दाल, सुठुनी, पिडालु, सिमि, भटमास, बोडी, सागपात, धान, सिमल तरुल आदि उब्जाइएको पाइन्छ । नगदे बालीहरुमा अम्लिसो, अदुवा आदि रोपेको देखिन्छ । त्यस्तै गरी यस क्षेत्रमा पाइने घर पालुवा जनावरहरुमा गाई, गोरु, बाख्रा, भैसी प्रमुख रहेका छन् ।

माङ्सेबुङ लारुम्बाको भू-बनोट एकैनासको पाइदैन । डाँडाको वरिपरि अलग अलग किसिमको हावापानी पाइन्छ । उत्तर दिशातिर प्रायः घामको किरण नपर्ने भएकाले लेकाली मौसम र ओसिलो माटो पाइन्छ भने दक्षिणी भागमा असाध्यै सुक्खा माटोको साथै बढी हावा चल्ने गर्दछ र गर्मी मौसम पाइन्छ । पूर्व र पश्चिम क्षेत्रमा साधारण मौसम पाइन्छ ।[१७] मौसम अनुकुल उम्रने झारपात, रुख बिरुवाहरु थोरै दुरीमा पनि भिन्नै खालका भेटिन्छन् जुन यो ठाउँको विशेषता हो । यो धार्मिक स्थल २६˚ ४६' उत्तरी अंक्षास र ८७˚४५' पूर्व देशान्तरमा अवस्थित छ । यहाँ गृष्म ऋृतुमा २०० से.मी. सम्म वर्षा हुने गरेको छ । गर्मी याममा ३०˚ सेल्सियस तथा जाडोमा १०˚ सेल्सियस सम्मको तापक्रम रहने गर्दछ । यो क्षेत्र मध्य पहाडको महाभारत बेसीमा पर्ने चुरे पहाडको उत्तरको उपोष्ण क्षेत्र हो जहाँ मनसुनी हावापानी पाइन्छ । करिव १,२५० मिटरको उचाईमा रहेको माङ्सेबुङ लारुम्बाको क्षेत्रफल लगभग चार वर्ग कि.मि. रहेको छ ।[१८]

---

[१५] के.बी. रुन्छेन्बुङ, *माङसेबुङ अवस्थित फाल्गुनन्द सडक बिस्तार* (माङसेबुङ सन्देश, वर्ष-२, अंक-१, (२०६०), पृ.२७

[१६] *सम्पादकीय,* सामुदायिक खबर पत्रिका, वर्ष-१, अंक-३, पूर्णाङ्क-३, (२०६२), पृ.२

[१७] योङहाङ, *अन्तर्वार्ता,* पृ.११

[१८] *अन्तर्वार्ता,* युद्धप्रसाद लामिछाने, पूर्व भूगोल शिक्षक, वर्ष-५०, धरमपुर झापा, २०६३

## २.२ ऐतिहासिक पृष्ठभूमिः

महापुरुषहरुको पावन जन्मभूमि भनेर चिनिने इलाम जिल्लाको सुदुरपश्चिमी भेगमा अवस्थित माङ्सेबुङ लारुम्बा धार्मिक, सामाजिक विकासको दृष्टिकोणले अत्यन्तै महत्व राख्दछ ।[१९] यो स्थलको वरपरका क्षेत्रहरुको पनि आफ्नै किसिमको महत्व रहेको छ । माङ्सेबुङ लारुम्बाको आसपासका मझुवा, खलङ्गे, आदिपुर, लामिटार आदि गाउँहरुमा योङ्हाङ, साँबा र राईहरुको बसोबास रहेको छ । यो क्षेत्रमा सबभन्दा पहिला साँबा थरका लिम्बूहरु आएर बसोबास गरे (१३ पुस्ता) । त्यसपछि योङ्हाङ लिम्बूहरुले बस्ती बसाए र राईहरुलाई पनि एउटा पूर्ण सामाजिक वातावरणको विकास गर्नको निम्ति रैतीको रुपमा साँबाहरुद्वारा राखियो ।[२०] यो जातिहरु शुरुमा ज्वाईचेलाको नाताबाट किपट पाएर बस्न थालेका थिए र पछिबाट अन्य जातजातिहरुले पनि बस्ती बसाए ।[२१]

२०३४ साल अगाडि माङ्सेबुङ लारुम्बा क्षेत्र वरपर घनघोर जङ्गल र पातलो बस्ती थियो ।[२२] माथिल्लो डाँडाको नाम बोक्सी थुम्का भनेर पहिले प्रसिद्ध थियो जसको टुप्पोमा आहाल थियो । वन्यजन्तुहरु आहालमा आएर पानी पिउने गर्दथे । त्यस क्षेत्रको आसपास बसोबास गर्ने स्थानीय बासिन्दाहरु हरेक वर्ष माथिल्लो डाँडामा भेला भएर न्वाङ्गी (याक्वा) पूजा गर्ने गर्दथे ।[२३] माङ्सेबुङ लारुम्बाको नामबाट यो ठाउँ चर्चित हुनु अघिसम्म यो स्थल एउटा अज्ञात महत्व बोकेको अनकन्टार ठाउँ थियो । डाँडाको माथिल्लो भाग कुहिरोले कहिल्यै छोड्दैनथ्यो । त्यस ठाउँलाई देवस्थलको रुपमा पुज्ने गरिन्थ्यो । टुप्पोमा जो कोही जान सक्तैनथे ।त्यहाँ एक किसिमको झार हुन्थ्यो जसको प्रभावले गर्दा बाटो भुलेर घण्टौं मान्छेहरु अल्मलिने गर्दथे । घाम लाग्ने पानी पर्ने वा ठूलाठूला प्राकृतिक प्रकोपको पूर्व संकेत स्वरुप डाँडामा विभिन्न बाजागाजा, तोप आदि बजेको प्रत्यक्ष सुनिन्थ्यो ।[२४]

परम्परा अनुसार सांकेतिक डाँडाको रुपमा बोक्सी थुम्कोलाई लिएको पाइन्छ । यो थुम्को वरिपरि पहिले घना जङ्गल थियो त्यसको छेउछाउमा बसोबास गर्ने बित्तिकै जोसुकै पनि विदूर (श्रीमतीको मृत्यु भइहाल्ने) हुने भएकाले हतपत्त कोही पनि स्थायी बसोबास गर्दैनथे ।[२५] डाँडाको  पहिलेबाट नै दैवीय विशेषताले युक्त भएको हुन सक्ने स्थानीयहरुको

---

[१९] *सम्पादकीय,* किरात नाम्साङ मासिक, वर्ष -१, अंक -५, पूर्णाङ्क -५, (२०६१), पृ.-२
[२०] *अन्तर्वार्ता, पूर्णवत्* नं. (११)
[२१] *उही,*
[२२] सेर्मा, *पूर्ववत्* नं. (९)
[२३] *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)
[२४] *अन्तर्वार्ता, पूर्ववत* नं. (११)
[२५] *उही,*

भनाई रहेको छ ।[२६] प्राकृतिक रुपमा अवलोकन गर्दा यस थुम्काको चारैदिशा एक-एक वटा ठूला पाटा निस्केको देखिन्छ । माथिल्लो स्थानबाट तलतिर हेर्दा देखिने सुन्दर दृश्यले जो कोहीलाई पनि लोभ्याउँदछ ।[२७] यसरी एउटा बेग्लै महत्व बोकेको डाँडा बोक्सी थुम्का जनसंख्या बृद्धिको चाप सँगसँगै बिस्तारै एउटा नाङ्गो डाँडाको रुपमा बदलिदै गयो । जंगल फडानी गर्ने कार्यले गर्दा हिजोआज यो डाँडाको थोरै भागमा मात्र फाटफुट रुखबिरुवाहरु बाँकी रहेका छन् र डाँडामा रहेको आहाल पनि सुकिसकेको छ ।

स्थानीय लोककथा अनुसार माङ्सेबुङ लारुम्बा कुनै समय एउटा महत्वपूर्ण मार्गको रुपमा रहेको हुन सक्दछ ।[२८] यस क्षेत्रको आसपासका ऐतिहासिक पृष्ठभूमि भएका ठाउँहरु कुसुण्डे, अन्धा राजारानीको दरबार भएको ठाउँ र मैनाचुली आजसम्म पनि पुरातात्विक अवशेषका रुपमा रहेका छन् ।[२९] त्यस्तै गरेर संस्कारहीन भएर आफ्नो अस्तित्व गुमाइसकेका किरात जातिहरुलाई सुधारको मार्गमा ल्याएर धार्मिक उत्थान कार्यमा आजीवन समर्पित महागुरु फाल्गुनन्द लिङदेनको जन्मभूमि तथा ज्ञान प्राप्त भूमि (तपोभूमि) पनि माङ्सेबुङ लारुम्बाबाट निकै नजिकको दुरीमा रहेका छन् । यी ठाउँहरुले पनि यो क्षेत्रको ऐतिहासिक महत्व बढाउँनमा सहयोगी भूमिका खेलेको देखिन्छ ।[३०]

वि.सं. २०३४ सालमा धर्मगुरु अङ्सीमाङ आत्मानन्द लिङ्देन तथा अङ्सीमामाङ पवित्रहाङमा साँबाद्वारा स्थायी बसोबासको थालनी पश्चात् माङ्सेबुङ लारुम्बाको स्वरुपमा एकाएक परिवर्तन भएको पाइन्छ ।[३१] यस स्थलमा धर्मगुरु आत्मानन्द लिङ्देनद्वारा वर्षमा मुख्यतः दुई चोटी भक्तजन भेला गराई आशिर्वाद प्रदान गर्ने कार्य सम्पन्न हुँदै आएको छ । वर्षेनी लाखौं किरातीहरु देश विदेशका विभिन्न ठाउँहरुबाट आशिर्वचन श्रवण गर्न भेला हुने गर्दछन् । यसर्थ यो ठाउँ आफैमा ऐतिहासिक रुपमा महत्वपूर्ण बन्दै गइरहेको छ ।[३२]

केही वर्ष अगाडिसम्म एउटा सुनसान डाँडाको रुपमा रहेको माङ्सेबुङ लारुम्बाको चहलपहल बढिरहेको देखिन्छ । ऐतिहासिक रुपमा निर्मित साँढे पाँच किलोमिटरको चक्रपथ निर्माण, बाँफो-८ स्थित वालिङ भञ्ज्याङ, फाल्गुनन्द मार्गको मध्यभागमा निर्मित १४ लाख ७५ हजार बराबरको महागुरु फाल्गुनन्द लिङ्देनको पूर्ण कदको शालिकले यो स्थललाई अझ

---

[२६] स्थलगत *अन्तर्वार्ता,* २०६३
[२७] स्थलगत अध्ययन, २०६३
[२८] एम.बी. माखिम, *लारुम्बा, भूपति चरा र जलथलहरुको नामाकरण,* चौमासिक किरात चेली, वर्ष-१, अंक-१, (२०५७), पृ.३७-४४
[२९] सेर्मा, *पूर्ववत्* नं. (९), पृ.४
[३०] स्थलगत अध्ययन, २०६३
[३१] *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)
[३२] *पूर्ववत्* नं. (१९)

महत्वपूर्ण बनाएको छ ।[३३] त्यस्तै गरेर माङ्सेबुङ लारुम्बामा वि.सं. २०४९ सालमा बनाइएको किरात हाङ्साम मुजोत्लुङ माङ्हिमका कारण देश विदेशबाट वर्षेनी पूजा आराधना तथा तीर्थ गर्न यो धार्मिक स्थलमा आउने गर्दछन् ।[३४] यसरी दिनानुदिन किरात धर्मावलम्बीहरुको धार्मिक केन्द्रको रुपमा विकसित भइरहेको यस धार्मिक स्थलको ऐतिहासिक महत्व बढ्दो क्रममा रहेको छ ।

## २.३ माङ्सेबुङ लारूम्बाः नामाकरणः

हालको किरात हाङ्साम मुजोत्लुङ माङ्हिम परिसरलाई पहिले मान्द्रे डाँडा मात्र भनिन्थ्यो । २०३४ साल अगाडि यहाँ खलङ्गे, मणिपुर, आदिपुर, खानीटार, भालुटार, लारुम्बा, मभुवा आदि टोल गाउँका मानिसहरु नवमी बजार गएर फौजदारी खेल्ने, कुटपिट, लुटपिट, भै-भगडा गर्ने बदमासीपूर्ण चलन थियो ।[३५] यो ठाउँलाई वरिपरिबाट हेर्दा सानो लामो लम्पट मिलेको मान्द्रो जस्तो देखिन्थ्यो । पहिलेदेखि स्थानीय बासिन्दाहरुलाई गाई, बाख्राहरु चराउँदै चोया काढेर मान्द्रो, डोको, नाम्लो आदि परम्परागत सीपमूलक आवश्यक सामानहरु यो डाँडामा बसेर बुन्दै आएकोले स्थानीय गाउँलेहरुले “मान्द्रे डाँडा” भन्न थालेको स्थानीय बढापाकाहरु बताउँछन् ।[३६] मान्द्रे डाँडाको नामबाट स्थानीय बासिन्दाहरुले यस धार्मिक स्थललाई सम्बोधन गरेता पनि अन्य ठाउँका बासिन्दाहरुले लारुम्बा भनेर चिन्ने गर्दथे । लारुम्बा नामाकरण बारेमा पनि बुढापाकाहरु त्यहाँ प्रचलित एउटा लोक कथा सुनाउने गर्दछन् । लोक कथा अनुसार-‘उहिले मिक्लाजुङको फेदीमा भूपतिहाङ र भूपतिहाङमा नाम गरेका राजारानीहरुको राज्य थियो । मिक्लाजुङदेखि पूर्व चुलाचुली भन्ने ठाउँमा अन्धाराजा, कुसुण्डा राजा, नामम्याङहाङ र पांवोहाङ राजाहरुका राज्य थिए । भूपतिहाङका पाँच जना छोरीहरु थिए ।[३७] एक दिन कुसुण्डा राजाका छोरा पांबोहाङले विवाह गर्ने मनसाय लिई भूपतिहाङ कहाँ केटी माग्न गए । पांबोहाङ राजा गरिब भएकाले भूपतिहाङका चारवटी छोरीहरुले क्रमैसँग विवाह गर्न इन्कार गरे तर कान्छी छोरीले भने बुबालाई सहमति दिइन् र उनको विवाह पांबोहाङसँग भयो ।[३८] विवाह भएको पाँचौं दिनमा कलिया जाँदा पाबोहाङले आफ्नी दुलहीको सल्लाह अनुरुप भूपतिहाङले दाइजो माग्न आग्रह गर्दा केवल आठवटा

---

[३३] सेसेहाङ फियाक, *माङसेबुङलाई फर्केर हेर्दा,* चौमासिक माङसेबुङ सन्देश, वर्ष -३, अंक -१, (२०६२), पृ.-१६
[३४] *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)
[३५] सेर्मा, *पूर्ववत्* नं. (९)
[३६] सेर्मा, *पूर्ववत* नं. (६) पृ-.२
[३७] शिवकुमार श्रेष्ठ, *किराती लोककथा संगालो* (धनकुटा : गंगादेवी श्रेष्ठ, २०५१), पृ. -४५
[३८] माखिम, *पूर्ववत्* नं. (२८) पृ-. ३८

धनुकाडको माग गरे । सो धनुकाड लिएर आएपछि दुलहीले बताए बमोजिम भोलिपल्ट पांबोहाङ राजा चुली पोखरीमा गए र पोखरीको छेउमा एउटा टुङ बनाई फर्के । त्यसको भोलिपल्ट आफूले बनाएको टुङमा बसेर पोखरीमा पानी खान आउने सबै प्रकारका जंगली जनावरहरुलाई आफ्नो धनुकाँडले भ्याएसम्म ताकेर हाने तर सबै जंगलतर्फ बेपत्ता भए । निराश भएर फर्केका पांबोहाङले भोलिपल्ट विहानै पशु वाक्य र भूत तथा भविश्यका कुराहरु थाहा पाउन सक्ने आफ्नो रानीको आग्रह अनुरुप ती जन्तुहरुको पाइला पहिल्याउँदै गए । उनले पहिलो काँड घोरललाई हानेका थिए । घोरलको पाइला पछ्याउँदै जाँदा सुनखानीमा आफ्नो तीर गाडिएको पाए तर घोरल चाहि भेटेनन् । दोस्रो काँड मृगलाई हानेका थिए, पहिल्याउँदै जाँदा धनखानीमा तीर गाडिएको पाए । तेस्रो काँडले लागेको भालुको पाइला पहिल्याउँदै जाँदा कपडै कपडाको थाकमा गाडिएको आवस्थामा आफ्नो तीर फेला पारे । त्यस्तै क्रमशः चौथो, पाँचौं, छैठौं, सातौं र आठौं तीर बदेल, बाघ, सिंह, हात्ती र गैडालाई लागेकोमा पाइला पहिल्याउँदै जाँदा चौथौं तीर  मट्टितेलको खानीमा, पाँचौ फलामको खानीमा, छैठौंमा केही नभेटे पनि तीर गाडिएका ठाउँमा पुग्दा आफ्नो शरीर अजिङ्गरको जस्तो बलियो भयो । सातौं तीर नुनखानीमा (युम्फेङ) र आठौं तीर आफ्नै झुपडीमा गएर रोपिएको पाए । त्यसपछि पांबोहाङ धनी हुन पुगे । पांबोहाङ राजाले हानेको तीर रोपिएको ठाउँहरुको नाम सुन्धुवा, धन्धुवा, कपरसुकुवा, मटिट्याउ, खानीटार, युम्फेङ जस्ता नामहरु आजसम्म पनि बाँझो इलाकाको चुलाचुली र अन्य वरपरका ठाउँमा विद्यमान छन् ।[३९] यसरी हिजोका गरिब ज्वाई अत्यन्त धनी र शक्तिशाली भएको देखेर ससुरा भूपतिहाङलाई ज्वाईसँग ठूलो इर्श्या भयो । अन्तमा उनले आफ्ना ज्वाईसँग युद्ध गर्ने निश्चय गरे ।[४०] आफ्नो मृत्यु र जीवनको प्रतिकका रुपमा एकजोर परेवा लिएर फौज सहित अघि बढेका भूपतिहाङ राजा पांबोहाङ राजाको राज्यमा प्रवेश गरी मापाहाङ्टारमा आइपुगे ।[४१] त्यहाँ लटरम्म पाकेको कोदोको बालाको झुप्पामा उनको खुट्टा अल्झियो र उनी ला डूम (ड्याम्मै) लडे । त्यसरी भूपतिहाङ त्यहाँ लडेकाले त्यस बेलादेखि त्यस ठाउँको नाम लाडुम्बा भयो र पछि लाडुम्बा शब्द अपभ्रंस भई लारुम्बा भयो ।[४२] मापाहाङ्टारलाई आज पनि मापाहाङ्टार भनेरै नाम लिइन्छ । उहिले यसको उपनाम लारुम्बा शब्दले अहिलेको आदिपुर (बाँझो) इलाका पुरै जनाउँथ्यो तर हाल एक सनो एकाइलाई मात्र जनाउँछ जहाँ वर्तमान धर्मगुरु

---

[३९] *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)
[४०] *पूर्ववत्* नं. (३७), पृ.- ५०
[४१] माखिम, *पूर्ववत्* नं. (२८), पृ. ४२
[४२] श्रेष्ठ, *पूर्ववत्* नं. (३७), पृ. ५०

आत्मानन्द लिङ्देन तथा किरात धर्मावलम्बीहरुको केन्द्रीय देवस्थलको रुपमा स्थापित किरात हाङसाम मुजोत्लुङ माङ्हिम अवस्थित छ ।[४३] त्यस ठाउँमा लड्दा फुत्केका परेवाहरुको कारण उनकी रानीले आफ्नो पतिको मृत्यु भएको ठानी सति गएपछि भूपतिहाङ पनि पत्नीले बालेको धुनीमै हाम्फालेर आफ्नो जीवन समाप्त पारेको कथा लारुम्बामा प्रचलित छ । यसरी लारुम्बा भनेर चिनिदै आएको यो धार्मिक स्थलमा वर्षेनी धर्मको नाममा लाखौं भक्तजनहरु भेला हुन थालेपछि भक्तजनहरुले मान्द्रेडाँडा लारुम्बा भन्नको सट्टा यो ठाउँमा ईश्वरले रोजेको (माङङिल्ले सेगुवा) भनेर माङसेबुङ नाम राख्नुपर्छ भन्ने चर्चा चल्न थाल्यो । त्यसपछि माङसेवासाबा तेजबहादुर थल्लङको प्रस्ताव अनुसार वि.सं. २०५४ सालको खिबेक्वा याक्वा सेवा समारोहमा धर्मगुरु आत्मानन्द लिङ्देनबाट यो ठाउँको नाम माङ्सेबुङ भनेर घोषणा गर्नुभयो । त्यसै समयदेखि यस ठाउँलाई पवित्र धार्मिक स्थल माङ्सेबुङ भन्न थालियो ।[४४] माङ्सेबुङ किरात लिम्बू शब्द हो जसको अर्थ ईश्वरले रोजेको पवित्र स्थल (माङ-ईश्वर, से-पवित्र, पुङ/बुङ-स्थल) भन्ने हुन्छ ।[४५] हाल आएर यो धार्मिक स्थल माङ्सेबुङ लारुम्बाको नामबाट चर्चित भइरहेको छ ।

## २.४ धार्मिक महत्व र गतिविधिहरू

### २.४.१ गुरूआश्रमः

वर्तमान धर्मगुरु अङ्सीमाङ आत्मानन्द लिङ्देन तथा आङ्सीमामाङ पवित्रहाङ्मा साँबाबाट लामो समयसम्म किरात धर्मावलम्बीहरुको लागि पवित्र धार्मिक स्थलको उचित स्थानको खोजी पश्चात लारुम्बा ठाउँलाई उचित स्थानको रुपमा लिई वि.सं. २०३४ सालमा स्थाई बसोबासको आरम्भ गर्नुभयो ।[४६] सुरु-सुरुमा गुरु आश्रममै बर्सेनी सिमित भक्तजनहरु भेला हुन्थे । भक्तजनहरुको संख्यामा वृद्धि हुँदै गएपछि भालुटारको सरस्वती प्रस्तावित मा.वि.को प्राङ्गणमा धार्मिक भेला गराइएको थियो । त्यहाँ पनि भक्तजनहरु नअटाएपछि वि.सं. २०४९ सालदेखि माङ्सेबुङको माङ्हिम परिसरमा वर्षको दुईपल्ट (मंसिर-१८ र माघ-५) किरात जातिको बसोबास रहेका विभिन्न जिल्ला तथा सिक्किम,

---

[४३] *पूर्ववत्* नं. (२८), पृ. ४३
[४४] *फियाक, पूर्ववत्* नं. (३३), पृ. १५
[४५] *अन्तर्वार्ता,* डकेन्द्रसिंह थेगिम, अध्यक्ष, किरात धर्म तथा साहित्य उत्थान संघ केन्द्रीय कार्य समिति, २०६३
[४६] *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)

आसाम र भुटानबाट भक्तजनहरु भेला हुने क्रममा विस्तारै किरात धर्मले चर्चा पाउन थाल्यो । किरात धर्मावलम्बीहरु धर्मगुरुको दर्शन गर्न आउने हुदा यो स्थलको महत्व अझ बढेर गएको हो । लोपोन्मुख अवस्थामा पुगिसकेको किरात धर्मलाई जगेर्ना गर्दै प्रचार-प्रसार गर्ने कार्यमा सदैव सक्रिय भई लाग्नुहुने धर्मगुरुको नीजि आश्रम माङ्सेबुङ लारुम्बामा रहेकोले पनि यो धार्मिक स्थलको महत्व रहेको छ ।[४७]

### २.४.२ किरात हाङ्साम मुजोत्लुङ माङ्हिमः

हरेक जातजातिको आफ्नो जीवनशैलीलाई सहजतापूर्वक समाजमा डोऱ्याउँनको निम्ति मौलिक कर्म संस्कारका साथै ईश्वरलाई मान्ने/पुज्ने शैलीहरु पनि आफ्नै किसिमका रहेका हुन्छन् । किरातीहरु मूलतः आफ्नो इष्टदेवी देवताको श्रद्धापूर्वक थान बनाएर पुज्ने गर्दछन् । माङ्सेबुङ लारुम्बामा वि.सं. २०४८ सालमा करिब १० रोपनी जति जग्गा खरिद गरेर स्थानीय स्रोतबाट काठ जम्मा गरी माङ्हिम निर्माण गरिएको छ ।[४८] यो माङ्हिममा किरातीहरुका इष्टदेवी देवताहरु युमासाम्माङ, थेवासाम्माङ र हिम्माङ्लाई तीनवटा दियो कलशहरुको स्थापना गरेर दैनिक तीन प्रहर किरात साम्जिक मुन्धुम अनुसार सेवा (पूजा) गरिदै आएको छ ।[४९] यहाँ जम्मा दुईवटा माङ्हिम रहेका छन् । साधारण किसिमको काठले बेरेर बनाइएको तीन तह जस्ताको पाताले छाएका यी दुई माङ्हिममध्ये दक्षिण दिशाको माङ्हिममा विश्वशान्तिको कामना गर्दै कहिल्यै ननिभ्ने अखण्ड धुनी बालिएको छ ।[५०] विश्वका सम्पूर्ण प्राणीहरुको रक्षाको निम्ति दैविक प्रकोप नहोस्, मानवहरु सकुशलपूर्वक बाँच्न पाऊन् भन्ने पुकार सहित शुद्ध नैवेध, धुप बत्ती बालेर माङ्हिममा सेवा गरिन्छ । किरात साम्जिक मुन्धुमको माध्यमबाट विश्वका सम्पूर्ण देवी देवताहरुलाई जगाएर, पुकारेर यो माङ्हिममा पूजा आराधना गर्ने गरिएको सो माङ्हिमका प्रमुख पूजारी तोपहाङ लिङ्देन बताउनुहुन्छ । किरात हाङसाम मुजोत्लुङ माङ्हिममा स्थानीय बासिन्दाहरु दैनिक बिहान आएर पूजा आराधना गर्दछन् भने टाढा-टाढाबाट माङ्सेबुङ लारुम्बा आउनेहरु पनि माङ्हिमको दर्शन तथा पूजा गरेर मात्र फर्कने गर्दछन् । कुनै पनि किसिमको बली पूजाबाट अलग्गै रहेको यो माङ्हिम सम्पूर्ण किरात धर्मावलम्बीहरुको आस्थाको केन्द्रविन्दु हो ।[५१] यो

[४७] *अन्तर्वार्ता,* नरेन्द्र थेगिम, संयोजक, माङ्सेबुङ मिडिया सोसाइटी, २०६३
[४८] *अन्तर्वार्ता पूर्ववत्* नं. (११)
[४९] *अन्तर्वार्ता,* तोपहाङ लिङदेन, प्रमुख पुजारी, किरात हाङ्साम मुजोत्लुङ माङ्हिम, २०६३
[५०] स्थलगत अध्ययन, २०६३
[५१] *अन्तर्वार्ता,* भगिहाङ फेजङ, सचिव, किरात साम्यो नालीफुङ्वा मुजोत्लुङ पान्जुम्भो, २०६३

किरात हाङ्साम मुजोत्लुङ माङ्हिम समुन्द्र सतहदेखि ८०० मिटरको उचाइमा रहेको छ ।[५२] माङ्हिमको प्राङ्गणलाई विभिन्न समयमा किरात धर्मावलम्बीहरुले श्रमदान गरेर एउटा फराकिलो मैदानको रुपमा परिणत गरेका छन् भने त्यसको केही तल दुई तीनवटा हेलिकप्टर अवतरण गर्न मिल्ने हेलिप्याड निर्माण गरिएको छ ।[५३]

### २.४.३ धार्मिक संघ/संस्थाहरूः

माङ्सेबुङ लारुम्बामा मुख्य दुईवटा धार्मिक संस्थाहरु रहेका छन् । वि.सं. २०३६ सालमा पाँचथरमा दर्ता गरिएको किरात धर्म तथा साहित्य उत्थान संघ एउटा प्रमुख धार्मिक संस्था हो । त्यस्तै लगभग सँगसँगै स्थापना भएर २०५५ सालमा इलाममा दर्ता गरिएको किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवा अर्को प्रमुख धार्मिक संस्थाको रुपमा रहेको छ ।[५४] यी दुई संघसंस्थाहरुको उत्तिकै महत्वपूर्ण जिम्मेवारी रहेका छन् । मुहिगुम अङ्सीमाङहरुको धार्मिक उपदेश तथा धर्म दर्शन प्रकाशन गर्ने, किरात धर्म, भाषा, लिपि, साहित्य, संस्कृति र भेषभुषाको अनुसन्धान, संरक्षण एवं सम्वर्द्धन गर्ने, महागुरु फाल्गुनन्द तथा वर्तमान धर्मगुरुद्वारा स्थापित माङ्हिमहरुको संरक्षण, सम्वर्द्धन, जीर्णोद्वार र व्यवस्थापन गर्ने, अहिंसा, विश्व भ्रातृत्व तथा धार्मिक सहिष्णुता कायम गर्ने जस्ता कार्यहरु गर्ने उद्देश्य किरात धर्म तथा साहित्य उत्थान संघको रहेको छ ।[५५] त्यस्तै मुख्यतः गुरु आश्रमलाई संरक्षण र सम्वर्द्धन गर्ने कार्यबाट सुरु भएको किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवाले माङ्सेबुङ लारुम्बामा सम्पन्न हुने धार्मिक कार्यक्रमहरुको आन्तरिक व्यवस्थापन गर्ने, किरात हाङ्साम मुजोत्लुङ माङ्हिमको संरक्षणको लागि साधारण र विशेष संरक्षण सदस्यहरुको गठन गरेर त्यसबाट उठेको रकमले अक्षय कोषको स्थापना गरी रकम संकलन गरेर धार्मिक स्थल परिसरमा जग्गा खरिद गर्ने, माङ्सेबुङ लारुम्बाका टोल, बस्तीहरुलाई व्यवस्थित गर्ने, खानेपानी र बाटोघाटोको व्यवस्था गर्ने, धार्मिक वन निर्माणको लागि वृक्षारोपण अभियान चलाउने, किरात निसामहिम संञ्चालन गर्ने र किरात साम्जिक मुन्धुमको प्रकाशन गर्ने, धर्मशाला बनाउन निःशुल्क जग्गा वितरण गराउने जस्ता कार्यहरु गर्ने गर्दछ ।[५६] किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवा र किरात धर्म तथा साहित्य उत्थान संघका आलावा अन्य

---

[५२] *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)
[५३] स्थलगत अध्ययन, २०६३
[५४] नन्द कुमार नेम्वाङ, *नालिफुङ्वाको जन्म, उपलब्धी र वर्तमान चुनौतीहरु* (माङ्सेबुङः तुलक तुम्सा, (२०६२), पृ. १०
[५५] विधान, किरात धर्म तथा साहित्य उत्थान संघ, केन्द्रीय कार्य समिति, २०६१
[५६] *अन्तर्वार्ता, पूर्ववत्,* नं. (११)

धार्मिक संस्थाहरु पनि रहेका छन् जसले सामाजिक संगठनको प्रारुप अनुसार आ-आफ्नो ठाउँबाट कार्य गरिरहेका छन् । यी दुई प्रमुख संस्थाहरु बाहेकका र मातहतमा खोलिएका अन्य संघसंस्थाहरु निम्न रहेका छन् -

१. किरात धर्म तथा साहित्य उत्थान संघ, राष्ट्रिय समिति
२. किरात साम्यो नालीफुङवा मुजोत्लुङ पान्जुम्भो
३. किरात साम्यो माङसेवासाबा मुजोत्लुङ पान्जुम्भो
४. किरात साम्यो साक्थिमगेन मुजोत्लुङ पान्जुम्भो
५. किरात साम्यो सुनुगेन थक्सुवा मुजोत्लुङ पान्जुम्भो
६. किरात साम्यो थामेन्दिङ मा मुजोत्लुङ पान्जुम्भो
७. माङ्सेबुङ मिडिया सोसाइटी
८. किरात धार्मिक परिषद[५७]

यसरी महागुरु फाल्गुनन्द लिङ्देनबाट लिम्बुवानका समस्त किरात धर्म अनुयायी भक्तजनहरुका निम्ति समाज सुधारको मार्ग लिई बिस्तार गर्नुभएको सामाजिक रीतिथिति, नियमहरु तथा अन्य धार्मिक पक्षहरुलाई पुनः निरन्तरता दिँदै अघि बढाउन लागिपर्नु भएका धर्मगुरु आत्मानन्द लिङ्देनको संरक्षणमा रहेका यी संघसंस्थाहरु हाल माङ्सेबुङ लारुम्बामा क्रियाशिल रहेका छन् ।

## २.५ भौतिक विवरणः

यस धार्मिक स्थल वरपर स्थानीय बासिन्दाहरु साँबा योङ्हाङ तथा राईहरुको जग्गा रहेको छ । वि.सं. २०४८ सालमा सन्तलाल योङ्हाङबाट १० रोपनी जग्गा किनेर कार्यकारिणी समिति, किरात चोःलुङ गुरु माङ्गेन्ना सेवाको विशेष पहलमा माङ्हिम निर्माण गरिएको छ । त्यसपछि देश विदेशमा रहेका किरात धर्मावलम्बीहरुको आर्थिक सहयोगबाट उठेको रकमले अरु जग्गा खरिद गर्ने क्रम चलिरहेको छ । यस धार्मिक स्थललाई स्थानीय बासिन्दाहरुले जग्गा दान गर्ने र संस्थाले अभिलेख राख्ने गरेको छ ।[५८] हाल आएर साँढे पाँच किलोमिटर बराबरको चक्रपथ (बाटो) भन्दा माथिका जग्गाहरु स्थानीय दाताबाट धार्मिक स्थलको नाममा निःशुल्क जग्गा दान गरेर अन्नबाली उब्जाउन बन्द गरेका छन् भने अन्य आवाद भइरहेका जग्गाहरु संस्थाले खरिद गर्ने पक्षमा रहेको छ । चक्रपथभन्दा माथि धार्मिक

---

[५७] *अन्तर्वार्ता, पूर्ववत्* नं. (४५)
[५८] *अन्तर्वार्ता,* मुक्तिहाङ साम्बा, सचिव, किरात चोःलुङ अङसी माङ्गेन्ना सेवा, २०६३

वन(फाल्गुनन्द धार्मिक वन)को अवधारणा अनुरुप २०६१ सालमा इलाम जिल्लामा दर्ता गरेर वृक्षारोपण गर्ने अभियान थालिएको छ ।[५९] यहाँ माङ्हिमको नाममा र दैनिक सेवाको लागि कुनै किसिमको गुठी व्यवस्था छैन ।[६०] माङ्सेबुङ लारुम्बाको सम्पूर्ण धार्मिक गतिविधिहरु सञ्चालन गर्नको निम्ति आर्थिक स्रोत भनेकै आफ्नो आधा पेट खाली राखेर भएपनि धर्मको नाममा भेटी चढाइरहने सम्पूर्ण किरात धर्मावलम्बीहरु हुन् ।[६१] विगत केही वर्षयता बढेको बस्ती र जनसंख्याको चापले गर्दा स्थानीय पहलमा भौतिक विकासका पूर्वाधारहरुका साथै पर्यावरणमा प्रशस्त ध्यान दिन थालिएको छ ।[६२] यसले गर्दा बस्ती विस्तार सजह तरिकाले भइरहेको छ भने वातावरणलाई शान्त राख्न जीवनशैलीमा सरलता र धार्मिक आचारणलाई अपनाएको पाइन्छ । एकाएक बसोबासको समस्या बढेपछि जग्गाको मूल्य भने निकै नै बढेको छ र अव्यवस्थित बस्तीलाई व्यवस्थित गर्न किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवाले सक्दो कार्य गरिरहेको छ । अहिले माङ्सेबुङ लारुम्बाको आसपास बसेको नयाँ बस्तीमा सात हजार जति जनसंख्या रहेको अनुमान गरिएको छ ।[६३] संस्था माङ्गेन्ना सेवाले प्रत्येक जिल्लालाई धर्मशाला निर्माण गर्न निःशुल्क जग्गा वितरण गरेको छ । हालसम्म लगभग ४० वटा धर्मशालाको निर्माण भइसकेको छ र कतिपय बन्ने क्रममा छन् । यो संस्थाकै पहलमा भालुटारमा सरस्वती प्रस्तावित मा.वि. सञ्चालित छ भने किरात साम्जिक मुन्धुमको अध्ययन अध्यापन गराइने एउटा निशामहिम पनि खोलिएको छ । यसका साथै स्थानीय पहलबाट विद्यार्थीहरुको बढ्दो चापलाई दृष्टिगत गरेर दुई तीनवटा नीजि विद्यालयहरु पनि सञ्चालन गरिएका छन् । नीजि क्षेत्रबाटै केही साना स्तरका घरेलु उद्योगहरु (बिस्कुट, सिलाई बुनाई, मिल, ढाका कपडा, राडी पाखी आदि) पनि खोलिएका छन् ।[६४] यसरी भौतिक सम्पतिको अभावमा पनि आफ्नै किसिमबाट यहाँका बासिन्दाहरुको पहलमा र सम्पूर्ण किरात धर्मावलम्बीहरुको सहयोगबाट यो क्षेत्रको विकासका पूर्वाधारहरु बन्ने अवस्थामा रहेका छन् ।

---

५९ *अन्तर्वार्ता, पूर्ववत्* नं. (११)
६० *अन्तर्वार्ता, पूर्ववत्* नं. (४९)
६१ *अन्तर्वार्ता, पूर्ववत्* नं. (५८)
६२ *अन्तर्वार्ता, पूर्ववत्* नं. (४७)
६३ *अन्तर्वार्ता पूर्ववत्* नं. (११)
६४ *उही,*

# तेस्रो अध्याय

# किरात जाति तथा धर्मको संक्षिप्त परिचय

## ३.१ किरात शब्दको उत्पतिः

वर्तमान अवस्थामा नेपालका प्रमुख जनजातिको रूपमा चिनिएका किरातहरूको बारेमा बिभिन्न तर्कहरू रहेका छन् । 'किरात' शब्द कहिलेदेखि प्रयोगमा ल्याइयो र यसले कसरी शारीरिक बनावटको आधारमा एउटा विशेष नाम पायो भन्ने सम्बन्धमा धेरै चर्चा हुने गर्दछ । किरात शब्दको उत्पतिको बारेमा विभिन्न मतहरू छन् । दन्त्यकथा अनुसार उहिले किरातीहरू रेशमको खेती गर्थे । रेशमको किरालाई केरेटा भनिन्थ्यो । एकपल्ट तिनीहरूको रेशमको खेती नष्ट भयो । त्यसपछि तिनीहरू मध्ये कोही पहाड तर्फ लागे र कोही मधेशतर्फ लागे । मधेसमा बस्नेहरू कोच, मेच, धिमाल भए र पहाडमा बस्नेहरू राई, लिम्बू, याक्खा भए । अतः किरात शब्द केरेटा शब्दको अपभ्रंस हो ।[१] यो शब्द फारसी भाषाको अपभ्रंश रूप हो कि भन्ने पनि कसैले झल्काएको पाइन्छ । पर्वत र पहाडलाई कोह र लता, लति मालालाई वा लहरालाई भनेबाट कोहलात, कलात र कलाती आदि हुँदै कैलास, कैलाती र पछि किरात भयो कि भन्नेहरू पनि पाइन्छन् । किरातमै एक थरी किरावाबाट किराती भएको हो भन्दछन् ।[२] यस सम्बन्धमा प्रचलित दन्त्यकथा अनुसार किरावा (मानव), किवा (बाघ) र माक्सा (भालु) एकै आमाका सन्तान थिए । भालु अल्छे थियो । किरावा र बाघको बीचमा ईर्ष्या र वैमनस्यता थियो । त्यसैको परिणाम स्वरुप एक-अर्कालाई षडयन्त्रमा तिनीहरू लागे । बाघले आफूलाई मार्ने नियत राखेको किरावाले थाहा पाएपछि किरावाले खाजा खाने निहुँमा बाघको मुखमा तीर हानेर बाघलाई मार्‍यो । यो कुरा उनीहरूको आमाले थाहा पाएपछि चिण्डोमा भएको जाँड र अदुवा बाघलाई खुवाएर बचाइन् । त्यसपछि अब उप्रान्त बाघ डाँडातिर हिँड्दा किरावा खोलातिर हिड्नु र किरावा डाँडातिर हिड्दा बाघ खोलातिर हिड्नु भन्ने आदेश दिइन् । तिनै किरावाका सन्तानहरू किरात हुन् भन्ने भनाई छ ।[३] किरात शब्दको बारेमा इमानसिंह चेम्जोङले लेखेका छन्- 'वास्तवमा किरात शब्द किरियात, किरयात वा किरजाथ शब्दको अपभ्रंश हो जसको अर्थ भूमध्यसागरीय क्षेत्रको मोबाइट भाषामा किल्ला अथवा शहर भन्ने हुन्छ । जब तिनीहरूको

---

[१] शिवकुमार श्रेष्ठ, *लिम्बूवानको ऐतिहासिक अध्ययन,* (धनकुटाः गंगादेवी श्रेष्ठ, २०४२), पृ. ७

[२] नारदमनि थुलुङ, *किरातको नालि बेलि,* (बिराटनगरः श्रीमती अङ्कुर कन्दङवा, २०४२), पृ. ८५

[३] श्रेष्ठ, *पूर्ववत्* नं. (१), पृ. ७-८

संख्यामा वृद्धि भयो, तिनीहरूले धेरै किल्ला र शहरहरूको निर्माण गरे र किरियात हाइम, किरयात यारिम, किरजाथ अर्ब, किरयात बाल, किरयात हिज्रो, किरयात सन्ना र किरयात साफेर जस्ता नाम राखे । तिनीहरूको नामले जङ्गलको किल्ला अथवा शहर वा भगवान बालको शहर, पुस्तकहरूको शहर वा ताड रूखहरूको शहर भन्ने अर्थ दिन्छ । माथि उल्लेख गरिएका किल्ला अथवा शहरका बासिन्दाहरूले आफूहरूलाई केरेती भन्न थाले जुन पछिबाट केरेटाइट वा केराइत जाति बन्न पुगे ।[४] तिनीहरूका पूर्खाहरू नाहोर आए । त्यहाँ अरु जातिहरूबाट पराजित भएपछि आफ्नो स्थायी बसोबास स्थल छाडेर घुमन्ते जीवन बिताउँदै केरेती जातिहरू पूर्व र उत्तर पूर्वतिरका देशहरूमा फैलिए । २४०० ईस्वीमा ती जातिका एक शाखा मेसोपोटामिया आए जुन असिरियनहरूको देश थियो र त्यहीका जातिहरूसँग घुलमिल भएर रहे । पछिबाट तिनीहरू पर्सियाको उत्तरी प्रदेश हुँदै उत्तर भारत र हिमालय क्षेत्रतिर सर्दै गए जहाँ किरात असुर जातिको उपमा पाएर बसे । खाम्बुज, यवन आदि जस्ता नाम पनि किरातहरूलाई नै इंगित गर्ने खालका भएको उल्लेख पाइन्छ । ग्रीकहरूले पनि किरातहरूलाई केरियाडी नामले चिन्ने गर्दथे ।'[५] किरात शब्दलाई प्राचीनकालका आर्य जातिहरूले अनार्य (असुर नाम दिएर) हरूको लागि प्रयोग गरेको पाइन्छ । ईसाको एघारौं शताब्दीसम्म काँगडा उपत्यकाको वैजनाथलाई 'किरग्राम' भनिन्थ्यो । यसले त्यहाँ पक्कै पनि किरातहरूको बसोबास रहेको संकेत मिल्दछ । किरात शब्द शिकारी बहशी अर्थात कुरा नबुझ्ने, नबुझिने कुरा गर्ने, जङ्गली, पुड्का, घोड सवार, अश्वपाल, सुँगुर पाल्ने वा त्यसको शिकार गर्ने जाति जस्ता अनेक अर्थमा प्रयोग भएको छ । वैजनाथमा प्रयोग भएको किरग्राममा किर शब्द किरातको छोटकरी रूप हो ।[६] यसरी किरात शब्द बारेमा धेरै कुराहरू आएता पनि किरात शब्दको प्रयोग प्राचीनकालदेखि नै हुँदै आएको पाइन्छ । खासगरी भारतीय उपमहाद्वीरुपमा आफ्नो सभ्यतालाई विस्तृत बनाएर स्थायी बसोबास स्थल बनाई बस्न थालेका आर्यहरूले रैथाने जातिहरूलाई घृणा वा अवहेलनाको भावमा अनार्य, म्लेच्छ, भूनिम्वू, अल्पतनु वृषल, किरात आदि जस्ता शब्दहरूले सम्बोधन गरेको उल्लेख पाइन्छ ।[७] किरात शब्दले तत्कालिन समयमा आर्यहरूको निकटका दुश्मन वा विरोधी जातिहरूलाई बुझाउँथ्यो । पहाड तथा हिमालय पर्वतका आसपासमा बसोबास गर्ने असभ्य, फोहोरी र संस्कारहीन जाति भनेर आरोप लगाएर लेखिएका विभिन्न संस्कृत साहित्यहरूको माध्यमबाट

---

[४] Iman Singh Chemojong , *History and Culture of Kirat People*, (Mahalaxamisthan, Lalitpur, Central office, Kirat yakthung chumulung, part I-II, 2003), P. 2

[५] *उही,*

[६] जनकलाल शर्मा, *हाम्रो समाज: एक अध्ययन,* (काठमाडौंः साझा प्रकाशनः २०५८, तेस्रो संस्करण), पृ. २५१-२५२

[७] डा. स्वामी प्रपन्नाचार्य, *प्राचीन किरात इतिहास* (काठमाडौंः लुष प्रेस, २०५७, दोस्रो संस्करण), पृ. ३५५

आर्य र आर्येतर (किरात) जाति बीच वैमनस्यता रहिरहेको बुझिन्छ । प्राचीनकालिक शास्त्रहरूमा किरात शब्द अनेक अर्थमा प्रयोग भएको देखिन्छ । ती मध्ये अमरकोषमा चिराइतोलाई 'करातातिक्त' भनेको पाइन्छ जसको शाब्दिक अर्थ किरात देशको तीतो बुटी भन्ने हुन्छ ।[८] यसबाट त्यस समयमै किरात शब्दले पहाडी प्रदेशका जडिबुटी खोज्ने र त्यसको व्यापार गर्ने जातिलाई बुझाउने गरेको पाइन्छ । वास्तवमा किरात शब्दको प्रयोग बिना ती प्राचीन ग्रन्थहरू अधुरा हुने देखिन्छन् । किरात शब्दको प्रयोगबाट तत्कालिन समयको सामाजिक, राजनैतिक, सांस्कृतिक आदि पक्ष बीच भएको अन्तर्द्वन्द्वलाई पनि उजागर गरेको बुझिन्छ ।

## ३.२ किरात जातिः

किरात जाति नेपालको एक ज्यादै पुरानो जाति हो । फादर गेसेफका अनुसार अघि नेपालका सारा पहाडी खण्डलाई किराती देश भनिन्थ्यो ।[९] वर्तमान समयमा राई र लिम्बू मात्र किराती भनी प्रख्यात भएको भएतापनि किरात इतिहासले नेपालका सबै जाति, आसाम प्रदेशका सारा पहाडी जाति, बर्मा, थाइल्याण्ड अथवा श्याम, अनामका ताई र भियतनाम जाति, फिलिपाइनका खाम्बोज जाति र यूनानी चीनिया जाति सबैलाई किराती वंशमा गणना गरिएको छ ।[१०] डोरबहादुर बिष्टका अनुसार नेपालको पूर्वी भागमा बसोबास गर्ने किरात जाति भनेर खासगरी निकै ठूलो संख्यामा रहेका राई र लिम्बूहरूलाई बुझिन्छ र दोस्रोमा तामाङहरूलाई पनि बुझाउँदछ ।[११] गुरुङ, तामाङ, मगर, थारू, सुनुवार र दनुवार आदि जस्ता नेपालका जातिहरूको सम्बन्ध प्राचीन किरात पूर्खाहरूसँग रहेको देखिन्छ जो भारतका प्राचीन जाति थिए र गंगा तटको उत्तरी भागदेखि लिएर हिमालय क्षेत्रको सम्पूर्ण भु-भाग काश्मिर उपत्यकादेखि आसाम, नागाल्याण्ड र मनिपुरसम्म फैलिएका पाइन्छन् ।[१२] यसबाट किरात जातिको वंशवृक्ष धेरै टाढासम्म रहेको संकेत मिल्दछ ।

हेमिल्टनले किरातीहरूको उल्लेख गर्दै यी जातिहरू केही झगडालु प्रवृत्तिका, साहसी तर प्राकृतिक अवस्थाका भएपनि अरू धेरै छिमेकी जातिहरू भन्दा केही शिक्षित भएको

---

[८] राम निवास पाण्डे र दिनेशचन्द्र रेग्मी, *नेपालको पौराणिक इतिहास,* (काठमाडौः नेपाल एशियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर, २०५४), पृ. ३५

[९] श्रेष्ठ, *पूर्ववत* नं. (१)

[१०] जाँचबुझ केन्द्र, *मेचीदेखि महाकाली, भाग -१,* (श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, २०३१), पृ. १५

[११] Dor Bahadur Bista, *People of Nepal* (Kathmandu: Ratna Pustak Bhandar 1972 Second edi.), P.32

[१२] Bernard Pignede, *The Gurungs, A Himalayan Population of Nepal* (English edition by Sarah Harrison and Alad Macfarlane,(Kathmandu: Ratna Pustak Bhandar, 1993), P.424

उल्लेख गरेका छन् । उनले किरात, लिम्बू, लेप्चालाई फाल्टाफाल्टै तर उस्तै बानी व्यहोरा भएका जातिका रूपमा चर्चा गरेका छन् ।[१४] किरात जातिहरू तिब्बत बर्मेली भाषा परिवारभित्रको भाषा बोल्ने गर्दछन् जसलाई समग्रमा किराती भाषा भनिन्छ । उनीहरूको मंगोलियन आकृति, फुस्रो पहेलो रंग, चौडा अनुहार, बदामी चिस्से आँखाले गर्दा क्षेत्री र ब्राह्मणसँग अलग्गै छुट्टिएका देखिन्छन् ।[१५]

किरात जातिहरूले नेपालमा लामो समयसम्म राज्य गरेका पाइन्छन् । यी जातिहरू नेपालमा कहाँबाट आए भन्ने विषयमा पनि विभिन्न मत भिन्नता रहेको भेटिन्छ । सर जोन हेमरटन (Sir John Hammertion) का अनुसार इसामसिह भन्दा ४,००० वर्ष अगाडि पर्सिया खाडीको उत्तरीय समतल भूमिमा दुई खालका सभ्य जातिहरू बस्दथे । उत्तर मैदानमा बस्नेलाई अकादवंश र दक्षिणी मैदानमा बस्नेलाई सौमर वंश भन्थे ।[१६] सौमर अर्थात मङ्गोल वंशका एउटा ठूलो जमातले ३,००० वर्ष इसापूर्वमा पूर्व दिशा आई चीन राज्य स्थापित गरेको थियो । यही मङ्गोल दलको एक शाखा छुट्टिएर काबुल, पञ्जाव भई गंगा नदीको मैदानमा आई बसोबास गर्न थाले । कैयौं पुस्तापछि आर्यहरूले यिनै सौमर वंशलाई किरात वंश भन्न लागेको हो भन्ने प्रमाण महाभारत ग्रन्थमा पाइन्छ ।[१७] महाभारतकालमा किरातीहरू हिमालय भेगतिर बसोबास गरिरहेको अनुमान गर्न सकिन्छ । अर्जुनले धनुर्विद्याको विशेष ज्ञान किरात प्रदेशमै प्राप्त गरेको महाभारतबाट सिद्ध हुन्छ ।[१८] महाभारतकै वनपर्वको २८ बाट ३१ यी चार अध्यायमा शिवजीले किरात रूप धारण गरेको प्रष्ट वर्णन छ ।[१९] ऋग्वेदको नमुचि, शम्वर, बर्ची आदि किराती नै हुन् । ऋग्वेदकालदेखि नै किरातीहरू सुर, वीर र सय-सय दुर्ग किल्ला आदि बनाएर शासन गर्ने राजा महाराजा र सभ्य भएर अट्टालिकाहरूमा बसेका थिए । किरातहरू अन्य ठाउँ कतैबाट आएको नभई नेपालकै हिमालयमा उत्पत्ति भएका र आज पनि आफ्नै जन्मस्थलमा बसेका छन् भन्ने डा. स्वामी प्रपन्नाचार्यको मत रहेको छ ।[२०] यसैगरी किरातीहरू नेपालमा सर्वप्रथम तीन दिशाबाट आई हिमालय पहाडका तराई तराईमा आफ्नो बासस्थान जमाए । पश्चिम दिशाबाट आउनेलाई काशीवंश, पूर्वबाट आउनेलाई ताईस्थान वंश र उत्तरबाट आउनेलाई

---

[१४] F.B. Hamilton, *An Account of the Kingdom of Nepal* (New Delhi: Manjusri Publishing House, 1971), P. 53-55

[१५] बिष्ट, *पूर्ववत्* नं. (११)

[१६] इमानसिंह चेम्जोङ, *किरात इतिहास,* (महालक्ष्मीस्थान ललितपुर, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालयः २०५९, पाँचौ संसकरण), पृ. १

[१७] उही, पृ. २

[१८] बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रुपरेखा,* (कृष्ण कुमारी देवी, २०३३, चौथो संस्करण), पृ. ३४

[१९] डा. स्वामी प्रपन्नाचार्य, *वेदमा के छ,* (काठमाडौंः साझा प्रकाशन, २०५०, दोस्रो संस्करण), पृ. १६८

[२०] उही, पृ. १७२

लासावंश भन्दछन् भन्ने किरात वंशको शसि मुन्धुममा उल्लेख भएको पाइन्छ ।[२१] पर्सिभल लान्डनका अनुसार द्वापर युग १,५०० वर्ष जाँदा किरातहरू नेपालमा आई राज्य गर्न लागेका हुन् ।[२२] किरात अनुश्रुति अनुसार भोटस्थित ताशीरब्का भन्ने ठाउँको कुनै गोठालोकी चमरी गाई (याक) हराएर वालेङ्चुङबाट याङमा घाटीतिर आइछ । यसै गाईको पछि गोठालाहरूको एक दलले हिमालयको उब्जाउ दक्षिणी फाँटमा आएर बसोबास गर्न थाले । वर्तमान किरातीहरूमा प्रचलित विश्वास अनुसार पनि किरातीहरूको हिमालयवारि यही प्रथम आगमन हो ।[२३] अध्ययनबाट केसम्म अनुमान गर्न सकिन्छ भने कुनै समय उत्तरतिरबाट र भुमध्यसागरको क्षेत्रबाट भारतीय उपमहाद्वीपमा आएर किरातहरूले सभ्यताको जग बसालेका हुन् । सिन्धु सभ्यताको उत्खननबाट धेरै हदसम्म यस कुराको पुष्टि गर्न सकिने प्रमाणहरू फेला परेको कुरा चर्चामा आएको पाइन्छ । पछिबाट घुमन्ते जीवन बिताउँदै दक्षिणतर्फबाट भारतीय क्षेत्रमा आइपुगेका आर्यहरूका कारण विस्थापित भई हिमाली क्षेत्रतिर किरातहरूले कब्जा जमाएर बस्न थालेका उदाहरण पनि प्रशस्त पइन्छन् ।

नेपालमा ईसापूर्वकै समयदेखि किरातहरूको शासन रहेको पाइन्छ । नेपालको इतिहासमा स्वर्णकाल भनेर संज्ञा दिइएको लिच्छविकालभन्दा अगाडि नेपाल खाल्डोमा किरात वंशले शासन गरेको पाइन्छ । गोपालवंशालीका अनुसार प्रथम किरात राजा एलम (यलम्बर)देखि श्री खिगुसम्म जम्मा ३२ पुस्तासम्मका किरात राजाहरूले राज्य गरे । किरातहरूले गोपाल र महिषपालहरूलाई जिती राज्य शासन आफ्नो हातमा पारेका थिए ।[२४] त्यसपछि लिच्छविहरूको आगमन नेपाल उपत्यकामा भयो र किरातहरू विस्तारै उपत्यकाबाट पूर्व पश्चिमतिर लागेर स-साना राज्य बनाई बस्न थाले । उन्नाइसौं शताब्दीमा आइपुगेपछि पश्चिमतिरबाट आएको यस नविन शक्तिको धक्का किरात प्रदेशमा पनि पुग्यो । परन्तु पछि चन्द्रशमशेरको प्राइममिनिष्टरी कालसम्म पनि स्वाभिमानी किरातहरू पूर्णतः कसैका वशमा थिएनन ।[२५] अन्तिम किरात राज्यको रूपमा विजयपुरलाई लिन सकिन्छ जसको अस्तित्व वि.सं. १८३० को दशकसम्म  थियो । यसका अलावा थुम-थुममा किरात आपुङ्गी राजाहरूले किरात देशमा राज्य गरेका थिए ।[२६] नेपाल एकिकरणपछि पनि किरात लिम्बूहरूले आफ्नै तरिकाले लिम्बूवान क्षेत्रको प्रशासनिक कार्यहरू गरेका

---

[२१] चेम्जोङ, *पूर्ववत्* नं. (१६) पृ. २-३
[२२] डा. हर्षबहादुर बुढामगर, *किरात वंश र मगरहरु,* (काठमाडौंः उन्नति बोहरा, २०४९) पृ. ३६
[२३] श्रेष्ठ, *पूर्ववत्* नं. (१), पृ. १०
[२४] Dhanvajra Vajracharya and Kamal P. Malla, *The GOPALARAJA VAMSAWALI*, (Nepal Research Centre Publication, 1985), P. 1-2
[२५] शर्मा, *पूर्ववत्* नं. (१८), पृ. ३६
[२६] इमानसिंह चेम्जोङ, *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास,* (केन्द्रीय कार्यालय, किरात याक्थुङ चुम्लुङ, २०५९ दोस्रो संस्करण)

थिए । यसको लागि शासक वर्गबाट केही नीति नियमहरू तोकिएका थिए । किपटसँग किरात जातिको एउटा लामो इतिहास गासिएको छ ।[२७]

यसरी प्राचीनकालदेखि यहीको ढुङ्गा माटोसँग आफ्नो अस्तित्व कायम गरेर बसेका किरात जातिहरू नेपालका आदिवासी जनजातिहरू हुन् । हाल आएर राई लिम्बू, याक्खा र सुनुवार जातिहरूले मात्र आफूलाई किरात जातिका रूपमा खुलेर परिचय दिने गरेका र अरू किरात वर्गभित्रका जातिहरू अन्यौलमै रहनाले एउटा विस्तृत अर्थ बोकेको किरात शब्दभित्र संकुचन आएको महसुस हुन्छ । धेरै लेखकहरूले राई र लिम्बूलाई मात्र किरात जातिभित्र राखेर उल्लेख गरेपछि यसले अरू जातिलाई नकारात्मक असर पारेको हुनसक्छ । किरात जाति हरेक पक्षमा मौलिकता भएको जातिको रूपमा चिनिएको छ । आफ्नो भाषा, धर्म, लिपि, साहित्य, संस्कार, संस्कृति जस्ता पक्षहरू शसक्त भएकाले पनि नेपालको प्रमुख जातिहरू मध्ये किरात जातिको नाम अग्रस्थानमा आउने गर्दछ । पूर्वका किरात बहुल क्षेत्रहरूमा किरात जातिको अस्तित्वसँग गासिएका ऐतिहासिक स्थलहरू असंख्य रहेका छन् । किरात धार्मिक स्थल माङ्सेबुङ लारुम्बा पनि किरात जातिहरूको बाहुल्यता भएको स्थल हो ।

समग्रमा भन्नुपर्दा किरातीहरू नेपालका प्राचीन जाति हुन् । हुन त किरातीहरूका सम्बन्धमा अथर्व वेद, रामायण, महाभारत र अन्य प्राचीन हिन्दु पुराणहरूमा पनि उल्लेख भएको पाइन्छ । तर काठमाडौं उपत्यकामा प्रवेश गरेपछि विशेष रूपमा आफ्नो सभ्यता र संस्कृतिको विकास गरी बाह्रसय वर्षभन्दा बढी किरातीहरूले आफ्नो शासन चनाए । हिजोआज तिनै किरातीहरू नेपालका पूर्वी पहाडी इलाकाहरूमा बसोबास गर्छन् र तिनीहरू राई र लिम्बू जातिमा विभाजित छन् । हुन त हिजोआज किरातीहरू को हुन् भन्ने सम्बन्धमा विवाद पनि उठ्न थालेको छ । कोही भन्छन् किरातीहरू शुद्र हुन् र कोही भन्छन् उनीहरू क्षत्रिय हुन् ।[२८] वास्तवमा किरातीहरू न त शुद्र हुन न त क्षत्रिय नै । आज किरातीहरूले गर्वका साथ हामीहरू किराती हौं भन्ने बेला आएको छ किनकी किरातीहरूको आफ्नो बेग्लै जातीय अस्तित्व छ, आफ्नै धर्म र संस्कृति छ अनि आफ्नै सामाजिक परम्परा र सभ्यता छ ।[२९]

---

[२७] श्रेष्ठ, पूर्ववत् नं. (१), पृ. ४५-८९
[२८] शिवकुमार श्रेष्ठ, मेरो भनाई, किराती लोक कथाहरु, (धरान: केशर पुस्तक पसल, २०४८, दोस्रो संस्करण)
[२९] उही,

## ३.३ किरात धर्मः

सामान्य अर्थमा वर्तमान परिप्रेक्ष्यमा धर्म भन्नाले मानिसद्वारा निश्चित आध्यात्मिक सिद्धान्त, ईश्वर वा दैवी शक्तिमाथिको निष्ठा, त्यसपछि भावनात्मक सम्बन्ध तादात्म्य कायम गर्न मानिसद्वारा अवलम्वन गरिने उपासना तथा अन्य आत्मशुद्धिका उपायहरू वा संस्कारहरूको (सामुहिक) संगठनात्मक स्वरूप भन्ने बुझ्न सकिन्छ । ऐतिहासिक विस्तृत परिप्रेक्ष्यमा यस धर्म शब्दले मानव सभ्यताको इतिहासको खास-खास अवस्थामा लोकोपकारी उद्देश्य लिएर विश्वका अनेक भागमा प्रकट भएका महापुरुषहरूले प्रचार गरेका उद्देश्यमूलक विशिष्ट शिक्षा, उनीहरूले प्रतिपादन गरेका मतहरूको सैद्धान्तिक, संगठनात्मक र व्यवहारिक स्वरुपलाई (समाष्टिगतमा) पनि लिन सकिन्छ ।[३०]

मानव समाजको निर्माण सँगसँगै धर्मको प्रादुर्भाव भएको हुन्छ जसले हरेक व्यक्तिलाई, परिवारलाई, समाजलाई प्रत्यक्ष एवं परोक्ष रूपमा निर्देशित गरेको हुन्छ, नैतिकताको पाठ सिकाएको हुन्छ । धर्म भन्नाले धारण गर्नु भन्ने शाब्दिक अर्थ लाग्दछ । यो राजनीतिसँग अति निकटमा रहँदा रहँदै पनि इतिहास, समाज शास्त्र, मानवशास्त्र, नैतिक शास्त्र इत्यादिका साथै विज्ञानसँग पनि सम्बद्ध भएर रहेको हुन्छ, मिसिएर रहेको हुन्छ ।[३१] धर्मको जात वा जाति हुँदैन भनिन्छ तर पनि हामी धर्मलाई कुनै न कुनै जाति, सम्प्रदाय र देशसँग जोडिएको नै पाउँदछौं । धर्म नामले जातिलाई अथवा जाति नामले धर्मलाई समेत बुझाउँछ ।[३२] धर्मभित्र एक किसिमको मानवीय गुणलाई उजागर गर्ने शक्ति हुन्छ । धार्मिक विश्वासको रूपलाई अन्यसँग सजिलै तुलना गर्न पनि असम्भव हुन्छ । त्यसैले धर्मलाई अफिमको संज्ञा दिइएको हुनुपर्छ ।

विश्वका विभिन्न धर्महरूको लहरमा किरात धर्म पनि उभिन पुगेको छ । किरात धर्मको सम्बन्धमा विभिन्न किसिमका प्रश्न उब्जने गरेको पाइन्छ । कसैले यो धर्मलाई एकदमै नौलो धर्मको रूपमा केही वर्ष अघिदेखि मात्र सुरू भएको धर्मको रूपमा बुझेका छन् भने कतै हिन्दु धर्मको प्रभावमा परेको धर्मको रूपमा लिएको पाइएको छ । विश्वमा प्रचलित धर्महरूको दर्शनलाई हेर्दा, त्यसको निचोडलाई हेर्दा अन्ततः उद्देश्य एउटै भएको थाहा पाइन्छ । त्यसैले धार्मिक प्रणेताहरू धर्मको विषयमा भन्ने गर्दछन् - 'पुग्नु पर्ने उही

---

[३०] प्रेमकुमार खत्री, *उत्पत्तिः मानव सभ्यताका केही पक्षहरुको ऐतिहासिक एवं मानवशास्त्रीय अध्ययन,* (काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०५५) पृ. ११७

[३१] नविन लिङ्देन, *किरात धर्म परिचय, सिरिजङ्गा,* छैठौ विशेषांक, (२०५७-५८), पृ. २३७

[३२] वैरागी काईला, *महागुरु फाल्गुनन्दको किरात धर्ममा योगदान,* विशेषांक, मुहिगुम अङ्सीमाङ फाल्गुनन्द, (२०६२), पृ. १८

ठाउँमा हो बाटो मात्र फरक फरक अपनाइएको छ ।' यति हुँदाहुँदै पनि हरेक बस्तुको जब अस्तित्वको खोजी गरिन्छ त्यहाँ मौलिक परिचयको प्रश्न उब्जने गर्दछ । त्यसैले हरेक धर्मको आफ्नो विशिष्ट दर्शन रहेको हुन्छ र त्यही दर्शनको माध्यमबाट हामी कुन धर्म कति विशिष्ट रहेको छ भन्ने थाहा पाउँदछौं ।

'किरात धर्म' धेरैको लागि एउटा जिज्ञासाको विषय बनेको हुन सक्छ किनकी यो धर्म बारेमा त्यति धेरै गृहकार्य भएको छैन । ईश्वरको अवधारणा नै जाति विशेषको धर्मको जड किरात धर्ममा तागेरा निङ्वाभुमाङ सर्व शक्तिमान, सर्वज्ञान, सर्वव्यापी ईश्वर हुन् । ईश्वर (माङ) भनेको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हुन् । जताबाट पनि आइपुग्ने तागेरा अर्थात सर्वशक्तिमान र सर्वव्यापी ईश्वर भनेको उज्यालो आत्मा हो जसले विश्व ब्रह्माण्ड र चराचर जगतको सृष्टि गऱ्यो । तर ईश्वरलाई मानिसले जान्न र बुझ्न सक्दैन । त्यसैले किरात धर्म र दर्शनमा ईश्वरलाई निर्गुण (मेन्निमाङ) निराकार (मेन्धामाङ) मानिन्छ ।[३३] किरात धर्ममा अवतार चरित्रको परम्परा छ । मानिसका कल्याणका लागि ईश्वर अवतार चरित्र ग्रहण गर्दछन् र विविध नरचोलाधारी देवी देवताका स्वरुप ग्रहण गरी लोकमा आएर मानिसहरू सँगसँगै बस्दछन् । सृष्टिको रक्षा र कल्याणका लागि तथा सबै दुष्टात्माबाट मानिसलाई जोगाउन ईश्वरको यस्ता नरचोलाधारी अवतार चरित्रहरूमा युमा, थेबा, नाहाङ्मा, पित्चम्मा, तुङ्दुङ्गे, हिम्साम्माङ आदि मुख्य छन् । यिनमा पनि युमाको स्थान अवतार चरित्रहरूमा सर्वोत्कृष्ट मानिन्छ । यिनलाई सर्वशक्तिमान, सर्वव्यापी र ज्ञानी पुरुष देहमा प्रवेश गरी उसलाई ईश्वरत्व प्रदान गर्ने शक्तिले सम्पन्न भएकी मानिन्छ ।[३४]

किरात समाजमा एउटा विशिष्ट पक्ष के भेटिन्छ भने गुरूशिष्य परम्पराबाट सदियौंदेखि समाजको लागि आवश्यक संस्कारहरूको जन्म भइरहेको हुन्छ जसमा मौखिक रूपमा सुनेका कुराहरू कण्ठ गर्न सक्ने क्षमता हुन्छ । मौखिक बाचन गरिने यस्ता कुराहरूलाई थुङ्साप मुन्धुम भनिन्छ । किरात धर्म नाम रहनुभन्दा अघि पनि किरातीहरू तिनै फेदाङ्मा, साम्बा, येवा, येमा जस्ता दैवी शक्ति लिएर जन्मेका मुन्धुमविदहरूको सहायताबाट आफ्नो जीवनपद्दतिलाई सुचारू राख्दथे । एउटा निश्चित नामको अभावमा कतै मुन्धुम धर्म, कतै प्रकृति धर्म, कतै युमा धर्म आदि नामले केही दशक अघिसम्म आफ्नो मौलिक धार्मिक परम्परालाई चिनाउने गरेका थिए । यसरी सदियौंदेखि मानिदै आएको मुन्धुमका विविध पक्षहरूलाई नै मार्ग निर्देशक मानेर जन्म अघिदेखि मृत्युपछि

---

[३३] वैरागी काइँला, स्मारिका, *इमानसिंह चेम्जोङ व्यक्तित्व र कृतित्व*, (ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, २०६१), पृ. ३-४
[३४] *उही,*

सम्मको लागि गरिने कार्मकाण्डीय विधिहरूको समष्टि रूपलाई किरात धर्म भनिन्छ । किरात धर्मको नामाकरण वि.सं. २०३६ सालमा किरात धर्मगुरु आत्मानन्द लिङ्देनबाट भएको हो । किरात हुँ भनेर गर्व गर्ने सम्पूर्ण जातिको परिवेशमा हुर्केको यो धर्म कुनै जाति विशेषमा आवद्ध छैन, पन्थ विशेषमा मात्र पनि सम्बद्व छैन ।[३५]

मूलतः किरात धार्मिक स्थल माङ्सेबुङ लारुम्बाबाट प्रतिनिधित्व गर्ने किरात धर्मको दर्शनले व्यापक अर्थ बोकेको छ । महागुरु फाल्गुनन्दद्वारा प्रारम्भ गरिएको समाज र धार्मिक सुधारको लागि सत्य भोजन गर्ने, सत्य बेल्ने, सत्य कर्म गर्ने अनि दैनिक जीवनमा उहाँले प्रयोग गर्नुभएको नारी पोशाक र गरगहनाका कारण चेलाभुलाहरूले सत्यहाङ्मा नाम राखिदिए । यो शब्द पछिबाट फाल्गुनन्दको उपनामको रूपमा चर्चित हुन पुग्यो र उहाँको अनुयायीहरूलाई सत्यहाङ्मा पन्थी भन्न थालियो । तर माङ्सेबुङ लारुम्बालाई केन्द्र मान्ने यो धर्मले कुनै पन्थको रूपमा स्वीकार नगरी एउटा समग्र अर्थ दिने किरात धर्मको व्याख्या गर्दछ । कुनै पनि शुभ कार्यको थालनी गर्दा चाहे दियो कलश बालियोस् या साधारण अगरबत्ती मात्र जलाइयोस्, फलफूल राखियोस् या जीव हत्या गरियोस् ती आ-आफ्नै आस्था अनुसार धर्मको नाममा गरिन्छन् र त्यसलाई धर्मको एउटा रूप मानिएको हुन्छ । माङ्सेबुङबाट बुलन्द भएको महागुरु फाल्गुनन्द लिङ्देनद्वारा सुधारिएको किरात धर्म दर्शन र धर्मगुरु आत्मानन्द लिङ्देनद्वारा संरक्षण, सम्बर्द्धन र परिमार्जन गरिदै आएको किरात धर्म दर्शनले साम्जिक मुन्धुम पढेर सम्पन्न गरिने कर्मकाण्ड, सात्विक जीवनशैली, आहार विहार जस्ता पक्षलाई विस्तारपूर्वक अर्थ लाउने काम गरिरहेको छ र किरात धर्मलाई विश्वमा चिनाउने पहल भइरहेको छ ।[३६] यसरी किरात धर्मले सदियौंदेखि किरातीहरू माझमा रहेको लोपोन्मुख दर्शनलाई बचाएर एउटा सिङ्गो धर्म दर्शनको रूप लिएको छ । किरातहरूको इष्ट देवीदेवताहरू युमा साम्माङ, थेबा साम्माङको नामबाट युमा धर्म, फेदाङ्मा धर्म, थेबा धर्मको रूपमा आफ्नो धर्मलाई चिनाए पनि वास्तवमा त्यो किरात धर्म नै हो । किरातीहरू विश्वको जुनसुकै भागमा पुगेपनि इष्टदेवी देवता एकै मान्दछन् । यसमा कुनै दुईमत छैन । सदैव अहिंशा र विश्वमा शान्ति कायम होस् भन्ने आवाजका साथ धार्मिक ज्ञान फैलाउनको लागि समर्पित किरात धर्म नेपाल सरकारको जनगणना महलमा किटानका साथ उल्लेख भइसकेको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा किरात धर्म मान्नेहरूको संख्या ८,१८,१०६ (३.६० प्रतिशत) रहेको छ । यो धर्म नेपालका विभिन्न धर्महरूमध्ये चौथो

---

[३५] लिङ्देन, *पूर्ववत्* नं. (३१), पृ. २३९

[३६] स्थलगत, अध्ययन, २०६३

प्रमुख धर्मको रूपमा स्थापित भएको छ ।[३७] यसरी किरात धर्म प्राचीन भएर पनि भर्खर मात्र अरू धर्मसँगै उभिन सक्ने स्थितिमा पुग्दै गरेको देखिन्छ ।

### ३.४ मुन्धुमः

मुन्धुम शब्द किरातीहरूको लागि कुनै अपरिचित शब्द होइन । हरेक कुरामा मुन्धुमको उदाहरण पेश गर्ने चलन किरातीहरूमा रहेको छ । जन्मनु अघिदेखि नै कुनै पनि किरात जातिको मुन्धुमसँग सम्बन्ध गाँसिन गएको देखिन्छ । वास्तवमा मुन्धुम भन्न जति सजिलो छ, अर्थ जान्न उत्तिकै गाह्रो पनि छ । त्यसैले मुन्धुमको बारेमा जान्नको लागि मुन्धुमी ज्ञान भएका बुढापाकाहरूलाई सोध्नुपर्ने हुन्छ । मुन्धुमलाई किरातहरूको धर्म शास्त्र मानिन्छ तर यसको अर्थ असिमित रहेको छ । आज घटेको घटना भोली विगत बन्छ अनि केही समयपछि त्यो कथा जस्तै बन्छ र त्यसले पछिबाट मुन्धुमको रूप लिन्छ । यो पनि मुन्धुमकै एउटा पाटो हो ।[३८] किरातीहरूको जीवन र मुन्धुमबीच नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । मुन्धुम बिना कुनै पनि किरात जातिको मौलिक पहिचान बन्न सक्दैन । यस्तो विस्तृत महत्व मुन्धुमको रहेको छ । मुन्धुम शब्द मुन (हल्लिनु) र दुम ( शक्ति) को योगबाट बनेको छ जसको शाब्दिक अर्थ स्वतस्फूर्त रूपमा चलायमान भइरहनु भन्ने हुन्छ ।[३९] किरात धर्म र मुन्धुमलाई एउटै सिक्काको दुई पाटा जस्तै मान्न सकिन्छ । मुन्धुमको मार्गमा आफूलाई समर्पित गर्नु नै धर्ममा प्रवेश गर्नु हो । पूर्खाहरूको हजारौं वर्षको भोगाई, सोचाई, अनुभव, अनुभूति र मूल्य मान्यताहरूको समग्रबाट बनेको सभ्यताभित्र जीवनलाई हेर्ने प्रवृत्तिलाई बुझ्ने, समाजलाई आवश्यक पर्ने नीति नियम, कानुन आदिको निर्माण भएपछि त्यही दर्शनले आध्यात्मिक चिन्तनको विकास गऱ्यो र धर्मको जन्म भयो । किरात धर्म पूर्खाहरूको हजारौं वर्षको जीवन जगतप्रतिको बुझाई र भोगाईले सिर्जना गरेका नियमहरूको संग्रह हो । किरात मुन्धुममा तिनै पूर्खाहरूका जीवन भोगाईका अनुभूतिहरू संकलित छन् । मुन्धुमका कथाहरू कुनै काल्पनिक नभई यही धरतीका खोलानाला, पहाड पर्वत, गुफा, पोखरी तथा आजसम्म किरातीहरूले पुज्दै आएका ऐतिहासिक स्थलहरूमा आधारित छन् ।[४०]

---

[३७] Dilli R. Dahal, *Socio-Cultural Diversity for Dialogue, Cultural and Religious Diversity: Dialogue and Deveplopment* (UNESCO Kathmandu Series of Monographs and Sorking Papers, No. 6), P. 16

[३८] *अन्तर्वार्ता,* गंगाराम खजुम, फेदाङ्मा, वर्ष (७२) बसन्तटार-२, धनकुटा, २०६३

[३९] *अन्तर्वार्ता,,* थल्लङ मनप्रसाद, अध्यक्ष, किरात साम्यो माङसेवासाबा मुजोत्लुङ पान्जुम्भो, माङ्सेबुङ लारुम्बा, २०६३

[४०] विवश हेल्लोक, *किरात मुन्धुम र किरात भूमिको सम्बन्ध,* पालाम त्रैमासिक, वर्ष १, अंक ४/५, पूर्णाक १०, (२०६२), पृ. ४५-४६

मुन्धुमभित्र सामाजिक, सांस्कृतिक, नैतिक र धार्मिक आस्था वा अनुभवबाट निर्मित अनेक आख्यान, गाथा, लोककथा, लोककाव्य, उखान-टुक्काका माध्यमले मुखमुखै जिवित राखिएका शास्त्रहरूको समष्टि हुन्छ । मौखिक परम्परागत श्रुतिशास्त्रभित्र किरात जातिका पुरोहित फेदाङ्मा, साम्बा, येवा, येमाहरूले अनादिकालदेखि नै ब्रह्माण्डको उत्पति, पृथ्वीको सृष्टि, मानिस तथा चराचर जगतका सृष्टिका आख्यानहरूलाई हराउन नदिई जोगाएर आएका छन् । यिनै आख्यानहरूको समष्टिलाई मुन्धुम भनिन्छ ।[४१] मुन्धुमलाई किरात लिम्बू जातिमा भगवान मुबेक्वाको शास्त्र पनि मानिन्छ । राजा सिरिजङ्गाका अनुसार मुन्धुम भनेको लिम्बू किरात राजाको शास्त्र पनि हो ।[४२] मुन्धुम अनुसार ब्रह्माण्डको सृष्टि पश्चात हावापानी, आगो, पृथ्वी, आकाश जस्ता पञ्चतत्वहरूको पनि उत्पत्ति भइसकेपछि वनस्पति, पशुपंक्षी, कीट-पतङ्गहरूको सिर्जना भयो र अन्त्यमा सृष्टिको रचनालाई बचाएर, संरक्षण गर्दै त्यसलाई निरन्तरता दिनको निम्ति सृष्टिका मालिक तागेरा निङ्वाभूमाङले गरेका हुन् ।[४३] त्यसैले सृष्टिका कान्छो सन्तान भनेर किरात साम्जिक मुन्धुममा मानवहरूलाई संकेत गरिएको छ । यसरी पृथ्वीमा सृष्टि भएपछि कालान्तरमा सप्माकुमाङ, थक्लेसाम्माङ, सावायेहाङ, पेलीफाङ्हाङ, तुत्तुतुम्याङ, मेन्छाम्याप्मी र थक्सापुसाहरूबीच जीवन बचाईको क्रममा प्रकृतिसँग संघर्ष गर्दै आउँदा घटेका सम्पूर्ण घटनाहरू नै मुन्धुमको मुन्धुमी पक्ष हो ।[४४]

किरात इतिहासमा मुन्धुमको पहिलो प्रयोगकर्ता महात्मा येहाङ थिए । पृथ्वीमा मानवहरूको प्रादुर्भाव भएपछि क्रमशः बढ्दै गए र धेरै पुस्तासम्म पशुपंछी प्राणीहरू झै हाडनाता साइनो सम्बन्धको कुनै ख्याल नगरी एउटै कोखमा जन्मेका चेली माइतीबीच बिहे गरेर सन्तान जन्माउँदै, खाँदै, बढ्दै, मर्न मात्र जान्ने भए । यस्तो अवस्थामा रहेको धेरै पुस्तापछि मानिसहरूका माझमा एक ज्ञानी पुरुष जन्मिए । उनले मानिस जातिलाई पशुप्राणीको अवस्थाभन्दा सभ्य अवस्थामा पुऱ्याउनको लागि मुन्धुम बनाई यसलाई दुई भाग थुङ्साप (मौखिक) र पेसाप (लिखित) मा विभाजन गरे ।[४५] समग्रमा यसलाई येहाङ मुन्धुम

[४१] वैरागी काईला, *भूमिका, चःइत मुन्धुम* (सृष्टि वर्णन), (काठमाडौः लिम्बू विकास साहित्य संस्था, २०६०), पे. ग
[४२] काइला, *पूर्ववत* नं. (३३), पृ. २
[४३] इमानसिंह चेम्जोङ, *किरात मुन्धुम (किरात वेद),* ( ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, २०५९, तेस्रो संस्करण), पृ. १-१७
[४४] अर्जुनबाबु माबुहाङ, *लिम्बूवान,* (धरानः लालबहादुर लुङ्गफुङवा, चन्द्रकला खेवाङ्ग, जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च नेपाल, बागबजार, २०६३), पृ. ६९
[४५] इमानसिंह चेम्जोङ, *किरात दर्शनको सारांश* ( ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय, २०५९, दोस्रो संस्करण), पृ. ८

भनिन्छ । येहाङ मुन्धुमबाट नै धर्म, कर्म, रीतिथिति, नियम, कानुन, संस्कार गर्ने, कर्मकाण्डहरू गर्ने, जपतप, पूजापाठहरू गर्ने विधिविधानहरूको उदय भएको मानिन्छ ।[४६]

थुङ्साप मुन्धुम भनेको मुखाग्र रूपमा कण्ठस्थ गरेर राखिने मुन्धुम ज्ञान हो । नित्य जपतपद्वारा दैवीशक्ति मानिसको आत्मामा प्रवेश भई आफसेआफ प्राप्त हुने ज्ञानलाई कण्ठस्थ पारी विधि अनुसार थान-मान पुऱ्याएर पूजा अर्चना गर्दै यो मुन्धुमलाई प्रयोगमा ल्याइन्छ । पेसाप मुन्धुमलाई येहाङले चार भागमा विभाजन गरे जसलाई लिइङ चम्जिक मुन्धुम भनिन्छ ।[४७] जुन निम्न रहेका छन्-

(१) सक्सक् मुन्धुम (सृष्टि वर्णनको शास्त्र)

(२) साम्जिक मुन्धुम (किरात दर्शन शास्त्र)

(३) साप्जि मुन्धुम (आध्यात्मिक दर्शन शास्त्र)

(४) साप्मुन्धुम (इतिहास शास्त्र)[४८]

यसरी आदि पुरुष येहाङको समयदेखि लगातार किरात समाजमा मुन्धुमलाई बचाएर ल्याउने क्रममा धेरै उतारचढाव आएपनि मूल रूपमा मुन्धुम बदलिएको छैन । यसलाई व्याख्या गर्ने, अर्थ लाउने क्रममा केही फरक भने हुन सक्छ । आज पनि येहाङ बाचा, येहाङ मुन्धुम भनेर मुन्धुमको कथाहरू सुनाउने चलन किरात जातिमा छ । वर्तमान समयमा मुन्धुमको दायरा व्यापक र फराकिलो भएर गएको पाइन्छ । सृष्टिको कथादेखि लिएर कर्मकाण्ड, देवीदेवता, पाप र धर्मका प्रसँगहरू, संस्कृति मनोरञ्जन, लोककथा, आख्यान जस्ता कुराहरू मुन्धुमसँग नजोडिइरहन सक्दैन । मुन्धुमी भाषा निकै जटिल रहेको छ । स्वयं मुन्धुम भन्नेहरूले पनि कतिपय अवस्थामा त्यसको अर्थ दिन सकेका हुँदैनन् । मुन्धुमका विज्ञहरूले पनि मुन्धुमलाई बुझ्न सकेको पाइन्न । त्यसैले समयसँगसँगै मुन्धुमलाई बचाएर राख्नको लागि श्रुति परम्परामा आधारित मौखिक मुन्धुमलाई समेत लिखित रूपमा राख्ने कार्य भइरहेको छ । मुन्धुमका विभिन्न विधा/विषय अनुसार प्रस्तुत गर्ने शैली फरक फरक रहेको हुन्छ ।[४९] गद्यात्मक शैलीका पनि अलग-अलग छन्द हुन्छन् र त्यसैको माध्यमबाट सुख र दु:खको अनुभूति दिने, मनोवैज्ञानिक उपचार गर्ने कार्यहरू किरातीहरूले वर्षौंदेखि एउटा चलनको रूपमा स्वीकारेर ल्याएका छन् ।

---

[४६] तेजबहादुर मेन्याङ्बो, *धर्म, सृष्टि र संस्कृति,* (मिना कुमारी लिम्बू, २०५५), पृ. २२

[४७] *उही,* पृ. २३

[४८] चेम्जोङ, *पूर्ववत्* नं. (४५)

[४९] *अन्तर्वार्ता,* भगिहाङ फेजङ, सचिव, किरात साम्यो, नालीफुङवा मुजोत्लुङ पान्जुम्भो, २०६३

किरात धर्ममा कुनै पनि कर्मकाण्ड संस्कारहरूमा माङसेवासाबा (किरात पुरोहित) हरूद्वारा संस्कारको प्रकृति अनुसार पुस्तकभित्र संग्रहित किरात साम्जिक मुन्धुम पढेर सम्पन्न गर्दछन् । साम्जिक मुन्धुम मुहिगुम अङ्सी (महात्मा ज्ञानी पुरुष)हरूको माध्यमद्वारा स्वयं तागेरा निङ्वाफुमाङले दिएको मानिन्छ । महागुरू फाल्गुनन्दले लोपोन्मुख, विकृतिपूर्ण रहेको कर्मकाण्डको सुधार गर्ने क्रममा किरात साम्जिक मुन्धुमलाई किरात लिपिमा लिपिवद्ध गराउनुभएको र त्यसैलाई हाल धर्मगुरु आत्मानन्द लिङ्देनद्वारा व्याख्या सहित संशोधन गर्दै पुनः लिपिबद्ध गरी प्रयोगमा ल्याइएको छ ।[५०] यसका अलावा समाजमा फेदाङ्मा, साम्बा, येवा, येमा आदि परम्परादेखि निस्कदै आएका किरात पुरोहितहरूले पनि आफ्नो विधा बमोजिम कार्य गरिआएका छन् । उनीहरूले काम्दै बक्ने मुन्धुमलाई चम्जिक मुन्धुम भनिन्छ ।[५१] यसरी किरात जाति, किरात धर्म र मुन्धुमको अटुट सम्बन्ध रहेको छ ।

---

[५०] अन्तर्वार्ता, *पूर्ववत्* नं. (३९)

[५१] नविन लिङ्देन, *किरात धर्म दर्शन र मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन,* स्मारिका, किरात धर्म तथा साहित्य उत्थान संघ, (२०५७), पृ. २८

# चौथो अध्याय

# महागुरु फाल्गुनन्दको संक्षिप्त जीवनी र योगदान

## ४.१ येहाङ मुन्धुम अनुसार मुहिगुम अङ्सी र अन्य विधाहरुः

किरात जातिसँग जोडिएर आउने मुन्धुमको प्रत्येक प्रसङ्गमा येहाङ शब्दलाई स-सम्मानपूर्वक लिने गरिन्छ । मानिस जाति उत्पन्न भएको धेरै पुस्तापछि मानिस जातिहरू पशु प्राणीहरू झैं जन्मदै, बढ्दै र मर्दै मात्र गरेको अवस्थामा मानिस जातिका माझमा एउटा 'अङ्सी' अर्थात ज्ञानी पुरुषले जन्म लिए । उनको नाम येहाङ थियो ।[1] येहाङलाई किरात मूलको प्रथम महात्मा ज्ञानी मानिन्छ । उनलाई स्वयं तागेरा निङ्वाभूमाङको सन्तान र मानव कल्याणको निम्ति अवतार लिएका मुहिगुम अङ्सीको रूपमा सम्झने गरिन्छ । किरात मुन्धुम अनुसार जब मानव जातिभित्र पशुत्वको भावना बढ्न थाल्छ र मान्छे मान्छे बिच संहारको गतिले सीमा नाघ्छ तब किरात धर्म दर्शनलाई बचाएर निरन्तरता दिनको लागि महात्मा ज्ञानीहरूको अवरतण हुने गर्दछ । यस्ता महात्माहरूले किरात समाजमा अवतरण गरेर विभिन्न समयमा संकटमा पर्दै गएको किरात धर्म दर्शनलाई जीवन्त बनाएर निरन्तरता दिदै आएका पाइन्छन् ।[2] समाजलाई सभ्य बनाउन र ज्ञानको ज्योति छर्न आएका यिनीहरूले गर्दा समाजमा समयानुकुल किरात धर्म दर्शन बाँचिरहेको छ । महात्मा येहाङले मानव जीवनलाई प्रकृतिसँग साक्षात्कार गरेर सु-व्यवस्थित ढंगले समाजलाई सञ्चालन गर्न आठ विधामा मुन्धुमी ग्रन्थहरूको रचना गरी त्यसका सञ्चालकहरू समेतको स्पष्ट जिम्मेवारी बाँडफाँड गरेको पाइन्छ । यसलाई येहाङका आठ विधाहरू पनि भनिन्छ ।[3] येहाङका आठ विधाहरू निम्न रहेका छन्-

(१) मुहिगुम अङ्सी

(२) फेजिकुम फेदाङ्मा

(३) सावालिसाम्बा

(४) येभुङ येबा

(५) येभुङ येमा

---

[1] इमानसिंह चेम्जोङ, *किरात दर्शनको सारांश,* ( ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय, २०५९, दोस्रो संस्करण), पृ. ८

[2] इमानसिंह चेम्जोङ, *किरात मुन्धुम,* ( ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय, २०५९, दोस्रो संस्करण), पृ. २८-११३

[3] डि.बी. आङबुङ, *किरात धर्म दर्शन र महागुरु फाल्गुनन्दको सपना,* फाल्गुनन्द विशेषांक, (२०६२), पृ. ५०

(६) साप्मुन्धुम/येप्मुन्धुम

(७) चुम्फोगेन चोक्येम्/तुम्याहाङ

(८) सावान्दिङ सिदा (सिदोबा)[४]

एउटा समाजलाई आवश्यक पर्ने सम्पूर्ण समस्याहरूको समाधन गर्नको निम्ति तोकिएका यी विधाहरूमा रहेर कार्य गर्दै समाजलाई गति दिन येहाङले गरेको सो बाँडफाँड वास्तवमै अति सान्दर्भिक देखिन्छ । यिनीहरूको काम, कर्तव्य र अधिकार संक्षेपमा निम्न रहेका छन्-

**मुहिगुम अङ्सीः**

मुहिगुम अङ्सी तपस्वी, योगी, महाज्ञानी, हो । ऊ ज्ञानले उच्च, आचरणले सभ्य, व्यवहारमा समानता, भावनामा शान्ति, दृष्टिमा प्रेम भएको मानिस हो । आत्म ज्ञानको माध्यमबाट शास्त्र लेखेर मानव समाज ज्ञानको उज्यालो छर्ने काम मुहिगुम अङ्सीले गर्दछ ।[५]

**फेजिकुम फेदाङ्माः**

फेजिकुम फेदाङ्माले जन्म, विवाह र मृत्यु संस्कारजस्ता कर्मकाण्डहरूमा ग्रन्थ पढेर शुद्ध गर्दछन्, विवाहमा लगन कार्य सम्पन्न गर्दछन् । मदमांसको प्रयोग नगरेर धुप, फलफूल र पवित्र पानी चढाएर शुद्ध गर्ने काम गर्दछन् । समाजलाई परोपकारी भावनाले सेवा गर्ने, उपदेशहरू दिने पनि फेदाङ्माको काम हो ।[६]

**सावालिसाम्बाः**

सावालिसाम्बाले बिरामी, रोगी मानिसहरूको रोग पत्ता लगाउन अग्लो बास गाडी लोहोटामा फूलहरू राखी थान बनाई चोखोनितो भई शिरमा प्वाँखको मुकुट बनाएर लगाई जोखना हेर्छन् र ज्योतिष शास्त्र केलाउँछन् । रोगीहरूको रोगको प्रवृति अनुसार उपचार गर्नु र निको पार्नु सावालिसाम्बाको कर्तव्य हो ।[७]

---

[४] हरि चोङबाङ, *किरात ऐतिहासिक दर्पण भाग-१,* (कुलमान लिङ्देन र कृष्णध्वज लिङ्देन, २०५२), पृ. १३५-१४२

[५] *उही,* पृ. १३४-१३५

[६] *पूर्ववत्* नं. (२) पृ. ३१

[७] *उही,*

**येभुङ येबाः**

अकाल मृत्युवरण गर्न पुगेकाहरूलाई मुक्ति दिने काम येभुङ येबाहरूको हो । मृतकको परिवारलाई दुःखको वातावरणबाट मुक्त दिलाउन, कुटुम्ब, मान्यवर सबैको अगाडि येभुङ्गेन येबा मुन्धुम शास्त्र फलाकेर मृत्यु हुने परिवारहरूलाई शुद्ध पारी फेरि-फेरि त्यस्तो घटना नघटोस् भनी आशिष दिनु येबाको काम हो ।[८]

**येभुङ येमाः**

येभुङ येमा स्त्री जातिको पहुचभित्र पर्दछ । 'येमा' शब्दले स्त्रीलिङ्गलाई मात्र जनाउँछ । समाजमा अति सभ्य भाषा बोलेर आफ्नो सुरिलो आवाजको माध्यमबाट मानिसको जीवनलाई फूलको प्रतिक मान्दै मुन्धुम गाएर सो फूललाई ओइलाइदिने वा जगाइदिने काम येमाले गर्दछिन् । येमाले आत्म ज्ञानी नारीको प्रतिनिधित्व गरेकी हुन्छिन् ।[९]

**साप्मुन्धुम/येप्मुन्धुमः**

यो विधा नाचगान र रङ्गरससँग सम्बन्धित छ । जीवनलाई आनन्दपूर्वक बिताउन मनोरञ्जनको पनि आवश्यक पर्दछ । जन्म, विवाह, मृत्युकर्ममा भिन्नाभिन्नै गीत गाएर आनन्द दिलाउने वा दुःख मोचन गर्ने, सृष्टिको इतिहास बारेमा धारावाहिक गीत गाएर समाजलाई ज्ञान दिने काम यिनीहरूको हुन्छ । हाक्पारे शैलीमा सबैको मन हर्ने, संगीतमय गीत गाएर सांसारिक कथा व्यथाहरू पोख्दै गीति दर्शनबाट मानवीय जीवनशैली प्रष्ट पार्ने काम पनि साप्मुन्धुम/येप्मुन्धुमविदहरूले गर्ने गर्दछन् ।[१०]

**तुम्याहाङः**

समाजमा हुने गरेका झै-झगडा, मुद्दामामिलामा उठेका सवालहरूलाई हेर्ने, न्याय दिने र कुनै पनि समस्याको शान्तिपूर्ण रूपबाट समाधान गर्ने काम तुम्याहाङहरूको हो । यसका साथै सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक विकासको लागि सबैमा योग्य नीति र

---

[८] चोङवाङ, *पूर्ववत्* नं. (४) पृ. ४८-४९
[९] *उही*, पृ. १२८-१२९
[१०] *उही*, पृ. १४०-१४१

व्यवस्था स्थापित गर्दै मानव समाजको चौतर्फी विकास गर्ने कार्य पनि यिनीहरूले गर्दछन् ।[११]

**सावान्दिङ सिद्दा (सिदोबा)ः**

सिदोबाले जङ्गली जडीबुटी खोजेर मानिसलगायत पशुपंक्षी सबैको लागि औषधी बनाएर उपचार गर्दछन् । यसका साथै मनोवैज्ञानिक तरिकाले झारफुक पनि गर्दछन् । यिनीहरूले जडीबुटीबाट उपकार गर्दा रोगी मानिस हेरिकन वृक्ष, पत्थर, झारपात खोजतलास गरी औषधी बनाई खान अथवा लाउन दिन्छन् र रोगीहरूलाई निको पार्छन् ।[१२]

महात्मा येहाङको माथि उल्लेखित यी आठ विधामा वर्णित मुहिगुम अङ्सी, फेजिकुम फेदाङ्मादेखि तुम्याहाङ, सिदोबा सबैको आफ्नो काम र कर्तव्य स्पष्ट रूपमा तोकिएको छ । मुहिगुम अङ्सी अरु सात विधाका कर्मविदहरूका पनि गुरु हुन् । मुहिगुम अङ्सीको काम धर्मदर्शन र संस्कारहरूको व्याख्या, विश्लेषण गर्नु हो ।[१२]

## ४.२. किरात कूलमा जन्मेका मुहिगुम अङ्सीहरुः

किरात जातिमा मुहिगुम अङ्सीहरूको महत्वपूर्ण स्थान रहिआएको छ । जब समाजमा ज्ञानगुणका कुराहरू लोप भएर जाने अवस्था आउँछ र मान्छेहरूमा मानवताभन्दा दानवीय प्रवृत्ति बढ्दै जान्छ, त्यस्तो अस्तव्यस्त र अशिक्षामा चुर्लुम्म डुबेको समाजमा ज्ञानको ज्योति छर्न वा हराउन लागेको सशि मुन्धुमहरूको रक्षार्थ बेलाबेलामा महात्मा ज्ञानी र तपस्वीहरूले जन्म लिने गर्दछन् । उनीहरूले लोप हुन आँटेको लिपिलाई बचाएर, समाजमा मुन्धुम खाहुनलाई लिपिवद्ध गरी समाजलाई गतिशील राख्ने खालका ज्ञान प्रवाह गर्दछन् । खासगरी तपस्या, योग र साधनाको माध्यमबाट आत्मज्ञान प्राप्त गरी संसारको सृष्टिबारे सोच्दछन्, सम्झिन्छन् र त्यही अनुरूप दर्शनशास्त्र लेख्दछन् ।[१३]

मानव सोच समयको फेरबदलसँगै बदलिइरहन्छ । त्यसैले पहिलेदेखि सिक्दै आएका सुन्दै ल्याएका कतिपय कुराहरू चटक्क छाडेर अर्केतिर पनि मोडिन पुग्दछन् । यस्ता उदाहरणहरू धेरै नै छन् । महात्मा येहाङले दिएको सामाजिक नीति नियमहरू कालान्तरमा बिर्सदै गएर विकृतितिर मोडिन थालेकाले त्यसलाई सही गति दिन महात्मा लेप्मुहाङले जन्म

---

[११] *उही*, पृ. १४१-१४२
[१२] चेम्जोङ *पूर्ववत्* नं. (२) पृ. ३२
[१२] आङबुङ, *पूर्ववत* नं. (३)
[१३] चोङबाङ पूर्ववत् नं. (४) पृ. १३४

लिएका थिए । पछि विभिन्न कालमा मुहिगुम अङ्सीहरूले जन्म लिएका छन् ।[१४] ती मध्ये मौखिक या लिखित रूपमा किरात जातिहरूले बढी मात्रामा सम्झेका, उनीहरूद्वारा प्रतिपादित दर्शन र मुन्धुम खाहुनमार्फत चर्चामा रहेका मुहिगुम अङ्सीहरू निम्न रहेका छन्-

(१) महात्मा येहाङ

(२) सोधुङ्गेन लेप्मुहाङ

(३) कान्देन्हाङ

(४) माबोहाङ

(५) सिरिजङ्गाहाङ (प्रथम)

(६) सिरिजङ्गा सिं थेबे (दोस्रो)

(७) महागुरु फाल्गुनन्द लिङ्देन

(८) धर्मगुरु आत्मानन्द लिङ्देन[१५]

किरात धर्म दर्शन अनुसार जब-जब पृथ्वीमा पापको मात्रा बढ्दै जान्छ, स्वयं ईश्वर मानवको देहभित्र पसेर अवतरित हुने गर्दछ । सोही अनुरूप येहाङ, सोधुङ्गेन लेप्मुहाङ, कान्देन्हाङ, माबोहाङ, सिरिजङ्गाहा प्रथम पश्चातको लामो अन्तरालपछि विकृति र विसंगतिले चरम सीमा टेकेको किरात समाजलाई धर्म र ज्ञानको माध्यमबाट शिक्षा दिनको निम्ति फाल्गुनन्द जन्मावतरित हुनुभएको र युमा (नारी स्वरुप) माङको अवतरित रुप मानिने हुँदा मुहिगुम अङ्सीमाङ (मानव देहमा माङ्ले लिएको अवतार) शब्दले किरात समाजमा सम्मानपूर्वक सम्बोधन गर्ने गरिन्छ ।[१६] यसरी अशिक्षा र अज्ञानताका कारण संस्कारमा विकृति फैलिई लोपोन्मुख अवस्थामा पुगेको किरात समाजलाई महागुरु फाल्गुनन्द लिङ्देनबाट समाज सुधार गरिएपछि बाँकी अधुरा कार्यहरूलाई हाल किरात धर्मगुरु आत्मानन्द लिङ्देनले संहिताकृत, श्रङ्खलाबद्ध रूपमा समय र परिस्थिति अनुसार मोडिएका विषयबस्तुहरूलाई परिमार्जित गर्दै मौखिक रूपमा रहेको साम्जिक मुन्धुमलाई लिखित गरी व्यवहारमा ल्याउने कार्य गर्नुभएको छ ।[१७]

---

[१४] इमानसिंह चेम्जोङ, *किरात मुन्धुम खाहुन,* (ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, २०५९ दोस्रो संस्करण), पृ. १

[१५] डा. हर्षबहादुर बुढामगर, *विश्वशान्ति र मानव एकताको सन्दर्भमा किरात धर्म, कार्यपत्र,* (किरात धर्म तथा साहित्य उत्थान संघको महासम्मेलन स्मारिका, २०५७), पृ ३१

[१६] नबिन लिङ्देन, *किरात दर्शन र मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन,* कार्यपत्र, (किरात धर्म तथा साहित्य उत्थान संघको महासम्मेलन स्मारिका) २०५७), पृ. २७-२८

[१७] *उही,* पृ. २९

### **४.३ महागुरू फाल्गुनन्द लिङ्देनः जीवनी र योगदानः**

किरात धर्म दर्शनलाई समाजमा फैलाउने बिसौं शताब्दीका किरात समाज सुधारक महागुरु फाल्गुनन्द लिङ्देनको जीवनी अनेकौं समस्या र बाधाअड्चनले भरिपूर्ण भएर पनि उहाँले मानव कल्याणको निम्ति दिनुभएको योगदानलाई महत्वपूर्ण मानिन्छ । उहाँको कार्यदेखि तत्कालिन शासक वर्गहरू समेत प्रभावित भएका थिए । नेपाल सरकारबाट ढिलै भएपनि महागुरु फाल्गुनन्दलाई राष्ट्रिय विभूतिको रूपमा सम्मानित गर्न वि.सं. २०५० सालमा फाल्गुनन्द चित्रांकित रु.१५ को हुलाक टिकट प्रकाशित गरिएको छ । यसका साथै उहाँको संक्षिप्त जीवनी नेपाली विषयको कक्षा १० को पाठ्यक्रममा समावेश गरिएको छ । अहिंसा र सत्यमार्गको पक्षमा आजीवन संघर्षरत महागुरु फाल्गुनन्द लिङ्देनको जीवनी र योगदानलाई संक्षिप्तमा यसरी वर्णन गरिएको छ-

#### **४.३.१ जन्मः**

वि.सं. १९४२ साल कात्तिक २५ गते आइतबारको दिन मेची अञ्चल, इलाम जिल्ला, इभाङ गा.वि.स., वडा नं. ५ स्थित चुक्चिनाम्बाको डाँडागाउँमा फाल्गुनन्द लिङ्देनको जन्म भएको थियो ।[१८] पिता जगनवाज लिङ्देन र माता हंसमती लिम्बूका साइला छोराको रूपमा जन्मेका उहाँको सुतिकाको नाम नरधोज थियो । आफूभन्दा अघि जन्मेका धेरैको जन्मेको एक घण्टा पुग्दा नपुग्दै मृत्यु भइहाल्ने भएकाले त्यसबेलाको गाउँको प्रचलन अनुसार बालबालिकालाई फलामको चुरा र कल्ली लगाइदिएर अप्रिय नामले बोलाउने चलन बमोजिम उहाँलाई पनि फलामको चुरा लाइदिएर गाउँघरका वृद्धा महिलाहरूले फलामसिं नाम राखिदिए । फलामसिं नामबाट पछि ज्ञानको प्रभावले फाल्गुनन्द नाम रहन गयो ।[१९]

#### **४.३.२. बाल्यकालः**

महागुरु फाल्गुनन्द लिङ्देनको बाल्यकाल मातृ वियोगमा परेर एउटा टुहुरो बालकको रूपमा बितेको थियो । सानीआमाको स्याहार सुसारमा हुर्केका र गरिब परिवारमा जन्म लिएका उहाँको बाल्यकाल लाखौं गरीब नेपालीका बालबच्चा झै कलिलै उमेरदेखि बाखा गोठाला गर्दै बितेको थियो । उहाँले आठ वर्षको बाल्यकालमै पहिलोपल्ट आध्यात्मिक ज्ञान प्राप्त गर्नुभएको थियो । माई खोला किनार र जीतपुरको खत्रक्पा खोल्सीमा अवस्थित

[१८] माङमिङसोहाङ, *मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन संक्षिप्तमा,* मिक्तोक, (२०६१), पृ. क
[१९] हेमबहादुर गुरुङ र कुलानन्द दाहाल, *तपस्वी फाल्गुनन्दको जीवनी,* (चुक्चिनाम्बाः बद्रीनन्द तुम्बापो, २०२३), पृ. १-४

लाम्पातेको रुखलाई आज पनि बालक फलामसिंलाई महागुरु फाल्गुनन्द बनाउने प्रथम खुड्किलोको रूपमा सम्झने गरिन्छ । त्यही नै उहाँले दिव्य ज्ञानकी देवीसँग पहिलोपल्ट साक्षात्कार गर्नुभएको हो ।[२०]

### ४.३.३ युवावस्थाः

पहाडी क्षेत्रको मानव जीवन पक्कै पनि निकै संघर्षशील र परिश्रमी भएर बितेको हुन्छ । यस्तै दुर्गम ठाउँमा जन्मुभएका महागुरुको युवावस्था पनि संघर्षपूर्ण तरिकाले बितेको पाइन्छ । बाचेका आफ्ना दुई दाजुहरू अगाडि नै परदेशी भइसकेका र वर्षभर काम गर्दा पनि प्रशस्त अन्न जम्मा नहुने भएपछि आमा र बाबुले चुक्चिनाम्बाको गैरीगाउँबाट जीतपुरमा बसाई सरे तर उहाँले भने गैरीगाउँमै आफ्ना काकाकाकीसँग बस्ने निधो गर्नुभयो । आफू शाकाहारी भएकाले काकाकाकीसँग भान्सा नमिलेपछि लेच्छेबुङ भन्ने ठाउँमा जग्गा अंश लिई सानो कटेरो बनाएर एक्लै बस्न थाल्नुभयो । यो उहाँको जीवनमा संघर्षको सुरुवात थियो । लेच्छेबुङबाट नै कुखुराहरू पालेर दार्जिलिङको गुन्द्री बजारमा बेच्न गएका बेला साथीसँग पैसा कमाउनको लागि र देश पनि डुल्ने सोच लिएर तिब्बतको ल्हासामा कुल्ली काम गर्न पुग्नुभयो । त्यहाँबाट फर्केपछि पल्टनमा रहेका दाजुको आग्रहमा दाजुलाई भेट्न बर्मा पुगेपछि पल्टने जीवनको शुरुवात भएको पाइन्छ । वि.सं. १९६४ सालमा २२ वर्षको उमेरमा अँग्रेजको गोर्खाली फौजमा भर्ना भएर आठ वर्षसम्म सैनिक जीवन बिताउने क्रममा उहाँमा धेरै ज्ञान प्राप्त गर्ने अवसर पनि आएको र ध्यानी नामबाट पल्टनमा प्रख्यात भएको पाइन्छ । पल्टनबाट फर्केपछि भुटान यात्राका क्रममा तपस्वी नामबाट चिनिएका उहाँको ३/४ महिना बसाईका क्रममा भुटानमा प्रथमपल्ट धर्म प्रचार यात्रा प्रारम्भ भयो । त्यस पछिका समयमा उहाँले हिन्दुस्थानको चारधाम तीर्थयात्रा गर्नुभएको प्रसङ्ग पाइन्छ । वि.सं. १९७७ सालमा हिन्दुस्थानको यात्रा गर्ने क्रममा विभिन्न महात्माहरूसँग ज्ञानको साक्षात्कार भएको उल्लेख पाइन्छ । यसले गर्दा उहाँमा भएको आध्यात्मिक ज्ञान अझ खारिएको र सोही ज्ञानको प्रभावले गर्दा धर्म प्रचार गर्ने काममा अझ गतिशिलता आएको अनुमान गर्न सकिन्छ ।[२१]

[२०] *उही,* पृ. ५-१४
[२१] *उही,* पृ. १५-४१

### ४.३.४ तत्कालिन देशको अवस्था र किरात समाजः

नेपालको इतिहासमा राणा शासनकाललाई अन्धकार रातको रूपमा लिइन्छ । १०४ वर्षको जहानिया राणाशासनकालमा जनताले पाउनुपर्ने शिक्षाप्रति गरिएको वेवास्ताले गर्दा नेपाली जनताहरूमा पनि विशेष गरी आदिवासी जनजातिहरू बढि प्रभावित भएका थिए । बाहिरी संसारको गतिविधिबाट बेखबर रहेर निरक्षर जीवन व्यतित गर्ने जातिमा किरातहरू अग्रपंक्तिमा पर्दथे । आफ्नो संस्कार विकृतिपूर्ण हुँदैगएकोसम्म ख्याल राख्न नसक्ने अरुण पूर्वका किरात समुदाय दयनीय अवस्थामा रुमलिइरहेको अवस्थामा महागुरु फाल्गुनन्द पूर्वी लिम्बुवानको समाज सुधार कार्यमा समर्पित भएको पाइन्छ । एकातिर देशको निरंकुशतन्त्र र अर्कोतिर कुरीति र कु-संस्कारको दलदलमा फसेर कमजोर आर्थिक अवस्थाले रोग, शोक र भोक बिच चेतना शुन्य भएर रहेका किरातीहरुलाई सुधारको बाटोमा ल्याउनु अत्यन्तै कठिन कार्य भएको उहाँको जीवनकालमा घटेका घटनाहरूबाट थाहा पाउन सकिन्छ । त्यसबेलाको किरात समाज अधिक मदमांस सेवन गरेर झगडा गर्ने, मुद्दा मामिलामा आफ्नो सर्वस्व गुमाइदिने र ज्ञान गुणका कुराभन्दा पनि परम्परातगत संस्कारको नाममा विकृतिपूर्ण प्रवृत्तिमै लिप्त रहने खालको थियो । महागुरुलाई ज्ञानका कुरा सोध्नुभन्दा जोखना हेर्न लाउने, आफ्नो स्वार्थ पूर्ति गर्नको निम्ति मात्र प्रयोग गर्ने र अलौलिक, तान्त्रिक कार्यहरू गर्न लाएर वा गर्न बाध्य पारेर उहाँको शक्तिको परिक्षा लिने जस्ता व्यवहार गर्नमा त्यस समयका मानिसहरू बढी उत्साहित हुने गर्दथे ।[२२] आफ्ना चेलाहरूसँग धर्म प्रचारका क्रममा गाउँघरमा डुलिहिड्दा किरातीहरूले नै खरानीको टिका घसेर हिड्ने साधु भनेर गिज्याउने गरेको उहाँसँग १८ वर्षसँगै बिताउनु भएका जिवित चेला बयोवृद्ध बाला नेम्बाङ स्मरण गर्नुहुन्छ ।[२३] किरात समाजमा ज्ञानको प्रचार गरिहिड्दा पटक पटक देशद्रोहीको आरोपमा सफाई दिन राणा शासकहरू समक्ष हाजिर हुनुपर्ने स्थिति पनि उहाँलाई परिरहन्थ्यो । तत्कालिन अवस्थामा हिन्दु धर्मको अलावा अन्य धर्मको प्रचार प्रसार गर्नु भनेको ज्यानको बाजी लगाउनु थियो भने अर्कोतिर लिम्बुवानका किरातहरूको संस्कार, संस्कृति, धर्म प्रचलनमा कुरीति, कु-संस्कार र विसंगतिले छाएको थियो ।[२४] यस्तो प्रतिकुल अवस्थामा पनि उहाँले धार्मिक र सामाजिक कार्यहरू गर्नुभएको पाइन्छ ।

---

[२२] दाहाल, *पूर्ववत्* नं. (१९) पृ. ४३
[२३] *अन्तर्वार्ता,* बाला नेम्बाङ, (वर्ष ९२), पथरी, मोरङ, २०६३
[२४] योङहाङ मच्छिन्द्र, *फाल्गुनन्द तथा समाज सुधार,* विशेषांकः मुहिगुम अङसी फाल्गुनन्द, (२०५६), पृ. २१

### **४.३.५ समाज सुधारका कार्यहरुः**

महागुरु फाल्गुनन्द लिङ्देनले शिक्षालाई महत्वपूर्ण स्थान दिनुभएको थियो । प्रत्येक चेलाभुलाहरूलाई पढ्नुपर्छ, पढाउनुपर्छ, आफ्नै मातृभाषामा शिक्षा लिनुपर्छ भन्ने अभियान नै चलाउनुभएको थियो ।[२५] शिक्षा बिना समाजको सुधार हुदैन किनभने नसुध्रिएको समाजले धर्मको ज्ञान हाँसिल गर्न सक्दैन । ज्ञान बिनाको मान्छेले आफूलाई नै चिन्दैन र आफैलाई नचिन्नेले समाजलाई चिन्न सक्दैन । समाजलाई नचिने एकता हुँदैन एकता नभएपछि सिद्धि शक्तिको सिर्जना हुँदैन । सिद्धि शक्ति बिना शान्तिपूर्ण समाजको निर्माण हुँदैन भन्ने कुरामा उहाँ चिन्तन मनन गराउनुहुन्थ्यो । उहाँले सधैं माङहिमसँगै पठनपाठनको लागि निसाम्हिम (विद्यालय)को पनि निर्माण गराएर समाजलाई साक्षर बनाउने कुरामाथि जोड दिनुभएको थियो । त्यस्तै परम्परागत रूपमा आफ्नै तानमा बुनेका कपडा र आफ्नै घरबारीमा उत्पादन गरिएका सागसब्जी र अन्नबालीको उपभोग गरेर स्वावलम्बी तथा आत्मनिर्भर बन्न समाजलाई आग्रह गर्नुहुन्थ्यो ।[२६] घर वरपर सफासुग्घर राख्ने, नुहाईधवाई गरेर माङसेवा गर्ने, सादा र विशुद्ध शाकाहारी भोजन गर्ने, जाँड, रक्सी, सुर्ती, खैनी जस्ता अम्मल लाग्ने चीजहरूको सेवन नगर्ने, सादा जीवनशैली अपनाउने, छोरीलाई पनि छोरा जस्तै शिक्षा दिक्षा दिएर समान व्यवहार गर्ने आदि जस्ता समाजलाई अति आवश्यक सुधारका पक्षहरूको निर्देशन तथा थालनी पनि गर्नुभएको थियो । उहाँ गाउँ-गाउँ घुमिघुमि किरात लिपिको प्रचार गर्नुहुन्थ्यो ।[२७] समाज सुधारका कार्यहरू मध्ये सबैभन्दा महत्वपूर्ण पक्ष सत्य धर्म मुचुल्कालाई मानिन्छ ।

#### **४.३.५.१ सत्य धर्म मुचुल्काः**

महागुरु फाल्गुनन्द लिङ्देनबाट जातीय, धार्मिक तथा सामाजिक सुधारको सम्बन्धमा वि.सं. १९८८ साल बैशाख २४ गतेका दिन पाँचथर चोकमागुको शिर तिल्ली चङ्हाङ तुम्याङ यक (लोब्रे कुटी) मा १७ थुम १० लिम्बूवानका प्रतिनिधिहरूको सभा बोलाइयो । राणा शासनकालमा पूर्वी नेपालमा यतिको वृहत जनसभा भएको यही पहिलो हो ।[२८] सो चुम्लुङ (सभा)ले धार्मिकता र नैतिकतापूर्वक प्रतिवद्धता व्यक्त गर्दै १० वटा महत्वपूर्ण

[२५] डिल्ली प्रकाश साम्पाङ, *महागुरु फाल्गुनन्द, बिसौं शताब्दीका महान दार्शनिक एवं समाज सुधारक,* (विशेषांक मुहिगुम अङसी फाल्गुनन्द, २०५६), पृ. १०

[२६] *उही,* पृ. १०-११

[२७] इमानसिहं चेम्जोङ *किरात साहित्यको इतिहास,* (ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, २०५९, चौथो संस्करण), पृ. १२

[२८] विरही काँइला, *लिम्बू भाषा र साहित्यको संक्षिप्त परिचय,* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४९), पृ.४४

प्रस्तावहरू पारित गऱ्यो जसलाई सत्य धर्मको मुचुल्का भनियो र आज पनि भनिन्छ ।[२९] लोब्रे कुटीको खुचा चौरको पवित्र स्थलमा लिम्बुवान क्षेत्रका गण्यमान्य सुब्बा, जिम्मावाल, कर्ता, कारबारी, भैयाद र भक्तजनहरूको उपस्थिति थियो जसमा किरात इतिहासविद् इमानसिंह चेम्जोङ्ले पनि आफ्नो उपस्थिति जनाएको उल्लेख पाइन्छ ।[३०] सत्य धर्म मुचुल्काको सारांश यहाँ प्रस्तुत गरिएको छ -

१. युमा थेवाको सेवा गर्न माङ्हिम र निसामहिम निर्माण गर्ने, आफ्नै लिपि र भाषाबाट सेवा तथा अध्ययन अध्यापन गर्ने ...............

२. माङ्हिम र निसामहिमको सञ्चालनको लागि बटुलेको सहयोग रकम जथाभावी खर्च नगरी सबै गाउँका बुद्धिजीविले हिसाब राख्ने..........................

३. पितृ, इष्टदेवहरूको पूजा गर्दा तथा कुनै पनि संस्कारमा जीव हत्या मदमांसको प्रयोग नगरेर नैवेध, धूपबत्ती, सिन्दुर, फलफूलले गर्ने ........................

४. छोरी चेलीको सोतरीत खाने चलनलाई त्यागेर वागदत्त बोली बिहे गरिदिने लिने गर्ने..................

५. मृत्यु सुतकमा एकैनाशको चलन नभएकोले अब उप्रान्त ९ दिन क्रिया बारी १० दिनमा शुद्ध हुने र क्रियापुत्री बाहेक अरुले ३ दिन मात्र बार्ने ................

६. वृद्धि सुतकमा घटाई ४ दिन बार्ने गरेकोमा सो पनि सनातन बमोजिम १० दिन बार्ने र सुत्केरीलाई २२ दिनमा चोख्याउने ..............

७. मृत्युपछिको काजक्रियामा सुँगर कुखुराको मासु र जाँड रक्सीको पिण्ड दिने गर्दा धर्म सम्मत कार्य नहुने भएकाले त्यस्तो कार्यलाई त्यागेर अब उप्रान्त अदुवा, दुध, चामलको पिण्ड दिने गर्नु ..........................

८. सुँगुर र कुखुराको मासु खाने चलन धेरै पछिबाट मात्र आएको र पहिले कसैले नखाएकाले अब उप्रान्त सुँगुर, कुखुराको मासु नखानु ......................

९. जाँड रक्सी जस्ता अम्मल लाग्ने चीजहरू किरातीहरूले पहिला सेवन नगरेको र त्यसको प्रयोग नगरेमा व्यवहार अझ राम्ररी चल्ने भएकाले मद परित्याग गर्नु ......

१०. आफ्नो परम्परागत सीप तानबाट कपडा बुन्ने कलालाई नछाडि स्वावलम्बी बनेर स्वदेशी लुगा मात्र लगाउनु[३१] .......................

---

[२९] वैरागी काँइला, *किरात भाषा, लिपि र मुहिगुम अङ्सीमाङको देन,* विशेषांकः मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन, (२०५९), पृ. २४
[३०] चेम्जोङ, *पूर्ववत्* नं. (२७), पृ. ११
[३१] काँइला, *पूर्ववत्* नं. (२८), पृ. ४४-४७

यसरी सामाजिक विकृतिको रूपमा रहेका कतिपय कुराहरूमाथि प्रवुद्ध वर्गको प्रत्यक्ष निगरानीमा नौलो किसिमको चलनको सुरुवात वि.सं. १९८८ सालदेखि नै भएपनि बिचमा पुनः सुस्ताउन पुगेको महागुरु फाल्गुनन्दका समाज सुधारका कार्यहरू हाल आएर किरात धर्मावलम्बीहरुले व्यवहारमा उतार्ने प्रयास गरिरहेका छन् ।

### **४.३.६ धार्मिक कार्यहरुः**

महागुरु फाल्गुनन्द लिङ्देनले ध्यानी, ज्ञानी र तपस्वी भएर लिम्बूवान क्षेत्रका विभिन्न गाउँघरदेखि लिएर आसाम, भुटानसम्म धर्म प्रचार गरेको पाइन्छ ।[३२] उहाँले लोब्रेको चुम्लुङमा लिम्बूवान प्रदेशका प्रख्यात मुन्धुमविदहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्न लगाउनु भएको थियो ।[३३] किरात साम्जिक मुन्धुमलाई किरात लिपिमा लिपिवद्ध गर्ने क्रमसँगै किरात धर्म दर्शनको व्याख्याता बन्न पुग्नुभएका महागुरु फाल्गुनन्दले धर्मको सुधार गरी अहिंसा परमोधर्मको सिद्धान्तलाई फैलाउनुभयो । त्यसपछि किरात धर्म मासाम्माङका नाउँमा माङ्हिमहरू बन्न थाले, किरात धर्मशास्त्र लेखिए, माङ्हिममा पशुपंक्षी बली दिएर गरिने पूजा निषेध गरी नैवेध, फलफूल मात्र प्रयोग गर्न थालियो । महागुरुकै समयदेखि माङ्लाङको सुरुवात भएको पाइन्छ । यसका साथै माङ्हिममा किरात पुस्तक पढाउने प्रथाको पनि सुरुवात भयो । जन्म, विवाह, मृत्यु जस्ता संस्कार गर्नुपर्दा किरात साम्जिक मुन्धुमको पाठ गरेर कर्मकाण्ड गर्ने परम्पराको थालनी र प्रत्येक माङ्हिममा सेवासाबा राख्ने चलन त्यसै समयदेखि सुरु भयो ।[३४] महागुरुको समयमा विभिन्न ठाउँहरूमा माङ्हिमको निर्माण भएको पाइन्छ । वि.सं. १९८६ सालमा भक्तजनहरूको सक्रियतामा पहिलो पटक चुक्चिनाम्बामा एउटा माङ्हिमको निर्माण भए पश्चात वि.सं. १९८८ सालमा पाँचथर लालीखर्क (लोब्रे) मा, वि.सं. १९९२ सालमा याङरूप काबेलीमा, वि.सं. १९९५ सालमा पाँचथर सिलौटीमा, वि.सं. १९९६ सालमा आठराई निगुरादेनमा र वि.सं. १९९९ सालमा चारखोला जीतपुरमा किरात माङ्हिमको निर्माण गर्नुभएको थियो । यी माङ्हिमहरू बाहेक १९९४ सालमा कुम्भकर्ण हिमाल फेदी भञ्ज्याङ घुंसा भन्ने ठाउँमा वि.सं. १९९४ सालमा हिमाल यात्रा समयमा सल्लाको काठ र भुजापातले एक सानो मन्दिर पनि जस्तो बनाइएको थियो ।[३५] यसरी उहाँले

[३२] माङमिङसोहाङ, *पूर्ववत्* नं. (१८)
[३३] सिक्कुम्दाङ याक्थुङबा, *मुहिगुम अङसीमाङ फाल्गुनन्द, जीवन प्रसङ्ग, सत्य धर्म मुचुल्का र धर्मोपदेश,* (काठमाडौः नोनिम पब्लिकेशन, २०६०), पृ. ६
[३४] चेम्जोङ, *पूर्ववत्* नं. (२७)
[३५] दाहाल, *पूर्ववत्* नं. (१९), पृ. ४४

आफ्नो जीवनकालमा करिब ७/८ वटा माङ्हिमहरूको निर्माण गर्नुभएको थियो । किरातहरूको पवित्र तीर्थस्थलको रूपमा फक्ताङलुङ (कुम्भकर्ण) हिमालको फेदीलाई चिनाउँदै उहाँले वि.सं. १९९३ सालदेखि चेलाभुलाहरूका साथ फक्ताङलुङ यात्रामा जान सुरु गर्नुभएको थियो । यसका साथै आफ्नो धार्मिक सिद्धि शक्तिद्वारा विभिन्न ठाउँहरूमा ठूला-ठूला यज्ञ सेवा लाएर खडेरीको बेला वर्षा गराउने, पहिरो गइरहेको ठाउँमा पहिरो रोक्ने, पानी उमार्ने जस्ता कार्यहरू गरेर धार्मिक उपकार गरेका प्रमाणहरू आज पनि पाइन्छन् ।[३६] किरातीहरूले जीवनमा एकपल्ट पुग्नैपर्ने तीर्थस्थलको रूपमा फक्ताङलुङ यात्रालाई लिने गर्दछन् । यस पवित्र स्थलको यात्राबाट पवित्र बिचारको सिर्जना हुने र त्यसले मनोवैज्ञानिक प्रभाव पार्ने स्पष्ट छ । किरात मुन्धुमको नियममा रहेर जन्म, जीवन र मरणको कर्म गर्नुपर्छ र अहिंसाको मार्गमा लागेर सादा जीवनशैलीमा सत्कर्मको चिन्तन मनन गर्दै धार्मिक शिक्षा दिक्षा ग्रहण गरेर मानसिक र शारीरिक सन्तुलनको निम्ति साधना सहित तनमनले तागेरा निङ्वाभूमाङको सेवा गर्नुपर्छ भन्ने महागुरुको मार्ग दर्शनलाई महत्वपूर्ण धार्मिक कार्यको रूपमा लिन सकिन्छ ।[३७] त्यसै गरेर अनुशासन, नैतिकता र धार्मिक आचरणको विषयमा पनि उहाँले धेरै कुराहरू समाजको हितको लागि बोल्नुभएको पाइन्छ ।

### ४.३.७ आहारविहार र जीवनशैलीः

आत्मज्ञानी, तपस्वी, मुहिगुम अङ्सीमाङको नामबाट सर्वत्र पूजिएका महागुरु फाल्गुनन्द लिङ्देनको जीवनशैली र खानपानको विषय निकै चर्चाको विषय बनेको पाइन्छ । एउटा साधारण कृषक परिवारमा जन्मेर ग्रामीण परिवेशमा हुर्कनुभएका उहाँको जीवनमा धेरै उतार चढावहरू आएका देखिन्छन् । सानैदेखि कर्मशील भई स्वावलम्बी जीनवयापन गर्ने क्रममा कुखुरा व्यापारीदेखि, कुल्ली हुँदै हवल्दारसम्मको आठ वर्षे सैनिक जीवन, विभिन्न स्थलहरूको तीर्थयात्रा र किसिम किसिमका मानिसहरूको संगतले महागुरुमा निहित अध्यात्मिक शक्तिमाथि अझ दरिलो प्रेरणा मिलेको आभाष हुन्छ । उहाँलाई जोसमनी सन्त परम्पराबाट प्रभावित भएर त्यसै अनुरूप धार्मिक दर्शनको प्रतिपादन गर्ने व्यक्तित्वको रूपमा पनि कतिले बुझेको देखिन्छ । वास्तवमा यदि विश्वका चर्चित धार्मिक व्यक्ति अथवा अन्य महत्वपूर्ण व्यक्तिहरूको जीवनीलाई अध्ययन गर्ने हो भने कुनै पनि कार्य गर्नुको पछाडि धेरै कारक तत्वहरू भेटिन्छन् जसबाट प्रेरणाका अलावा मार्गदर्शन, ज्ञान वा त्यस्तै सकारात्मक

---

[३६] सिक्कुम्दाङ याक्थुङबा, *मुहिगुम अङसीमाङ फाल्गुनन्दको ऐतिहासिक कृतिहरु,* (२०६०), पृ १, ३, ५, १३, १७, ९४,

[३७] साम्पाङ, *पूर्ववत्* नं. (२५) पृ. ९

पक्षहरू उनीहरूले ग्रहण गरेर आफ्नो अनुकुल दर्शन वा सिद्धान्तको प्रतिपादन गरेका हुन्छन् । ज्ञान भन्ने चीजको कुनै सीमा हुँदैन र राम्रो पक्षको अनुकरण गर्नुलाई नराम्रो दृष्टिकोणले अथवा प्रभावको रूपमा लिनुभन्दा अगाडि त्यसमा निहित मौलिक पक्षलाई पनि अध्ययन गर्नुपर्ने हुन्छ । दर्शनको दृष्टिकोणबाट हेर्नुपर्दा जोसमनी सम्प्रदाय र किरात धर्म बिच धेरै भिन्नताहरू रहेका छन् ।[३८] आफ्नो मातृभाषाको ज्ञान र लिपिको उत्थानमाथि जोड दिएर शिक्षाबाट बञ्चित समाजलाई सुधार्ने कोशिसमा आजीवन लाग्नुहुने महागुरुले पूजा अर्चना गर्दा आफ्नै भूगोलभित्रका देवी, देवता, पहाड, पर्वत, खोलानाला र वनस्पतिलाई गौरव प्रदान गर्दै आफ्नो धार्मिक मतलाई जन समक्ष लगेर प्रभावशाली र आत्मिय बनाउनुभयो । यथार्थतमा वर्तमान नेपालभित्र नै उत्पत्ति भएको यो धार्मिक मत राष्ट्रियताका दृष्टिले मौलिक र रैथाने मत हो ।[३९]

कतिपयले उहाँको खानपानलाई लिएर विवादस्पाद कुराहरू फैलाउने गरेका छन् । महागुरुले कहिलेकाही मदमांडसलाई समेत उपभोग गर्नुभएको कुराको विषयमा उहाँसँग १८ वर्षसम्म सँगै बिताएका बाला नेम्बाङ सिधै अस्वीकार गर्नुहुन्छ ।[४०] महागुरु फाल्गुनन्दले आहारमा एकदमै सादा किसिमको बिहान नुन चिया खानुहुन्थ्यो । गहुँ र कोदोको पिठोबाट बनेको तेल नलाएको रोटी पोलेर दिनुपर्थ्यो । त्यस्तै तरुलहरू पनि उसिनेर पोलेको खान मनपराउनु हुन्थ्यो । समय समयमा खाइराख्न मन नपराउनुहुने महागुरुले कालो दाल खानुहुन्नथ्यो र धानको भात पनि दुई वर्ष जति नखानुभएको बाला नेम्बाङ स्मरण गर्नुहुन्छ ।[४१] प्रायः मकैको पीठोबाट बनेको रोटी, भात खान रुचाउनुहुने महागुरु फाल्गुन्दको आहारमा सात्विक भोजन नै रहेको र त्यस समयको किरात समाजले भने उहाँको मार्गलाई अवलम्वन गर्न नसकेको कुरा डा. स्वामी प्रपन्नाचार्य बताउँनुहुन्छ ।[४२] सामान्य उचाई भन्दा केही अग्ला जिउडालका महागुरु फाल्गुनन्द मेख्ली लाएर हिड्नुहुन्थ्यो । उहाँको कपाल लामो थियो र बाटेर राख्नुहुन्थ्यो । मसिनो स्वरमा आफ्ना चेलाभुलाहरूसँग उहाँ बोल्नुहुन्थ्यो ।[४३] त्यतिखेरको समयमा महागुरुको पहिरन अरुको लागि अनौठो हुन्थ्यो । नारी गरगहनाहरू पनि उहाँसग प्रशस्त थिए जुन ठूला-ठूला यज्ञहरू सम्पन्न गर्दा लाउने गर्नुहुन्थ्यो ।[४४] महागुरु गाउँघरमा आफ्ना चेलाभुलाहरूसँग हिड्नुहुँदा सबैले अनौठो मानेर रमिता हेर्ने गर्थे

---

[३८] जनकलाल शर्मा, *जोसमनी सन्त परम्परा र साहित्य,* (काठमाडौंः रोयल नेपाल एकेडेमी, २०२०), पृ. १-३२
[३९] वैरागी काँइला, *महागुरु फाल्गुनन्दको किरात धर्ममा योगदान,* विशेषांकः मुहिगुम अङ्सीमाङ लिङ्देन फाल्गुनन्द, (२०६२), पृ. २०
[४०] *अन्तर्वार्ता, पूर्ववत्* नं. (२३)
[४१] *उही,*
[४२] *अन्तर्वार्ता,* डा. स्वामी प्रपन्नचार्य, मृगस्थली, २०६३
[४३] *अन्तर्वार्ता,* रामप्रसाद थेबे, (वर्ष- ८८), ताप्लेजुङ, २०६३
[४४] *अन्तर्वार्ता, पूर्ववत्* नं. (२३)

र महागुरुले ज्ञानगुणका कुरा सोध्न आग्रह गर्दा पनि चुपचाप रमिते बनेर हेर्ने मान्छेहरू मात्र त्यस समय भएको महागुरुका जिवित चेला रामप्रसाद थेबे स्मरण गर्नुहुन्छ ।[४५] महागुरु एकै ठाउँमा लामो समयसम्म बस्नुहुन्नथ्यो । प्रायः घुमिहिड्ने क्रममा आफ्ना चेलाहरूको आग्रहमा सेवा लाइदिनुहुन्थ्यो र उनीहरूलाई आइपरेका पीरमर्का र समस्याहरूको सक्दो समाधान गर्न सधैं तत्पर रहनुहुन्थ्यो । कसैको घरमा बास नबस्ने एकदमै सादा आहार बिहार र सादा जीवनशैली अपनाएर ज्ञानको प्रचार गरी हिड्नुभएका उहाँ किरात नारीहरूले लगाउने पोशाक मेख्ली र गहनाहरू लगाउँनाले विवादित हुन पुग्नुभयो । कतिले उहाँलाई नारी भने कतिले नपुंसकसम्म भने भने कतिले पुरुष हुन् भन्नेमा अडान लिइरहे ।[४६] वास्तवमा पुरुष नै भएर पनि युमा माङको प्रतिरूपमा अवतरित हुनुभएकोले उहाँको जीवन कालमा दुवै रूप देखिएको हो भन्ने उहाँको सिवाखाहुन तथा साम्जिक मुन्धुमबाट थाहा हुन्छ ।[४७]

### ४.३.८ अवसानः

वि.सं. २००५ साल चैत्र २२ गते सोमबार ६३ वर्षको उमेरमा महागुरु फाल्गुनन्द लिङ्देनको चेला उठ्यो । उहाँले आफ्नो नश्वर शरीरलाई हिमालमा विसर्जन गर्ने अठोट गर्नुभएको थियो । तर हिड्ने क्रममा हरेक ठाउँमा शिष्यहरूले सेवा लाइदिन अनुरोध गरेपछि टार्न नसकेर सेवा लाइदिदा समयमै पुग्नुपर्ने ठाउँमा पुग्न सक्नुभएन । अन्त्यमा सिलौटी माङ्हिम पुग्ने बेलामा पाँचथरको इम्बुङ छेउ हाङ्यकमा उहाँको स्वर्गारोहण भएपछि चैत्र २५ गते सिलौटीको ध्वजे डाँडामा महागुरुको अन्तिम संस्कार गरियो ।[४८] सिलौटीमा महागुरु फाल्गुनन्द लिङ्देनको समाधिस्थल रहेको छ ।

## ४.४ महागुरूका अधुरा कार्यहरु र सिवाखाहुनः

महागुरु फाल्गुनन्द लिङ्देन प्रतिकुल परिस्थितिको बावजुद पनि किरात जातिको निम्ति र समग्रमा विश्व शान्ति र मानव एकताको निमित्त आफ्नो ६३ वर्षे जीवनकालको अन्तिम समयसम्म पनि लागिरहनुभयो । जीवनभर साग सिस्नु खाँदै नेपालको सुदुर पूर्वाञ्चलको गाउँ-गाउँदेखि लिएर सिक्किम, दार्जिलिङ हुँदै भुटान, बर्मासम्म तागेरा

[४५] *अन्तर्वार्ता, पूर्ववत्* नं. (४३)
[४६] लिङ्देन, *पूर्ववत्* नं. (१६) पृ. २६
[४७] सिवाखाहुन (भाग-१), *साम्जिक मुन्धुम, कुसाङ्सेमा मुन्धुम,* (भाग १ )
[४८] याक्थुङ्वा, *पूर्ववत्* नं. (३६) पृ. ७८-८४

निङ्वाभूमाङका इङ्घङ (वाणी)हरू दिदै हिड्नुभयो । यसरी भन्दै हिड्दा, सम्झाउँदै हिड्दा पनि अधिकतम किरातीहरूले नै सुनिदिएनन् । त्यसबेला उहाँका अनुयायीहरू अल्पसंख्यक रहेका थिए । महागुरुको मृत्युपश्चात धेरैजसो मौन भएका थिए भने केहीले यस मार्गलाई त्यागेको पाइन्छ ।[४९] किरात समाजको सुधारको लागि पटक-पटक माङ्इङ्घङ र सिवाखाहुन दिनुभए पनि किरातीहरूले नबुझिदिएपछि महागुरुका कार्यहरू अधुरै रहन पुगे । खास गरी उहाँको मृत्युपछि शिष्यहरूको लाचारपन र सो मार्गप्रति बेवास्ता तथा उदासिनता बढेकाले पनि सत्य धर्मको मुचुल्का अनुरूप किरात समाज परिवर्तन हुन सकेन । त्यसैले महागुरु फाल्गुनन्दका अधुरा कार्यहरूलाई सम्हालेर पूर्ण रूप दिन र उहाँका माङ्इङ्घङ तथा सिवाखाहुनहरूको संरक्षण, सम्वर्द्धन गरेर सोही अनुरूप समाज सुधारलाई निरन्तरता दिन वर्तमान धर्मगुरु अङ्सीमाङ आत्मानन्द लिङ्देन किरात समाजमा अवतरित हुनुभएको उहाँको सिवाखाहुन् र कार्यबाट स्पष्ट भएको छ ।[५०]

## ४.५ अङ्सीमाङ आत्मानन्द लिङ्देनः संक्षिप्त परिचयः

### ४.५.१ जन्मः

महागुरु फाल्गुनन्दको अधुरो रहेका कार्यहरूलाई पूरा गर्न थेबा रूपमा जन्म लिई मानवीय नैसर्गिक गुणमा रहेर सांसारिक जीवन अँगाल्नु भएका वर्तमान धर्मगुरु अङ्सीमाङ आत्मानन्द लिङ्देनको जन्म वि.सं. २०११ साल मंसिर १८ गते मेची अञ्चल, इलाम जिल्ला, इभाङ गा.वि.स., वडा नं. ५ स्थित चुक्चिनाम्बाको आगोटे बारी (पुछार बारी)मा पुण्यप्रसाद लिङ्देन र चन्द्रमाया (श्याविजिरी) चेम्जोङ्को सन्तानको रूपमा भएको थियो । उहाँको ज्योतिष नाम श्यामबहादुर हो । बाल्यवस्थादेखि नै जपतप, ध्यान गर्नतिर अग्रसर भएकोले बोजु जोगमाया तुम्बापोले आत्मा परमात्मा जान्ने भन्ने शाब्दिक अर्थमा आत्मानन्द नाम राखिदिनुभएको हो ।[५१]

### ४.५.२ बाल्यकालः

महागुरु फाल्गुनन्द झै ग्रामीण जनजीवनमा हुर्कनुभएका धर्मगुरु आत्मानन्द लिङ्देनको बाल्यकाल आमा भएर पनि मातृत्व विहिन जस्तै भएर बितेको थियो । पारिवारिक

---

[४९] लिङदेन, *पूर्ववत्* नं. (१६) पृ. २७
[५०] *अन्तर्वार्ता,* डकेन्द्रसिंह थेगिम, अध्यक्ष, किरात धर्म तथा साहित्य उत्थान संघ, केन्द्रीय कार्य समिति, २०६३
[५१] नविन लिङ्देन, *अङ्सीमाङ आत्मानन्द लिङ्देन संक्षिप्तमा,* मिक्तोक, (२०५९), पृ. ३

बेमेलका कारण आमा श्यामजिरी २/३ महिनाको काखे बालकलाई छाडेर दोस्रो विवाह गरी आसामतिर हिडेपछि बोजु जोगमायाको लालनपालनमा उहाँ हुर्कनुभएको हो । सानै उमेरदेखि गाईबस्तु हेर्ने, बालीनालीको हेरचाह गर्ने काम गर्दै उहाँको बाल्यकाल बितेको पाइन्छ । थोरै बोल्ने, झगडा नगर्ने र प्रायः एकान्त मन पराउने उहाँले बाल्यकालमा विद्यालय जाने वातावरण पाउनुभएन तर १३ वर्षको उमेरदेखि नै जपतपका माध्यमबाट आध्यात्मिक जगतमा प्रवेश गरी आत्मा परमात्मा जान्ने तथा विगत, वर्तमान र भविष्य जान्ने भई बालागुरु नामले सर्वत्र चिचिनु भयो ।[५२]

### ४.५.३ युवावस्थाः

युवावस्थामा पुगेपछि उहाँमा जपतप, ध्यान, गुफा साधन गर्ने काममा अझ तिव्रता आएको पाइन्छ । एकान्त ठाउँमा समय समयमा ध्यान गर्ने क्रममा १६ वर्षको उमेरमा वि.सं. २०२७ सालमा ध्यान गर्नुपर्ने माङ आदेश भएपछि उचित स्थल खोज्ने क्रममा फुःलुङ्गीको गुफा डाँडालाई चयन गरेर लगातार ६ महिनासम्म सो क्षेत्रमा गुफा साधना गर्नुभयो । सो गुफा साधनाको सफलतापूर्वक समाप्ति भएपछि फर्केर गाउँ जाने क्रममा इभाङको चुक्चिनाम्बा माङ्हिममा ठूलो सेवा गरियो । सो सेवा कार्यक्रमसँगै बालागुरुबाट धर्मगुरुको रूपमा स्वीकार गर्दै महागुरु फाल्गुनन्दको पुनः अवतारको रूपमा उहाँलाई स्वागत गरेर पुजियो ।[५३] त्यसपछि फाट्टफुट्ट रूपमा धर्मोपदश दिने कार्यको पनि सुरुवात भयो । धार्मिक पक्षलाई पनि साथमै लिएर विभिन्न ठाउँहरूको भ्रमण र यात्रा गर्ने सिलसिलामा आसाम, सिन्चेई फक्ताङ्लुङ आदि ठाउँहरूको भ्रमण गर्दै जवतपमा पनि उत्तिकै सक्रिय भइरहनुभयो । यसरी नै उहाँको युवावस्था माङसँग पटक-पटक एकाकार भएर बितेको पाइन्छ ।[५४]

### ४.५.४ पारिवारिक स्थितिः

धर्मगुरु आत्मानन्द लिङ्देनको वि.सं. २०३२ साल माघ २२ गते बाँझो-८ निवासी सुब्बा बृखध्वज साँबाकी जेठी छोरी पवित्रहाङ्मा साँबासँग शुभ विवाह भएको हो । इभाङको चुक्चिनाम्बा माङ्हिममा धुमधामका साथ विवाह सम्पन्न भएको थियो । वि.सं. २०३४

---

[५२] माङ्मिङ्सोहाङ, *अङ्सीमाङ आत्मानन्द लिङ्देनको संक्षिप्त जीवनी*, मिक्तोक (२०६०), पृ. ४-५
[५३] चन्द्रकुमार सेर्मा, *कर्मयोगी अङ्सीमाङ आत्मानन्दको अनन्त यात्रा*, (विशेषांकः अङ्सीमाङ आत्मानन्द लिङ्देन, २०६२), पृ. ३-४
[५४] *पूर्ववत्* नं. (५२), पृ. ६-७

सालदेखि लारुम्बामा स्थायी बसोबास गर्न थाल्नुभएका धर्मगुरुका ६ भाइ छोरा र ४ बहिनी छोरी गरी जम्मा १० जना सन्तान रहेका छन् । हाल पारिवारिक जीवनयापनसँगै किरात धर्मलाई पनि शसक्त ढंगबाट उहाँहरूले नेतृत्व तथा मार्गदर्शन गरिरहनुभएको छ । उहाँहरूको विवाहलाई माङद्वारा आदेश भएर गरिएको पवित्र देव विवाहको रूपमा भक्तजनहरूले स्मरण गर्ने गर्दछन् ।[५५]

### ४.५.५ सामाजिक तथा धार्मिक कार्यहरुः

धर्मगुरु अङ्सीमाङ आत्मानन्द लिङदेन तथा अङ्सीमामाङ पवित्रहाङ्मा साँबाद्वारा महागुरु फाल्गुनन्द लिङ्देनले सुरु गर्नुभएको समाज सुधारको कार्यलाई निरन्तरता दिइरहनुभएको छ । समय सापेक्ष संस्कार, संस्कृतिहरूलाई गतिशिल बनाएमा मात्र अस्तित्व कायम रहने अनुरूप बेला बेलामा परिमार्जन पनि गर्नुभएको छ । समाजलाई सु-संस्कृत बनाउँनमा गीत संगीतको ठूलो हात रहेको हुन्छ । उहाँद्धारा किरातीहरूको निम्ति जागरणका गीतहरू रचिएका पाइन्छन् । कुरीति र कुसंकारभित्र हराइरहेका किरातीहरूलाई ब्युझाउँन उहाँले आफ्नो गीतलाई शसक्त रूपमा प्रयोग गर्नुभएको छ ।[५६] समाजलाई सभ्य तरिकाले बाँच्न सिकाउन संस्कार गर्दा किरात साम्जिक मुन्धुम अनुरूप गर्ने र हरेक संस्कारलाई सम्पन्न गर्दा शुद्ध नैवेद्यको प्रयोग गरेर मितव्ययितालाई प्रोत्साहन गर्ने, परम्पराका नाममा विकृतपूर्ण रहेका कतिपय संस्कृतिहरूलाई समयानुकुल संशोधन गर्ने र परिमार्जित स्वरूपलाई समाजमा लागु गर्ने जस्ता सामाजिक सुधारका कार्यहरू धर्मगुरुको प्रत्यक्ष निगरानीमा किरात धर्मावलम्बीहरूमा अभ्यास भइरहेको छ ।

किरात धर्मलाई प्रचार प्रसार गर्न, साम्जिक मुन्धुम संस्कार, संस्कृति आदिलाई जोगाई राख्न र माङ्हिम निर्माण गरेर आफ्नै लिपिमा लेखिएका शास्त्रहरूलाई प्रयोगमा ल्याउने कामलाई व्यापक बनाउन उहाँले मुख्य गरी दुईवटा धार्मिक संघ संस्थाहरूको स्थापना गर्नुभएको छ । सो दुई संस्थाहरूका अन्य सहायक संस्थाहरूको गठन भएको पाइन्छ । वि.सं. २०३६ सालमा किरात धर्म तथा साहित्य उत्थान संघ गठन गरेर उहाँले नै अध्यक्षको पद सम्हाल्नुभएको थियो । त्यस्तै माङ्गेन्ना कार्यक्रमको पनि औपचारिक सुरुवात भयो । उहाँले किरात धर्मलाई आजको स्थितिसम्म ल्याइपुऱ्याउन महत्वपूर्ण योगदान दिनुभएको छ । किरात धार्मिक झण्डा निर्माण गर्नेदेखि लिएर किरात प्रिन्टिङ प्रेसको स्थापना

---

[५५] *उही,*
[५६] धनु फागोहाङ, *विविध रुप, विविध रंगमा अङ्सीमाङ आत्मानन्द,* मिक्तोक, (२०६०), पृ. १९

गर्नेसम्मको पहल उहाँबाट भएको पाइन्छ ।[५७] धर्मगुरु आत्मानन्द लिङ्देनलाई भविष्य वेत्ताको रूपमा पनि सबैले चिन्दै आएका छन् । उहाँले वि.सं. २०४९ माघ ३ र ४ गते बाँझो-९, भालुटारमा विश्वको बारेमा भविश्यवाणी गर्नुभयो । भविश्यवाणीमा पृथ्वीको आयु, विश्वका शक्तिशाली राष्ट्रहरूको स्थिति, हावापानी, युद्ध, राजनीतिक स्थिति आदिको बारेमा तोकेर बताउनुभएको छ । सो भाविष्यवाणी पुस्तकको रूपमा प्रकाशित भइसकेको छ ।[५८] यसका अतिरिक्त किरात मुन्धुमको व्याख्या विश्लेषण र छुटफुट वा भाषागत त्रुटि भएमा त्यसलाई संशोधन र सम्पादन गर्ने कार्यमा पनि उहाँको सक्रिय भूमिका रहेको छ । यसरी धार्मिक कार्यमा धर्मगुरु आत्मानन्दको अतुलनीय योगदान रहेको देखिन्छ ।

### ४.५.६ धर्मगुरूको दिनचर्याः

किरात धर्मको प्रमुख संरक्षक भएको हैसियतले किरात धर्मसँग सम्बन्धित दुईवटा संस्थाहरू किरात धर्म तथा साहित्य उत्थान संघ र किरात चो:लुङ अङ्सीमाङ्गेन्ना सेवाका कार्यकर्ताहरूलाई बेला बेलामा मार्ग निर्देशन दिने र देश विदेशका भक्तजनहरूलाई दर्शन भेट दिने काममा उहाँको अधिकांश समय व्यतित हुन्छ ।[५९] किरात धर्म दर्शनको बारेमा व्याख्या विश्लेषण गर्ने, ज्ञानको खोजीमा आउने चेलाभुलाहरूलाई धार्मिक ज्ञान दिने र समय समयमा धार्मिक उपचार गर्ने कार्य पनि उहाँको दैनिक क्रियाकलापभित्र पर्दछ । यसका साथै महागुरु फाल्गुनन्दद्वारा प्रतिपादित साम्जिक मुन्धुमलाई शंसोधन र सुधार गर्ने कार्यमा उहाँ तल्लिन रहनुहुन्छ । ब्रह्मज्ञानी, तत्वज्ञानी हुनुभएकोले सधै माङसँग लीन भएर बोलिरहनु भएको आभाष हुन्छ ।[६०] विश्व शान्ति र मानव एकताको लागि र चराचर जगतको रक्षा गर्ने कार्यमा सधै चित्त लगाइरहनुहुने उहाँले यसको लागि विभिन्न ठाउँहरूमा ठूला-ठूला यज्ञ होमादिको सेवा गरिरहनुहुन्छ । धर्मगुरु कर्मयोगी हुनुभएकोले खेतीपाती र बस्तु प्राणीहरूको पालनमा विशेष अभिरुचि राख्नुहुन्छ ।[६१] सादा जीवनशैली र सादा आहारविहार गर्नुहुने उहाँको दिनचर्या माथि उल्लेखित हरेक कार्यहरूको बिच रहेर बित्ने गरेको पाइन्छ ।

---

[५७] माङ्मिङसोहाङ, *पूर्ववत्* नं. (५२), पृ. ७-८
[५८] फागोहाङ *पूर्ववत्* नं. (१९)
[५९] *अन्तर्वार्ता, पूर्ववत्* नं. (५०)
[६०] *उही,*
[६१] स्थलगत अध्ययन, २०६३

# पाँचौं अध्याय

# माङ्सेबुङ लारुम्बाको सामाजिक र सांस्कृतिक परिचय

## ५.१ सामाजिक पक्षः

मानिस आफू जता पुगे पनि एउटा समाजको गठन गरेर वा त्यहीको सामाजमा घुलमिल भएर रहेको हुन्छ । समाजको रहनसहनले सभ्यताको मापदण्ड गर्छ । त्यसैले सामाजिक पक्षलाई कुनै पनि जातिको पहिचानको निम्ति महत्वपूर्ण मानिन्छ । संक्षेपमा माङ्सेबुङ लारुम्बाको सामाजिक पक्षलाई यसरी अध्ययन गरिएको छ -

### ५.१.१ बसोबासः

माङ्सेबुङ लारुम्बामा स्थानीय बासिन्दाहरूका आलावा विभिन्न ठाउँबाट आएर बसोबासको सुरुवात गरेका मानिसहरू रहेका छन् । यहाँ राई, लिम्बू, मगर, गुरुङ र दलित वर्गका मानिसहरू मुख्य गरेर बसोबास गरेका पाइन्छन् । काठ र जस्ता पाताले बनेको प्रायः दुई तले घरमा यहाँका बासिन्दाहरू बस्ने गर्दछन् ।[1] झुप्प झुप्प एकै ठाउँमा लहरै घर बनाएर एउटा टोल बनाई टोलको नाम पनि राखेको पाइन्छ । हरेक टोलमा आइपर्ने समस्याहरूको छलफल गर्न, त्यसको विकास, विस्तार, सरसफाई र अन्य विविध पक्षहरूको बारेमा सम्बन्धित टोलकै मानिसहरूले नेतृत्व गरेका हुन्छन् ।[2] परिवारका सदस्यहरू कतै संयुक्त र कतै एकल परिवारका रूपमा बसोबास गर्ने माङ्सेबुङ लारुम्बामा सेनेला, मिक्तोक्ला, अमदेन, तेङ्गोबुङ आदि जस्ता टोलहरू विगत तीन चार वर्ष यता नयाँ बस्तीको विस्तारसँगै बन्न पुगेका हुन् ।

### ५.१.२ जीवनशैलीः

माङ्सेबुङ लारुम्बा परिसरमा बसोबास गर्ने बासिन्दाहरूको जीवशैली साधारण किसिमको रहेको पाइन्छ । जीवनलाई सत्यको मार्गमा हिडाएर माङको नजिक पुग्ने इच्छा यहाँका मानिसहरूमा रहेको पाइन्छ । तडकभडकको जीन्दगीभन्दा पनि सादा जीवन व्यतित गर्नु र सरल जीवनशैली अपनाएर शान्तिपूर्वक बाँच्न पाउने आशा राख्नु यहाँको

---

[1] स्थलगत अध्ययन, २०६३

[2] *अन्तर्वार्ता, टंक* चेम्जोङ, (बर्ष ३५), टोल बासिन्दा, भालुटार, २०६३

बासिन्दाहरुको विशेषता मान्न सकिन्छ । यहाँ कोही पनि आर्थिक सम्पन्नताको दम्भ (घमण्ड) गर्ने वा आर्थिक विपन्नताको बावजुत पनि भोकभोकै परेर मगन्ते भई हिडेका भेटिदैनन् ।[३]

### ५.१.३ खानपानः

किरात जातिहरूलाई मतवालीको संज्ञा दिइएको पाइन्छ कारण जाँड रक्सी र मासुमंस बिना कुनै पनि संस्कार अपुरो हुन्थ्यो । तर माङ्सेबुङ यसको अपवादको रूपमा उभिएको छ । पूर्णतया सात्विक भोजन सेवन गर्ने तथा घरमा आउने पाहुनाहरूलाई पनि जाँड, रक्सी जस्ता परम्परागत सत्कारको सट्टा चियाले स्वागत गर्ने परिपाटी यहाँ पाइन्छ । धान, मकै, गहुँ, कोदो, दाल, सागसब्जी, गेडागुडीबाट बनेका दैनिक उपभोग्य बस्तुहरु यहाँका मुख्य खाद्यवस्तुहरू हुन् । धार्मिक स्थल वरिपरि मदमांसलाई स्वतस्फूर्त रूपमा प्रत्येक घरमा बन्देज गरिएको पाइन्छ ।[४]

### ५.१.४ सयङको अवधारणा र सुरूवातः

यहाँ एउटा सामाजिक संगठनको रूपमा केही वर्ष अघिदेखि सयङको सुरुवात भएको छ । हरेक जातिभित्र विभिन्न किसिमका थर र उपथरहरू हुन्छन् । एकै ठाउँबाट समयको गतिसँगै कारणवश छुट्टिन पुगेका वा अलग-अलग ठाउँमा बसोबास गरिरहेका एउटै कुलवंशीहरूलाई एक आपसमा एकत्रित गराएर चिनजान गर्ने, साइनो अस्पष्ट र अज्ञानतावश एउटै थरका उपथरीहरु बीच वैवाहिक सम्बन्ध कायम भएर नाता बिग्रेकोमा वंशावलीको खोजी गरेर सच्याउन पहल गर्ने तथा सुधार गर्दै एउटा सभ्य समाजको सिर्जना गर्नको निम्ति सयङको अवधारणा आएको हो ।[५] माङ्सेबुङ लारुम्बामा प्रत्येक थरीका कूलवंशहरूको एउटा सयङ गठन भएको छ । हरेक किसिमका सामाजिक क्रियाकलापहरूमा सयङहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । एक्लै सम्पन्न गर्न नसकिने कार्यहरू एउटै सयङभित्रका सदस्यहरू मिलेर पुरा गर्ने कार्य पनि यसले गर्ने गरेको छ । सयङको गठनले कुनै पनि थरीका सदस्यहरू शैक्षिक, बौद्धिक विकासको समानुपातिक गतिबाट बञ्चित हुनु नपरोस् भन्ने उद्देश्य राखेको देखिन्छ । लिङ्देन सयङ, माबोहाङ सयङ, खजुम सयङ,

---

[३] *अन्तर्वार्ता,* डकेन्द्रसिंह थेगिम, अध्यक्ष, किरात धर्म तथा साहित्य उत्थान संघ, केन्द्रीय कार्य समिति, २०६३
[४] स्थलगत अध्ययन, २०६३
[५] *अन्तर्वार्ता,* चन्द्रकुमार सेर्मा, अध्यक्ष, किरात ज्योतिष परिषद, २०६३

पापोहाङ सेर्मा सयङ, योङ्हाङ सयङ, थेगिम सयङ आदि किरात लिम्बू जातिभित्रका विभिन्न थरीका सदस्यहरूको संगठित सयङ हो । सयङको अवधारणा र सुरुवात वि.सं. २०६० सालबाट व्यापक रूपमा भएको हो ।[६]

### ५.१.५ संस्कारहरुः

मनुष्यका जीवनमा अनेकौ स्थिति र परिस्थितिहरू जस्तैः आनन्द, घृणा, दुःख, प्रेम, भय, सुख आदि देखा पर्दछन् । सबै मानिसहरूले उक्त कुरालाई कुनै न कुनै माध्यमबाट अभिव्यक्त गरिरहेकै हुन्छन् ।[७] हरेक जातजातिमा यस्ता सांसारिक दुःख, सुख, पीडा आदि जस्ता पक्षलाई प्रतिकात्मक रूपमा समाजमा अभिव्यक्त गरेर संस्कार गर्ने चलन छ । किरात जातिहरूमा पनि मौलिक परम्परागत संस्कारहरू रहेका छन् । ठाउँ र परिवेश अनुसार कुनै कुनै संस्कारहरू केही फरक पनि देखिन सक्छन् । कोख पूजा, जन्म संस्कार, अन्नप्रासन, छेवरकर्म, विवाह संस्कार र मृत्यु संस्कार किरात जातिले मान्ने संस्कारहरू हुन् ।[८] माङ्सेबुङ लारुम्बामा हरेक किसिमका संस्कारहरू किरात साम्जिक मुन्धुम अनुरूप सम्पन्न गरिन्छन् । मदमांसको प्रयोग कुनै पनि संस्कारमा गरिदैन ।[९]

### ५.१.६ पेशाः

माङ्सेबुङ लारुम्बामा कृषिलाई मुख्य पेशाको रूपमा अपनाएता पनि खेतीपाती गर्नको निम्ति जग्गा नभएकाहरूले भने आफ्नो पहुँच र क्षमता अनुसार समाजलाई आवश्यक पर्ने हरेक प्रकारका कार्यहरूको आपूर्ति हुन सक्ने खालका सबै किसिमका पेशामा उत्तिकै सक्रिय भएर लागेका पाइन्छन् । चटपटे बनाउने जस्ता साधारण पेशादेखि लिएर घर निर्माण, सिलाई बुनाई, कपडा, खुद्रा सामानको व्यापार, साना उद्योग लगायत साना तिना होटेल व्यवशायलाई यहाँ पेशाको रूपमा अपनाएका छन् ।[१०]

### ५.१.७ धार्मिक आस्था र विश्वासः

मुख्यतः धार्मिक स्थल भएकाले यहाँका बासिन्दाहरुमा धार्मिक आस्था र विश्वास एकदमै गहिरो भएको पाइन्छ । हरेक बिहान उठेर नुहाइधुवाई गरी किरात साम्जिक मुन्धुम

---

[६] *उही,*

[७] बासु बराल, *हिन्दु सामाजिक संगठनको प्रारूप,* (काठमाडौंः साझा प्रकाशन, २०५० दोस्रो संस्करण), पृ. ४५

[८] चन्द्रकुमार सेर्मा, *किरात कर्म संस्कार विधि,* (झापाः मेहेरमान लिङदेन, २०५७), पृ- १-१०,

[९] *अन्तर्वार्ता, पूर्ववत्* नं. (३)

[१०] *उहि,*

पाठ गर्दै पूजा गर्नु, माङ्हिममा सेवा गर्न जानु, बेला बेलामा धार्मिक अनुष्ठानहरू गर्नु यहाँका मानिसहरूको कार्य तालिका जस्तै भएको देखिन्छ । ब्रत, उपवास पनि उत्तिकै बस्ने गर्दछन् । यहाँ दुई छाकको लागि समस्या पर्नेहरू समेत माङ्हिममा पूजा हुँदा आफ्नो छाक काटेर भएपनि माङको नाममा भेटी चढाउँछन् । जीवनलाई माङले दिएको सुन्दर उपहारको रूपमा स्वीकारेर जे जस्ता आपत्ति आइलागे पनि माङको कृपा रहने विश्वासका साथ कर्मशील हुनुले यहाँका मानिसहरूमा धार्मिक आस्था र विश्वास धेरै बलियो रहेको संकेत मिल्दछ ।

## ५.२ सांस्कृतिक पक्षः

संस्कृतिले एउटा जातिलाई विश्वको कुनै पनि कुनामा राखिदिएता पनि अलग्गै छुट्टिने बनाउन सक्दछ । संस्कृति हरेकको पहिचान हो । यसभित्र एउटा व्यक्तिले जीवनमा सिक्ने विशिष्ट सिकाइहरू र जीवनलाई बुझ्ने बिभिन्न पक्षहरू रहेका हुन्छन् । कस्तो समाजमा हुर्के बढेको हो भन्ने कुरा पनि व्यक्तिको व्यवहारबाट थाहा पाउन सकिन्छ । व्यक्तिको व्यक्तित्वलाई परिस्कृत र समृद्ध बनाउनुमा संस्कृतिको मुख्य हात रहेको हुन्छ । त्यसैले संस्कृतिलाई महत्वपूर्ण मानिन्छ । मोटामोटी रूपमा माङ्सेबुङ लारुम्बाको सांस्कृतिक पक्षलाई यहाँ चर्चा गरिएको छ ।

### ५.२.१ भेषभुषा र गरगहनाः

यहाँ सबै उमेर समुहका मानिसहरूले आफ्नो उमेर अनुसारको लुगा घरमा बस्दा वा काम गर्न जाँदा लाउने गरेका हुन्छन् भने विशेष धार्मिक पर्व र सामाजिक चाडपर्वहरूमा बच्चादेखि वृद्धवृद्धासम्मले किरातहरूको पुरानो र मौलिक भेषभुषा तागाबा र मेख्ली लगाउने गर्दछन् ।[११] हरेक धार्मिक पर्वहरूमा सबैले शान्तिको प्रतिक सेतो रंगको तागावा र मेख्ली लगाएर प्रस्तुत हुने गरेका देखिन्छन् । यसका साथै समाजमा प्रचलित दौरा सुरुवाल, इष्टकोट, कोट, पेन्ट, सर्ट, साडी, चोलो, पटुका, कुर्ता सुरुवाल, लुङ्गी, भेष्ट आदि पनि लाउने गर्दछन् । त्यस्तै गरगहनाहरूमा परम्परागत रूपमा किरात महिलाहरूले लाउने ढुङ्ग्री, बुलाकी, चेप्टे सुन, जूनफूल, चौगेडी, नौगेडी, शिरबन्दी, सुनचाँदीका बालाहरू, मडुवाडी, कुण्डल, आदि लाउने गरेको पाइन्छ । हाल आएर यस्ता सुनका गहनाहरू लाउने

[११] स्थलगत अध्ययन, २०६२

प्रचलन पुराना पुस्ताहरूमा मात्र सिमित भएको पाइन्छ । सांस्कृतिक कार्यक्रमहरूमा यी गहनाहरूको प्रतिलिपि (नक्कली) बनाएर लगाउने गरेको पाइन्छ ।

### **५.२.२ मनोरञ्जनः**

हरेक जातजातिमा मनोरञ्जन गर्ने भिन्न भिन्नै तरिकाहरू रहेका देखिन्छन् । मनोरञ्जनले मानिसलाई समाजमा रमाइलो वातावरणको सिर्जना गराएर जीवनलाई सकरात्मक मोडमा डोऱ्याउन सहयोग गर्दछ । माङ्सेबुङमा मनोरञ्जनको लागि हरेक धार्मिक पर्वहरूमा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको हुन्छ । यसका साथै अन्य नाचहरू माङलाङ, केलाङ, साकेला, तुङ्गेलाङ, येबा/येमालाङ आदि पनि चरणवद्ध रूपमा कार्यक्रम सुरु हुनु अघि देखाइने गरेको पाइन्छ ।[१२]

धार्मिक र सामाजिक पर्वहरूमा भिन्नाभिन्नै खालका मनोरञ्जनका विधिहरू अपनाइएको हुन्छ । विवाह आदि खुसियालीको अवसरमा केलाङ, यालाङ मुख्य रूपमा नाचिन्छ भने धार्मिक अनुष्ठानहरूमा माङलाङ, तुङ्गेलाङलाई प्राथमिकता दिइन्छ । त्यस्तै पालाम, ख्याली, हाक्पारे, साम्लो जस्ता मौलिक गीतका किसिमहरू पनि प्रायः खुसीयालीका अवसरहरूमा गाउने गरिन्छ ।

किरातहरूले प्रयोग गर्ने बाजागाजाहरूमा के (ढोल), झ्याम्टा, एकतारे, डमरु, घण्टी, बिनायो, मुर्चुङ्गा आदि रहेको पाइन्छ । मुन्धुमका हरेक विधालाई लयवद्ध रूपमा एकतारे बजाउँदै गाउने गरेको पनि यहाँ पाइन्छ । माङ्सेबुङ लारुम्बामा यस्ता मौलिक संस्कृतिहरूको जगेर्ना गर्न यथाशीघ्र पहल भइरहेको साक्थिम्गेन मुजोत्लुङ पाञ्जुम्भोका अध्यक्ष हर्कबीर योङ्हाङ बताउनुहुन्छ ।[१४]

### **५.२.३ भाषा, लिपि, र साहित्यः**

कुनै पनि जातिको पहिचानको एउटा माध्यम उसको भाषा र त्यसलाई अभिव्यक्त गर्ने लिपि पनि हो । भाषा र लिपि भएपछि स्वतः साहित्यको पनि विकास हुन्छ । यहाँ किरात लिम्बू भाषाका अतिरिक्त राई, मगर, गुरुङ र नेपाली भाषा बोल्दछन् । लिपिको रूपमा किरात लिपि (सिरिजङ्गा) प्रयोग गरिन्छ । यो लिपिमा किरात साम्जिक मुन्धुमका पुस्तकहरू छापिएका छन् । हरेक घरमा प्रत्येक दिन साम्जिक मुन्धुमका पुस्तकहरूमा रहेको

---

[१२] स्थलगत अध्ययन, २०६२

[१४] *अन्तर्वार्ता,* हर्कवीर योङ्हाङ, अध्यक्ष, किरात साम्यो साक्थिम्गेन मुजोत्लुङ पान्जुम्भो, २०६३

किरात लिपिको मुन्धुमी भाषा पढेर पूजा विधिको सुरुवात गरिन्छ र साम्जिक मुन्धुम पढेरै समापन गरिन्छ ।[१५] किरात लिपिमा लेखिएको महागुरुको सिवाखाहुनका साथै कविता, कथा, लेख, निबन्ध आदि विधाबाट विभिन्न लेखकहरूले साहित्यलाई निरन्तरता दिइरहेका छन् । यसका साथै यहाँ किरात भाषा र लिपिमा पठाइने निसामहिम पनि रहेको छ जहाँ बच्चादेखि, युवा, पौढ सबै अध्ययन गर्ने गर्दछन् । किरात निसामाहिममा किरात साम्जिक मुन्धुमका विभिन्न विधाहरूमा अध्यापन गराइन्छ । नीजि विद्यालयहरूमा पनि किरात लिपि पढाउने गरेको पाइन्छ ।[१६]

### ५.३ धार्मिक पर्वहरुः

माङसेबुङ लारुम्बामा एक वर्षभित्र धेरैवटा धार्मिक पर्वहरू सम्पन्न गरिन्छन् । यस्ता धार्मिक पर्वहरूमा देश विदेशका भक्तजनहरू भेला हुने गर्दछन् । धर्मगुरुको दर्शनभेटका साथै दिव्योपदेश श्रवण गरेर र माङहिममा पूजाआजा गरी उनीहरू फर्कने गर्दछन् । हालसम्म हरेक वर्ष माङसेबुङ लारुम्बामा मनाउदै आइएका मुख्य धार्मिक पर्वहरू निम्न रहेका छन् -

### ५.३.१ कात्तिक २५ (महागुरू फाल्गुनन्द जन्मजयन्ती)ः

किरात समाज सुधारक महागुरु फाल्गुनन्द लिङ्देनको जन्म दिनको सम्झना गर्दै हरेक बर्ष कात्तिक २५ गते माङसेबुङ लारुम्बामा भव्य कार्यक्रमको आयोजना गरी जन्मजयन्ती मनाइने गरिन्छ । किरात धर्मप्रेमी भक्तजनहरू सो दिन महागुरु फाल्गुनन्दलाई स-भक्ति पूर्वक उहाँका सिवाखाहुन र आजीवन किरात जातिको उत्थान गर्न समर्पित योगदानलाई कदर गर्दै माङसेबुङ लारुम्बामा भेला भएर उहाँको स्मरण गर्दछन् । महागुरु फाल्गुनन्दको वालिङ भञ्ज्याङमा एउटा पूर्ण कदको शालिक रहेको छ जुन वि.सं. २०६१ साल कात्तिक २५ गते फाल्गुनन्द जन्मजयन्तीको अवसरमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए ।[१७] कात्तिक २५ गतेको दिन माङसेबुङ लारुम्बाका अतिरिक्त अन्य ठाउँहरूमा पनि महागुरु फाल्गुनन्द लिङ्देनको जन्मजयन्ती विभिन्न कार्यक्रमहरूका साथ भव्य तरिकाले मनाउने गर्दछन् ।

---

[१५] स्थलगत अध्ययन, २०६३

[१६] स्थलगत अध्ययन, २०६३

[१७] *रेकर्ड फाइल,* माङगेन्ना कार्यालय, माङसेबुङ, (२०४६-२०६२)

### **५.३.२ मंसिर १८ (अङ्सी माङ्गेन्ना तथा चासोक सेवा)ः**

हरेक वर्ष मंसिर १८ को भेलालाई माङ्सेबुङ लारुम्बामा महत्वपूर्ण धार्मिक पर्वको रूपमा लिएको छ । किरात जातिमा माङ्गेन्नाको अर्थ धेरै गहिरो र महत्वपूर्ण रहेको छ । जीवनलाई एउटा फक्रेको फूलसँग दाँज्दै प्रतिकात्मक रूपमा व्याख्या गरिने किरात धर्म दर्शनमा जीवनरूपी फूललाई गोडमेल, मलजल र प्राकृतिक विपत्तिहरूबाट बचाइराख्नको निम्ति प्रत्येक वर्ष माङ्गेन्ना गर्नुपर्ने संस्कार छ । किरात धर्मावलम्बी भक्तजनहरूको प्रत्यक्ष सहभागिता र हर्षोल्लासपूर्ण वातावरणमा मंसिर १८ गते साँझ १ लाख ८ हजार ८ सय ८ दीप प्रज्वलन गरि धर्मगुरु अङ्सीमाङ आत्मानन्द लिङ्देन नोमाङ्गेन्ना कार्यक्रम तथा माङ्गेन्ना सेवा सम्पन्न गरिन्छ ।[१८] त्यस समय विभिन्न किसिमका माङ वाजागाजा बजाउँदै र माङसेवासाबाहरूद्वारा वाचन गरिने साम्जिक मुन्धुमको ध्वनीले वातावरण एकदमै हर्षोल्लासपूर्ण हुने गर्दछ ।

प्रकृतिलाई माङको संरचना ठानेर अन्न उमारिसकेपछि आफूले ग्रहण गर्नुभन्दा अघि माङलाई चढाइन्छ जसलाई चासोक सेवा भनिन्छ । यसलाई किरातहरू चासोक तङ्नामको नामले सबैतिर मनाउने गर्दछन् । यो कार्यक्रमको उद्घाटन गर्न हरेक वर्ष देशका प्रमुख व्यक्तित्वहरूको आगमन हुने गर्दछ । हालसम्म मंसिर १८ गतेको कार्यक्रममा गिरिजाप्रसाद कोइराला, दिपकप्रकाश बास्कोटा, बेनुप प्रसाई, सुवासचन्द्र नेम्बाङ, सर्वेन्द्रनाथ शुक्ल, नरेन्द्रबिक्रम नेम्बाङ, सूर्यबहादुर थापा, इन्द्रहाङ नेम्बाङ, जनार्धन अधिकारी जस्ता व्यक्तिहरूको माङ्सेबुङ लारुम्बामा उपस्थिति भएको अभिलेख पाइएको छ ।[१९] अङ्सी माङ्गेन्नाको भोलिपल्ट धर्मगुरु तथा गुरुआमाबाट भेटदर्शन र गुरु उपदेशको कार्यक्रम सम्पन्न भएपछि सबै भक्तजनहरु आफ्नो घर फर्कने गर्दछन् ।

### **५.३.३ माघ ५ (खिबेक्वा याक्वा सेवा)ः**

प्रकृति पूजक किरातीहरू सदियौंदेखि प्रकृतिलाई विभिन्न किसिमले पूज्दै आइरहेका छन् । व्यक्तिगत रूपमा होस् या सामुहिक भेला भएर होस्, वर्षमा दुई पल्ट दुई भिन्नाभिन्नै उद्देश्यका प्रकृति पूजा गर्दछन् । जब धरतीमा बिउ बिजन छर्ने बेला हुन्छ, बिउ बिजन छर्न अघि छरेको बिउबिजन राम्रो होस्, बाढी पहिरोले नष्ट नगरोस्, असिना, पानी, हावाले

---

[१८] *अन्तर्वार्ता,* मेनेन्द्र सेर्मा, माङ्सेवासाबा, माङ्सेबुङ लारुम्बा, २०६३

[१९] *पूर्ववत्* नं. (१७)

नबिगारोस्, धेरै अन्न फलोस् र त्यसबाट राम्रो आम्दानी लिन पाऊँ भन्दै बालीनाली लगाउन खनजोत गर्दा पृथ्वीलाई परेको पीडा, अन्जानमा मारिएका किरा फट्याङ्ग्राहरूप्रति क्षमा माग्दै सृष्टिकर्ताको नाममा धार्मिक अनुष्ठान गरिन्छ, त्यसैलाई खिवेक्वा याक्वा सेवा भनिन्छ ।[२०] त्यसै गरी बाली पाकिसकेपछि माङबाट प्राप्त स्वीकृतिको लागि धन्यवाद ज्ञापन स्वरूप माङलाई सर्वप्रथम अन्न चढाइन्छ, त्यसलाई मुवेक्वा याक्वा सेवा (चासोक सेवा) भनिन्छ ।[२१]

माघ ५ गते विभिन्न ठाउँबाट आउने भक्तजनहरूले आफ्नो ठाउँमा उब्जाउने गरेका अन्नबालीका बिउहरू थोरै थोरै तर सबै मिसाएर माङ्सेबुङ लारुम्बाको खिबेक्वा याक्वा सेवामा चढाउँन ल्याउने गर्दछन् । भक्तजनहरुले ल्याएका बिउबिजन सबै एकैठाउँमा मिसाएर धर्मगुरु तथा गुरुआमाको समुपस्थितिमा याक्वा सेवा सम्पन्न भएपछि उहाँहरूकै हस्तबाहुलीबाट भक्तजनहरूले माङ्वाहाङ्वा ग्रहण गर्दछन् । अन्नबालीका बिउहरूको माङ्वाहाङ्वा लिएर आ-आफ्नो गाउँघरमा पनि बाँडेर बिउ बिजनमा मिसाई नयाँ बाली लगाउने गर्दछन् । प्रत्येक वर्ष माघ ५ गते मनाइने यो धार्मिक पर्वको परम्परागत महत्व रहेको छ । किरातीहरूले परम्परागत हिसाबले मानिआएको प्रकृति पूजालाई यहाँ अझ व्यवस्थित रूपमा मनाएको देखिन्छ । यस कार्यक्रममा प्रमुख अतिथि भएर गिरिजाप्रसाद कोइराला, भद्रकुमारी घले, नारायणसिंह पुन, दिपकप्रकाश बास्कोटा, परशुनारायण चौधरी र राजा ज्ञानेन्द्र समेत माङ्सेबुङमा आइसकेका छन् ।[२२]

### ५.३.४ फागुन ३ (अङ्सीमामाङ माङ्गेन्ना):

विगत दुई वर्षदेखि धार्मिक पर्वको रूपमा गुरुआमा अङ्सीमामाङ पवित्रहाङ्मा साँबा लिङ्देनको नोमाङ्गेन्ना उहाँको जन्मस्थल बाँझो-७ स्थित उत्तरेमा मनाउन सुरु गरिएको छ ।[२३] किरात साम्जिक मुन्धुममा सृष्टिको पहिलो स्वरूप युमा वा नारी स्वरूप भएको पाइन्छ ।[२४] युमाको भूमिका एकदमै महत्वपूर्ण रहेको पाइन्छ । युमाका अनेकौं रुप र अवर्णनीय शक्तिहरु छन् । सबै देवीदेवता, सीमेभूमे, नाग नागिनी तथा भूतप्रेत जागित्रका मालिक युमा नै हुन् । त्यसैले कुनै पनि देवीदेवतालाई पुज्नुअघि युमालाई धुपबत्ती गरेर

[२०] *सम्पादकीय,* किरात आवाज मासिक, वर्ष -१, अंक -७, २०६१ माघ, पृष्ठ.४
[२१] *उही,*
[२२] *पूर्ववत्* नं. (१७)
[२३] *अन्तर्वार्ता,* तोपहाङ लिङ्देन, प्रमुख पूजारी, किरात हाङ्साम मुजोत्लुङ माङ्हिम, २०६३
[२४] *किरात साम्जिक मुन्धुम भाग-३,* २०५९, पृ. १००

शक्ति माग्ने गरिन्छ । युमाले विभिन्न समयमा किरात नारीको स्वरुप लिएर लीला गरेका रमाइला कथाहरु किरात समुदायमा प्रचलित छन् । नारीको शक्तिलाई युमाले प्रतिनिधित्व गर्ने हुनाले किराती समाजमा नारीलाई हेर्ने दृष्टिकोण धेरै सकारात्मक रहेको छ । मातृ पक्षका देवीदेवताहरुलाई थान बनाएर पूजा गर्ने चलन आज पनि किरात समाजमा रहेको छ ।

संसारमा सृष्टिलाई निरन्तरता दिन नारी र पुरुषको उत्तिकै जिम्मेवारी रहेको हुन्छ । किरात धर्म दर्शन, संस्कार, संस्कृतिको संरक्षण, सम्वर्द्धन र बिस्तार कार्यमा धर्मगुरु तथा गुरुआमाले समान दायित्व लिएर निर्वाह गर्नुभएको भूमिकाले किरात समाजमा यद्यपि सुषुप्त अवस्थामा रहेको लैङ्गिक समानतालाई उजागर गर्दछ । उहाँको माङ्गेन्नाको विशेष सुरुवातलाई सम्पूर्ण भक्तजनहरूले शुभ सुरुवातको रूपमा लिएका पाइन्छन् ।[२५]

### ५.३.५ अन्यः

माथिका यी धार्मिक पर्वहरूका अलावा अन्य धार्मिक कार्यक्रमहरू पनि बेला बेलामा माङ्सेबुङ लारुम्बामा सम्पन्न हुने गरेका छन् । धार्मिक प्रवचन, धर्मउपदेश जस्ता विशिष्ट धार्मिक भेलाका अतिरिक्त विभिन्न धार्मिक संस्थाहरूको भेला र सांस्कृतिक कार्यक्रमहरू पनि यहाँ समय समयमा आयोजना गरिन्छन् ।

## ५.४ मौलिक चाडपर्वहरुः

मानिसहरूले परम्परागत मूल्य र मान्यताका आधारमा मानि आएका चाडपर्व र उत्सवहरू सबै जातिका उस्तै किसिमका हुदैनन् । ती समग्रमा एकै जस्ता देखिएता पनि गहिरिएर हेर्दा तिनीहरूले प्रत्येक जाति पिच्छे अलग खालको कथा बोकेका पाइन्छन् । त्यसभित्र उनीहरूको लामो जीवन संघर्षको इतिहास लुकेको हुन्छ । यस्ता चाडहरू मान्ने विधि र त्यसले बोक्ने कथा अलग अलग भएकाले हरेकले आफ्नै चाड सम्झेर मौलिक चाडपर्वको नाममा विभिन्न चाडहरू मनाउने गर्दछन् ।

माङ्सेबुङ लारुम्बामा धार्मिक पर्वका रूपमा मनाइने चासोक सेवा र खिबेक्वा याक्वा सेवाका अतिरिक्त अन्य सांस्कृतिक चाडपर्वहरू पनि मनाउने गर्दछन् । किरात मौलिक

---

[२५] तेजबहादुर मेन्याङबो, *धर्म सृष्टि र संस्कृति* (मीना कुमारी लिम्बू, २०५५), पृ. ३१

चाडपर्वको रूपमा स्विकारिएका यस्ता चाडपर्वहरूमा कक्फेक्वा तङ्नाम (माघे संक्रान्ति) सिसेक्पा तङ्नाम (साउने संक्रान्ति), बलिहाङ तङ्नाम (तिहार) रहेका छन् ।

### **५.४.१ कक्फेक्वा ताङ्नामः**

कक्फेक्वा तङ्नामलाई नेपाली भाषामा माघे संक्रान्ति वा मकर नुहाउने पनि भनिन्छ । यो चाडलाई विभिन्न जनजातिहरूले आफ्नै तरिकाले मनाउँने गर्दछन् । यो चाड प्रत्येक वर्ष माघ १ गते मनाइन्छ । एकाबिहानै नुहाइधुवाई गरी पूजा गरेर काँचो वनतरुलको टिका ग्रहण गरी उसिनेका विभिन्न प्रकारका तरुलहरूको परिकार खाने र साथीभाइहरूलाई पनि तरुलका परिकारहरू खुवाउने चलन माघे संक्रान्तिमा छ । यो चाडले मानव पूर्खाहरूको विगत अवस्थाको झझल्को दिने गर्दछ जुनबेला जङ्गली फलफूल, कन्दमुलमा पूर्खाहरू आश्रित थिए । मानव जातिको अतितलाई सम्झाउने चाडको रूपमा विकसित कक्फेक्वा तङनामलाई किरातीहरू महत्वपूर्ण चाडको रूपमा मान्ने गर्दछन् ।[२६]

### **५.४.२ सिसेक्पा तङ्नामः**

सिसेक्पा तङ्नामलाई पनि माङ्सेबुङ लारुम्बामा धुमधामका साथ मनाउने गरिन्छ । यो चाड हरेक वर्ष साउन १ गते पर्दछ । किरात सशि मुन्धुम अनुसार प्रतापी राजा माङ्हाङको शासनकालमा राष्ट्र अनिकालले व्याप्त भई जनताहरू खाद्यान्नको अभावले अन्तिम घडीमा पुगेको अवस्थामा सपनामा माङ्हाङलाई इष्टदेव युमा-थेबाले दर्शन दिई चमत्कारी उपाय बताएको र सो अनुसार चिन्तन गरी माङ्हाङले विपनामा कार्य गर्दा सपना साकार भई राष्ट्रबाट अनिकाल हटेर सहकाल आई जनता बाच्नुका साथै माङ्हाङको समेत चिन्ता हटेकाले सो अवसरमा राष्ट्रभरि खुसीयाली मनाइएको चाड नै कालान्तरमा अनिकाल खेदाउने चाड अर्थात सिसेक्पा तङ्नाम हुन पुगेको पाइन्छ ।[२७] यो चाडमा जंगली फलफूलदेखि लिएर वरपिपलको पात, कुकुर दाइने बिरुवाको पात, असारे रातो, सेतो फूल, कुरिलो, बाबियो आदि संकलन गरिन्छ । त्यसपछि आफ्नै घरबारीमा पाइने सबै फलफूलहरू टिपेर सबैलाई मिसाई बाबियोको डोरीमा उनेर बिहानै वा बेलुकी घाम अस्ताउने बेलामा घरको मूल ढोकामाथि वारपार टाँगेर राखिन्छ । बेलुका हरेक घरबाट विशेष

---

[२६] *प्रकृतिपूजक जनजातिहरूको महान चाड माघे संक्रान्ति*, पालाम, वर्ष १, अंक २, (२०६०), पृ.- ६
[२७] *सम्पादकीय*, विश्व किरात आवाज मासिक, वर्ष १, अंक ५, (२०५९, साउन), पृ.-६

बच्चाबच्चीहरूको जमातले अनिकाललाई सदाको लागि धपाउने चेष्टा गर्दै दोबाटोसम्म पुऱ्याएर आ-आफ्नो घर फर्कने चलन छ ।[२८]

### ५.४.३ बलिहाङ तङ्नामः

किरातहरूको मौलिक चाडपर्वहरू मध्ये एउटा महत्वपूर्ण चाड बलिहाङ तङ्नाम पनि हो जुन माङ्सेबुङ लारुम्बामा व्यापक मनाइन्छ । किवदन्ती अनुसार कैरात देशले परिचित नेपालको पूर्व क्षेत्रमा राज्य गर्ने बलिहाङ नामक ख्याती प्राप्त किरात राजा थिए । तागेरा निङ्वाभूमाङका परमभक्त र भविष्यवाणी समेत गर्न सक्ने बलिहाङले आफ्नो मृत्युको खबर थाहा पाएर आफ्नो अन्तिम दिन आइसकेको घोषणा गरेपछि उनलाई बचाउनको निम्ति उनकै भनाई अनुरूप सम्पूर्ण भारदार र पदाधिकारीहरूले कात्तिक महिनाको अन्धकारमय औंसीको रातमा नुहाईधुवाई गरी घरलाई सफासुग्घर र श्रृंगार गरेर चारैतिर बत्तीहरू बाली राजा बलिहाङको जीवनदानको लागि उपवास बसी तागेरा निङ्वाभूमाङको प्रार्थना गर्न लागे । यसबाट बलिहाङलाई लिन आएका यमराज समेत प्रभावित भई बलिहाङलाई जीवनदान दिए । यो खुसीयालीमा बलिहाङले त्यो दिन खान पिउन र आनन्दका साथ रमाइलो गर्ने र त्यो घटनाको सम्झना स्वरूप प्रत्येक वर्षको कात्तिक महिनामा उनीहरूको पर्वको रूपमा मनाउन र सो रात घर भित्र  र बाहिर बत्ती बाली उज्यालो बनाएर बलिहाङको स्मरण गर्न थाले ।[२९] त्यसपछि रमाइलो गर्दै प्रत्येक गाउँघरमा समुह-समुह भएर देउसी खेल्दै घरघरमा गाउँदै हिँड्दा राती भए लारिङ्गेक र दिउँसो भए नाम्लिङ्गेक भन्दै च्याब्रुङका साथ बलिहाङ तङ्नाम मनाउने चलन चल्यो ।[३०] यसरी तिहारमा किरातीहरू आफ्नै भाषामा भट्याएर बलिहाङको स्मरण गर्दै गाउँघरमा देउसी खेल्ने गर्दछन् । किरातहरूमा भाइटिकाको चलन छैन । हाल आएर सांस्कृतिक प्रभावको रूपमा शहरी क्षेत्रमा भाइटिका गर्ने चलन छ ।

यसरी माङ्सेबुङ लारुम्बामा सामाजिक र सांस्कृतिक पक्षका विभिन्न स्वरूपहरू भएको पाइन्छ । यो स्थलमा सांख्यिक रूपमा किरात धर्मावलम्बीहरू धेरै छन् । यसमा पनि खासगरी राई, लिम्बू, मगर, सुनुवार, गुरुङ, कामी, दमाई, इत्यादि छन् र एक दुई घर क्षेत्रीहरू पनि रहेका छन् । अन्य धर्मावलम्बीहरू पनि रहेता पनि समाजमा धार्मिक सहिष्णुता र एक अर्कामा सहयोगको भावना हुनुलाई यहाँको सामाजिक विकासको अनुकरणीय पक्षसकिन्छ ।[३१]

---

[२८] डि.बि. आङबुङ, *साउने संक्रान्ति पर्व,* अवधारणा पत्र, (काठमाडौं, २०६१ साउन १ गते), पृ.४
[२९] मञ्जुल याक्थुङबा, *हाम्रो बलिहाङ तङनाम र मौलिक मुन्धुम,* त्रैमासिक पालाम, वर्ष १, अंक ३, २०६३, पृ.१
[३०] *उही,* पृ.२
[३१] *अन्तर्वार्ता,* दिपक आङबुहाङ, सह-सचिव, किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवा, २०६३

# छैठौं अध्याय

# माङ्सेबुङ लारूम्बा र तीर्थ पर्यटन

### ६.१ पर्यटनको परिभाषाः

'पर्यटन' वर्तमान विश्वमा सबैभन्दा चर्चित र महत्वपूर्ण अर्थ बोकेको शब्द हो । कुनै पनि देशको आर्थिक मापनको माध्यमको रूपमा पर्यटनलाइ लिन सकिन्छ । विगतका समयमा जे जसरी यसको सुरूवात गरिएको भए पनि हाल आएर संसारमा विभिन्न परिभाषा बोकेर पर्यटन अझ व्यापक र विस्तृत रूपमा विकसित भइरहेको छ । कुनै पनि देशको प्राकृतिक सुन्दरतालाई नियाल्ने, जातीय विविधताले सिर्जना गरेको मौलिक संस्कृतिको रसास्वादन गर्ने वा विगतका मानव सभ्यताका अवशेषहरूलाई अवलोकन गर्ने आदि कार्यले विश्वका विभिन्न ठाउँका मानिसहरूलाई एउटै मानवीय सम्बन्धमा बाध्न सकेको छ ।

पर्यटन शब्दको चलनचल्तीको सामान्य अर्थ यात्रा वा भ्रमण भन्ने हुन्छ ।[१] पर्यटन 'Tourism' को नेपाली रूपान्तर हो । अँग्रेजीको 'Tourism' शब्द फ्रेञ्च भाषाको 'Tourisme' बाट आएको देखिन्छ । पर्यटनका केही विद्वानहरूले भने 'Tourism' वा 'Tourist' शब्द ल्याटिनको 'Tornus' शब्दबाट आएको उल्लेख गरेका छन् ।[२] पर्यटनलाई बुझ्न पर्यटक शब्दको पनि चर्चा गर्नुपर्ने हुन्छ । ए.के. भाटियाले 'Tourist' शब्दको प्रयोग सन् १९९२ देखि नै हुन थालेको कुरा चर्चा गरेका छन् ।[३] सत्रौं शताब्दीको मध्यताकादेखि एक ठाउँदेखि अर्को ठाउँ घुमि हिड्नेलाई तथा कुनै पनि देशको विभिन्न स्थानहरूका चारै कुना चाहार्नेहरूलाई बुझाउँन पर्यटक शब्दको प्रयोग सुरू भएको पाइन्छ । खासगरी सन् १६४३ मा विभिन्न स्थलको वृताकार रूपमा यात्रा गर्ने तथा कुनै पनि देशको चारै कुनामा मुख्य स्थलहरूको यात्रा गर्ने यात्रीलाई बुझाउँन पर्यटन शब्दको प्रयोग भएको थियो ।[४] यसरी पर्यटकहरूले भ्रमणको क्रममा गर्ने गतिविधिहरू जस्तै व्यापारिक, शैक्षिक, धार्मिक, मनोरञ्जनात्मक, खेलकुद, स्वास्थ्योपचार आदिका साथै आतिथ्य स्वीकार्ने ठाउँ वा मुलुकका निवासी तर्फबाट उनीहरूको आवश्यकता पुरा गर्नका लागि गरिने सम्पूर्ण व्यवस्था र त्यसबाट उत्पन्न हुने

---

[१] प्रा.डा. गणेश क्षेत्री र उप.प्रा. रामचन्द्र रायमाझी, *पर्यटन विकास र व्यवस्थापन,* (काठमाडौः एसिया पब्लिकेशन्स २०६१), पृ. १

[२] गोविन्द मानसिंह कार्की, *सांस्कृतिक पर्यटन,* (काठमाडौः ममता कार्की/पवित्रा निरौला, २०५९), पृ. १

[३] *उही,*

[४] क्षेत्री, *पूर्ववत्* नं. (१)

सामाजिक, सांस्कृतिक, आर्थिक लगायत सम्पूर्ण प्रभावहरूको समष्टि रूपलाई नै पर्यटन भनिन्छ ।[५]

पर्यटन शब्द 'संस्कृत' भाषाको 'अट्न' भन्ने मूलबाट ब्युत्पन्न भएको हो । संस्कृत ग्रन्थहरूमा अट्न मूलबाट ब्युत्पन्न तीनवटा शब्दहरू पाइन्छन् । (१) पर्यटन- ज्ञान तथा मोजमस्तीका निम्ति भ्रमणशील हुनु, (२) देशाटन- विभिन्न मुलुकहरूको अवलोकन र आर्थिक आर्जनका निम्ति भ्रमणशील हुनु, (३) तीर्थाटन- धर्मका निम्ति विभिन्न तीर्थस्थलहरूमा भ्रमणशील हुनु । यस बाहेक कतै-कतै आखेटन र भिक्षाटन जस्ता शब्दहरू पनि पाइन्छन् जसको अर्थ सिकारका निम्ति भ्रमणशील हुनु वा भिक्षाको निम्ति भ्रमणशील रहनु भन्ने हुन्छ ।[६] आजभोलि यी सम्पूर्ण 'अट्न' सँग जोडिएका शब्दहरूलाई एउटै शब्द पर्यटनको परिभाषाभित्र समेटिएको पाइन्छ ।

पर्यटन र पर्यटक विषयलाई लिएर विश्वका विभिन्न विद्वान तथा प्रवुद्ध लेखकहरूले आ-आफ्नै तरिकाबाट व्याख्या विश्लेषण गरेको पाइन्छ । वास्तवमा पर्यटनलाई एउटै मात्र परिभाषाले पूर्ण अर्थ दिने गरी ब्याख्या गर्न सकिदैन । यसको अर्थ एकदमै विस्तृत र व्यापक छ । वर्तमान अवस्थामा पर्यटन कुनै पनि देशको चौतर्फी विकासको लागि अपरिहार्य सावित भएको छ । शताब्दीऔं अघि केवल मनोरञ्जनको लागि वा व्यापार र धार्मिक तीर्थ यात्राको निम्ति सुरू भएको एक ठाउँदेखि अर्को ठाउँ वा मुलुकसम्म पुग्ने चलन अहिले आएर एक किसिमले जीवनको अभिन्न अंग जस्तै भएको छ । यो समयमा पर्यटन हरेक किसिमको आनन्द प्राप्त गर्ने माध्यम मात्र नभएर राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउने तथा अन्तर्राष्ट्रिय शान्ति र समझदारीको विकास गर्ने सर्वोच्छ माध्यमको रूपमा चित्रित भइसकेको छ । हाम्रो मुलुक जस्तो भौगोलिक विविधता र प्राकृतिक सुन्दरताले युक्त तथा जातीय, धार्मिक, सांस्कृतिक, भाषिक जस्ता विविधता बोकेको देशमा विभिन्न किसिमका पर्यटन गतिविधिहरूको सञ्चालनलाई अझ व्यापक र विस्तृत बनाएर विश्वको ध्यान खिच्न सकिने सम्भावनाहरू अझ पनि प्रशस्त रहेका छन् । नेपालका यस्ता धेरै विविधता मध्ये धार्मिक पक्षलाई पनि महत्वपूर्ण रूपमा लिन सकिन्छ ।

---

[५] कार्की, *पूर्ववत्* नं. (२)
[६] *पूर्ववत्* नं. (१)

## ६.२. तीर्थपर्यटनः

विश्वमा पर्यटनको विकास धार्मिक मनस्थितिले ओतप्रोत भएर तीर्थयात्रा गर्ने क्रममा पछिबाट अझ व्यापक बन्दै गएको उदाहरण पाइन्छ । तीर्थ भन्नाले पार तर्नु वा जसबाट तरिन्छ भन्ने अर्थमा यो शब्द हुन्छ । तीर्थ संस्कृत शब्द हो ।[७] तीर्थस्थल भन्नाले यस्ता भूमिहरूलाई इंगित गर्छ जहाँ महापुरूषहरूले जन्म लिए वा तिनीहरूले त्यस्ता महान कार्यहरू गरेर ती ठाउँहरूलाई पवित्र बनाइदिए । सामान्यतः ती नदी, सरोवर, मठ, मन्दिर, आश्रम, गुम्बा, र स्तुप आदि अथवा त्यस्तो भूमिलाई तीर्थ भन्दछन् जहाँ दिव्य शक्ति सम्पन्न धामहरू र त्यहाँ जाँदा वा गएर स्नान दर्शन आदि गर्नाले पाप नाश हुन्छ र चिन्त शान्ति मिल्छ भन्ने विश्वास गरिन्छ ।[८]

तीर्थयात्राको इतिहास ज्यादै प्राचीन रहेको पाइन्छ । विगतका समयमा तीर्थयात्रीहरू आफ्नो देश भन्दा बाहिरका मुलुकहरूमा समेत हरेक किसिमका डर, चिन्ताको वास्ता नगरी यात्रा गर्दथे । उनीहरू यात्राका क्रममा आइपर्ने सबै किसिमका अप्ठेराहरूसँग सामना गर्न तयार भएर धार्मिक भावनाका साथै खुल्दुली र आफ्नो उत्सुकताको कारण परदेशको भ्रमणमा निस्कने गर्दथे ।[९] पन्ध्रौं शताब्दी पश्चात युरोपका विभिन्न मुलुकका तीर्थयात्रीहरू तथा पादरीहरू भ्रमणमा संलग्न भए । सन् १७७६ मा समुयल जोन्सन (Samuel Johnson) को इटालीको भ्रमणबारे टिप्पणीलाई बोज्वल (Boswell) ले यसरी लेखेका छन्- 'A man who has not been in Italy, is always Concious of an inferiority, from his not having seen what it is expects a man should see. The grand object of travelling is to see shores of the mediterranean...'[१०] पोपको जन्मस्थल इटाली इशाईहरूको महान तीर्थस्थल हो जहाँ भ्रमण नगर्नेलाई त्यसताका हेय वा हीनताको दृष्टिकोणले हेरिन्थ्यो । भ्रमणको माध्यमबाट सभ्यताको पाठ सिक्ने चलन यूरोपमा त्यस समय विकसित गरेको प्रतित हुन्छ ।

विभिन्न धर्मका महान तीर्थस्थलहरूमा भ्रमण गर्ने तीर्थयात्रीहरूले गर्दा तीर्थपर्यटनको विकास भएको हो । इशाईहरूको जेरूसेलम, मुसलमानहरूको मक्का मदिना, हिन्दुहरूको भारतका चारधाम लगायत अन्य तथा नेपालको पशुपतिनाथ, गोसाईकुण्ड आदि तीर्थस्थलहरू र बौद्धधर्मका प्रवर्तक बुद्धको जन्मस्थल लुम्बिनीमा वर्षेनी लाखौंको संख्यामा पर्यटकहरू भ्रमण गर्ने गर्दछन् । त्यस्तै मुस्ताङको मुक्तिनाथ क्षेत्रलाई हिन्दु र बौद्ध मार्गी

---

[७] युवराज शर्मा गौतम, *तीर्थ पर्यटन,* (काठमाडौंः लुम्बिनी ट्रेडिङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि. डिल्लीबजार, २०६१), पृ. २
[८] *उही,* पृ. २४
[९] Yajna Raj Satyal, *Essentials of Tourism* (Delhi: Adroit Publisher, 2000), p. 18
[१०] Ramesh Raj Kuwar, *Tourism and Development*, (Kathmandu: Laxmi Kuwar, 1997), p. 161

दुबैको लागि पवित्र तीर्थस्थल मानिन्छ ।[११] नेपालमा अन्य पनि थुप्रै तीर्थस्थलहरू छन् जसको खोजी गरिएको छैन । विश्वमा शान्ति फैलाउन तीर्थपर्यटनको विकासले धेरै सघाउ पुऱ्याउन सक्दछ । विगत केही वर्षदेखि अस्तित्वमा आएको माङ्सेबुङ लारूम्बा किरात धर्म मार्गीहरूको पवित्र तीर्थस्थल बन्ने क्रममा छ । यो स्थललाई किरात धार्मिक स्थलको रूपमा स्वीकारेर देश विदेशका किरात धर्मावलम्बीहरू वर्षेनी दुईपल्ट जम्मा हुन्छन् भने अन्य समयमा पनि पूजाआजा गर्न र गुरुभेट तथा गुरुदर्शनको निम्ति टाढा-टाढाबाट आइरहेका देखिन्छन् ।[१२]

## ६.३ धार्मिक पर्यटक गन्तव्यस्थलको रुपमा माङ्सेबुङ लारुम्बाः

संसारमा यात्रा र भ्रमणको परम्परा धर्म कै आडबाट सुरू भएको पाइन्छ । मान्छे जहिल्यै जिज्ञासु हुन्छ । एउटा कुराको प्राप्ती नै सम्पूर्ण हो भन्ने प्रवृत्ति पालेर बसेको भए आज दर्शन, विज्ञान, सभ्यता जस्ता पक्षहरूको विकास सम्भव हुने थिएन त्यसैको उपज आज हामी विश्वकै प्राणीहरू मध्ये सबैभन्दा चेतनशील प्राणी 'मानव' भनेर आफ्नो परिचय दिने गर्दछौं । संसारमा मानव सभ्यताको जग एकै ठाउँबाट मात्र भएको छैन । कुनै एक समय सभ्यताको शिखरमा पुगेर पुनः ध्वस्त हुनु हरेक युगको सभ्यताको नियति नै बनेको छ । किरात जाति कुनै समय सभ्यताका धनी थिएनन् भन्न सकिने आधार छैन । तर समयको गतिले पुनः आफ्नो नाम समेत भन्न नसक्ने स्थितिमा पुऱ्याएको यथार्थता यतिबेला छर्लङ्गिँदै छ । आफ्नो भाषा, लिपि, धर्म, संस्कार, संस्कृति जस्ता हरेक पक्षबाट सम्पन्न भएर पनि हरेक दृष्टिकोणबाट अत्यन्तै निर्धन हुन पुगेका किरात जातिहरूको अस्तित्वलाई बचाउनको लागि एउटा दर्शनको केन्द्रस्थल बन्न पुगेको माङ्सेबुङ लारूम्बा आज पनि धेरैको नजरमा अपरिचित र अन्यौल नै छ ।

माङ्सेबुङ लारूम्बालाई किरात धर्मावलम्बीहरूले मात्र नभएर किरात जातिसँग सम्बन्धित विविध पक्षहरूको बारेमा जिज्ञासु व्यक्तिहरूले समेत नजिकबाट नियाल्न सक्दछन् ।[१३] यहाँको भौगोलिक विविधता र हावापानी लगायत अन्य ऐतिहासिक महत्वका स्थलहरूलाई माङ्सेबुङ लारूम्बामा पर्यटक आकर्षित गर्ने पक्षका रूपमा लिन सकिन्छ ।[१४] पूर्वका विभिन्न किरात समुदाय बसोबास क्षेत्रबाट यो धार्मिक स्थल वरपर आएर स्थायी

---

[११] कार्की, *पूर्ववत्* नं. (२) पृ. १९०
[१२] *अन्तर्वार्ता,* विक्रम वनेम, उपाध्यक्ष, किरात साम्यो नालिफुङवा मुजोत्लुङ पान्जुम्भो, २०६३
[१३] *अन्तर्वार्ता,* सेसेहाङ फियाक अध्यक्ष तथा कार्यक्रम सञ्चालक, माङसेबुङ मिडिया सोसाइटी, मेवानाम्विन, इटहरी, २०६३
[१४] *अन्तर्वार्ता,* कल्पना लिङ्देन, कार्यक्रम सञ्चालिका, मेवानाम्विन इटहरी, २०६३

बसोबास गर्ने वा अन्य विविध कारणवश धार्मिक शरण लिन पुगेका बेग्लाबेग्लै संस्कार र संस्कृति भएका किरातीहरू तथा किरात धर्म अनुशरण गर्ने गैऱ्ह किरात दुवैको मिश्रित स्वरूप यहाँ नयाँ संस्कृतिको समेत विकास भइरहेको पाइन्छ ।[१५] त्यस्तै गरेर किरातहरूको मुन्धुम अनुरूप साम्जिक मुन्धुम पढेर सम्पन्न गरिने संस्कारहरू पनि आगन्तुक पर्यटकहरूको लागि जिज्ञासाको विषय बन्न सक्ने देखिन्छ ।[१६]

पर्यटन विकासको लागि यातायात, भौतिक पूर्वाधार, बाटोघाटोको सुविधा आदि कुराहरू आवश्यक पर्दछन् । देशमा एउटा वा सिमित क्षेत्र मात्र विकसित र सुविधायुक्त भएर अन्य यदि ओझेलमा परिरह्यो भने सिङ्गो देश नै विकासको समानुपातिक गतिबाट अलग्गिन पुग्दछ । त्यसैले स्थानीय वस्तुहरूको महत्वलाई चिनेर त्यही अनुरूप पर्यटनको विकास गर्न सके देशको अर्थव्यवस्था सुदृढ बनाउँनमा पर्यटनले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । आज आएर पर्यटन एउटै विधामा मात्र सिमित छैन । यस्ता थुप्रै विधाका पर्यटन गतिविधिहरू मध्ये धार्मिक पर्यटन नेपालको सन्दर्भमा पर्यटकलाई आकर्षित गर्ने महत्वपूर्ण पक्ष देखिन्छ । धार्मिक पर्यटनका निम्ति बौद्ध र हिन्दुहरूले प्रशस्त रूपमा भ्रमण गर्ने मुख्य पाँच क्षेत्रहरू रहेका छन् । पशुपति जनकपुरधाम, लुम्बिनी, मुक्तिनाथ क्षेत्र र गोसाइकुण्ड जस्ता तीर्थस्थलमा वर्षेनी देश विदेशका लाखौं धार्मिक पर्यटकहरू पुग्ने गर्दछन् ।[१७] यसले गर्दा त्यहाँको आर्थिक पक्षलाई माथि उकास्न धेरै सहयोग पुगेको पाइएको छ । पर्यटकहरू कुनै धेरै जिज्ञासु र नयाँ कुराप्रति उत्सुक हुने खालका पनि हुन्छन् । यस्ता पर्यटकहरूलाई नयाँ कुराको जानकारी दिएर वा नौलो वस्तुको चिनारी गराएर पनि उनीहरूको आकर्षण बढाउन सकिन्छ । आकर्षक र जिज्ञासै जिज्ञासाले भरिएको पक्ष बोकेको माङ्सेबुङ लारूम्बालाई अरू सामु चिनाउन सकिएमा पक्कै पनि यो क्षेत्रमा पर्यटक गतिविधिहरूको वृद्धि हुन सक्ने देखिन्छ ।[१८]

माङ्सेबुङ लारूम्बाको सबैभन्दा दर्शनीय पक्ष भनेको विश्व शान्ति र मानव एकताको उद्घोष सहित बनाउन लागिएको मुजोत्लुङ माङ्हिम हो जुन निकट भविष्यमा शुरू गर्ने लक्ष्य रहेको माङ्गेन्ना सेवाका अध्यक्ष केहेरसिंह योङ्हाङ बताउँनुहुन्छ ।[१९] यस स्थलमा पवित्र धार्मिक नगरको विकास, बिजुली बत्ती, बाटोघाटोको उचित व्यवस्था, अस्पताल, पर्यटक सुहाउँदो होटलहरूको व्यवस्था र अन्य सेवा सुविधाहरूको व्यवस्था ठूलो

---

[१५] *उही,*
[१६] *अन्तर्वार्ता,* हरि आङ्बुहाङ ,सचिव, किरात साम्यो माङ्सेवासाबा मुजोत्लुङ पान्जुम्भो, २०६३
[१७] क्षेत्री, *पूर्ववत्* नं (१) पृ. १९६-२०३
[१८] *अन्तर्वार्ता,* टंक चेम्जोङ, अध्यक्ष माबोहाङ सयङ, माङ्सेबुङ लारुम्बा, २०६३
[१९] *अन्तर्वार्ता,* केहेरसिंह योङ्हाङ, अध्यक्ष, किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवा, २०६३

लागतमा किरात धर्मदर्शन अनुरूपको एउटा भव्य केन्द्रीय किरात माङ्हिम, परिसरमा सुन्दर बगैंचा, जंगल र त्यसभित्र विभिन्न किसिमका चराचुरूङ्गी, पशुपंक्षी बास गर्न सक्ने वातावरणको विकास तथा किरात संग्रहालयको विकास आदि पर्यटकीय भौतिक आकर्षणका बस्तुहरू यहाँको गुरू योजनामा रहेका किरात धर्म तथा साहित्य उत्थान संघ केन्द्रीय कार्य समितिका अध्यक्ष डकेन्द्रसिंह थेगिम जानकारी दिनुहुन्छ ।[२०] यो योजनालाई पूर्णता दिनको निम्ति आवश्यक कदम चाल्ने क्रममा माङ्सेबुङ लारूम्बाबासी लगायत अन्य ठाउँमा रहेर पनि चासो लिई राख्ने किरात धर्मप्रति समर्पितहरू जुर्मुराउन थालेका छन् । यसको लागि किरात चोःलुङ अङ्सी माङ्गेन्ना सेवा र किरात धर्म तथा साहित्य उत्थान संघको भूमिका अग्रणी र उल्लेख्य रहनेछ ।[२१]

विश्वमै अशान्ति, हत्या, हिंसा र अराजकता बढिरहेको यस स्थितिमा शान्ति र मानव एकताको निम्ति प्रत्येक दिन तीन प्रहर सेवा लगाइने किरात हाङ्साम मुजोत्लुङ माङ्हिम परिसरमा आइपुग्ने जो कोहीको लागि पनि यो स्थल शान्त र मनोरम महसुस हुन्छ । यहाँ हरेक किसिमका हिंसालाई पूर्णत अस्वीकार तथा बन्देज गरिएको छ र पूर्ण सात्विक जीवन पद्धतिलाई अंगिकार गरिदै आएको छ । किरात धर्म दर्शनले यही कुरालाई जोड दिएको छ ।[२२] यसका साथै किरातहरूको मौलिक संस्कार, संस्कृति र किरात साम्जिक मुन्धुम, किरात निसामहिम पनि पर्यटकहरूलाई आकर्षण गर्ने मुख्य माध्यम बन्न सक्ने देखिन्छ । पूर्वाञ्चलका ९ वटा जिल्लाका जनजातिहरु विगत १०/१२ वर्ष अघि देखिको मुलुकको प्रतिकुल राजनीतिक परिस्थितिले गर्दा र मुलकभर व्याप्त अशान्तिका कारण जीउधनको सुरक्षा र शान्तिपूर्वक बाँच्नका निम्ति यस धार्मिक स्थलमा आश्रय लिएर बसेका छन् । हाल आएर तिनीहरू माङ्सेबुङका बासिन्दाको रूपमा परिणत भइसकेकाले ती सम्पूर्ण जिल्लाको संस्कृतिको प्रतिनिधित्व पनि यो ठाउँमा रहेको देखिन्छ र किरात जातिका सम्पूर्ण मौलिक संस्कृतिको जगेर्णा गर्दै त्यसको उत्थान र विकास गर्दै लाने तयारीमा रहेको किरात साम्यो साक्थिम्गेन मुजोत्लुङ पान्जुम्भोका अध्यक्ष हर्कबीर योङ्हाङ बताउनुहुन्छ ।[२३] यसरी नेपालका प्राचीन जाति किरातहरूको सम्पूर्ण पक्षको अध्ययन केन्द्रको रूपमा यो स्थल विकसित भइरहेकोले भविष्यमा धार्मिक पर्यटक गन्तव्यस्थल बन्ने ठूलो सम्भावना रहेको छ ।

---

२० *अन्तर्वार्ता,* डेकेन्द्रसिंह थेगिम, अध्यक्ष, किरात धर्म तथा साहित्य उत्थान संघ, केन्द्रीय कार्य समिति, २०६३
२१ *उही,*
२२ *अन्तर्वार्ता,* भगिहाङ नेम्बाङ सचिव, किरात साम्यो, नालिफुङ्वा मुजोत्लुङ पान्जुम्भो, २०६३
२३ *अन्तर्वार्ता,* हर्कवीर योङ्हाङ, अध्यक्ष, किरात साम्यो साक्थिम्गेन मुजोत्लुङ पान्जुम्भो, २०६३

## ६.४ माङ्सेबुङ लारुम्बासँग जोडिएका अन्य केही ऐतिहासिक स्थल तथा पर्यटकीय गन्तव्यस्थलहरुः

माङ्सेबुङ लारूम्बासँग प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध राख्ने ऐतिहासिक स्थलहरू वरपर चारैतिर छरिएर रहेका छन् । हालसम्म ती स्थलहरूको बारेमा गहिरो अध्ययन हुन सकेको छैन । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस्ता महत्वपूर्ण स्थलहरूको बारेमा व्यापक चर्चा परिचर्चा गरिनु आवश्यक देखिएको छ । माङ्सेबुङ लारूम्बा आउने जो कोही यी स्थलहरूमा पुग्न सक्दछन् । कारण पैदलै हिडेर भएपनि यी ठाउँहरूको भ्रमण गरेर फर्कन सकिन्छ । किरात धर्मावलम्बीहरूको पवित्र तीर्थस्थलको रूपमा रहेका र पर्यटकीय आकर्षणका विविध पक्ष बोकेका स्थलका रूपमा पनि यी स्थलहरूको उल्लेख गर्न सकिन्छ । महागुरू फाल्गुनन्द लिङ्देन तथा वर्तमान धर्मगुरू आत्मानन्द लिङ्देनको जन्मभूमि, तपोभूमि र कर्मभूमिको रूपमा रहेका चुक्चिनाम्बा, खत्रक्पा, फुःलुङ्गी लगायतका अन्य स्थलहरूलाई धार्मिक पर्यटनको हिसाबबाट महत्वपूर्ण सम्भावना बोकेका पर्यटकीय स्थलको रूपमा उल्लेख गर्न सकिन्छ । हाल आएर भर्खर चर्चाको विषयबस्तु बन्न थालेका यस्ता ऐतिहासिक महत्वका स्थलहरूमा फाट्टफुट्ट श्रद्धालु भक्तजनहरू पूजाआजाका साथै दर्शन गर्न पनि कम्तीमा एकपल्ट जाने गर्न थालेका छन् । किरात धर्म अनुयायी तथा धार्मिक आस्था बोकेर भ्रमण गर्ने पर्यटकहरूको लागि यी स्थलहरू ठूलो आकर्षणको केन्द्र बन्ने सम्भावना देखिन्छ । तर बाटोघाटो लगायत अन्य भौतिक पूर्वाधारहरूको विकास भने आज पनि खड्किरहेको छ । यहाँ धार्मिक पर्यटकीय क्षेत्रका रुपमा सम्भावना बोकेका केही स्थलहरूको संक्षिप्त चर्चा गरिएको छ -

### ६.४.१ चुक्चिनाम्बाः

बाँफोको छिमेकी गा.वि.स. इभाङको पुरानो नाम युवाङ हो । जब पञ्चायती व्यवस्था लागु भयो तब तत्कालिन पञ्च कार्यकर्ताहरूले युवाङलाई इभाङ बनाएका हुन् ।[२४] इभाङ गा.वि.स.को चुक्चिनाम्बा गाउँ किरात जातिको लागि एकदमै महत्वपूर्ण मानिन्छ । माङ्सेबुङ लारूम्बाबाट लगभग ९/१० कि.मी. टाढा उत्तर पश्चिम दिशामा अवस्थित चुक्चिनाम्बा महागुरू फाल्गुनन्द लिङ्देन तथा धर्मगुरू आत्मानन्द लिङ्देनको जन्मभूमि हो । यस पवित्र स्थलमा पुग्नको लागि पैदल ४/५ घण्टा अथवा कच्ची सडकबाट रक्से

[२४] खड्ग सम्बाहाम्फे, *माङ्सेबुङ दर्पणछाया,* (२०५९), पृ. ८३

बजारसम्म निस्केपछि करिब आधा देखि एक घण्टासम्म पूर्वतर्फ ओरालो बाटो भएर जानुपर्ने हुन्छ । चुक्चिनाम्बामा किरात हाङ्साम फाल्गुनन्द माङ्हिम छ । महागुरू फाल्गुनन्दद्वारा वि.सं. १९८६ सालमा स्थापना गरिएको माङ्हिमलाई पुनः जीर्णोद्वार गरिएको छ (गत जेठ १८ गते) र पुरानो माङ्हिमकै दक्षिणतिर छेउमा एउटा नयाँ माङ्हिमको स्थापना गरि उद्घाटन पश्चात सञ्चालनमा ल्याइएको छ ।[२५] अब चाँडै नै चुक्चिनाम्बा माङ्हिम परिसरमा एउटा भव्य माङ्हिमको निर्माण हुन गइरहेको छ । १५ रोपनी जग्गा माङ्हिमको रहेको थियो भने भर्खरै मात्र भक्तजनहरूद्वारा दुई लाख रकम जम्मा गरेर ९ रोपनी जग्गा माङ्हिमको नाममा खरिद गरिएको छ ।[२६] चुक्चिनाम्बालाई किरात धर्मका प्रवर्तकहरूलाई जन्म दिने पूण्यभूमिको रूपमा सम्झने गरिन्छ । महागुरू फाल्गुनन्द लिङ्देन वि.सं. १९४२ कात्तिक २५ गते चुक्चिनाम्बाको गैरीगाउँमा जन्मनुभएको थियो । महागुरूले आफ्नो जीवनको पूर्वार्द्ध समय चुक्चिनाम्बाकै लेच्छेबुङ, गैरीगाउँ र आगोटे बारीमा बिताउनुभएको थियो । लेच्छेबुङ भन्ने ठाउँ पुग्न चुक्चिनाम्बा माङ्हिमदेखि करिब एक घण्टा ओरालो झर्नुपर्दछ जुन ठाउँमा महागुरूले युवास्थामा आफ्ना काकाकाकीसँग छुट्टै अंश लिई छाप्रो बनाएर बस्नुभएको थियो र पछि त्यही ठाउँबाट नै दार्जिलिङ जानुभएको थियो ।[२७] हिजोआज सो ठाउँ दुईवटा अनकण्टार खोल्सीको बिचमा अवस्थित छ । त्यहाँ महागुरूले प्रयोग गर्नुभएको ढुंगाको ओखल थियो भनिन्छ तर हालसम्म प्राप्त हुन सकेको छैन ।[२८] चुक्चिनाम्बाको अर्को महत्वपूर्ण ठाउँ वर्तमान धर्मगुरूको जन्मस्थल आगोटेबारी हो । चुक्चिनाम्बा माङ्हिमबाट लगभग दुई घण्टामा पुगिने सो आगोटेबारीमा वि.सं. २०११ साल मंसिर १८ गते धर्मगुरूको जन्म भएको थियो । अहिले सो ठाउँमा घर भत्काएको ढुंगाहरूको थुप्रो मात्र अवशेषको रूपमा रहेको छ । २०२५ सालमा घर नजिकै पहिरो गएपछि सो घरलाई छोडेको वर्तमान धर्मगुरू तथा गुरूआमाका निकटका नातेदार माङ्सेवासावा जोगदिल साम्सोहाङ बताउनुहुन्छ ।[२९] आगोटेबारी पनि हिजोआज तितेपाती, ऐशेलु जस्ता स-साना पोथ्रापोथ्रीभित्र अनकन्टार ठाउँको रूपमा परिणत भइसकेको छ । वर्तमान धर्मगुरूको जन्मस्थलभन्दा केही पर उत्तरपट्टि करिव ७५ मिटर जतिको दूरीमा महागुरू फाल्गुनन्द पल्टनबाट फर्कि आएर छाप्रो बनाई केही समय बस्नुभएको ठाउँको अवशेष छ । आगोटेबारीमा धर्मगुरूको बाजेले रोप्नुभएका नासपाती लगायतका बोटबिरूवाहरू आजसम्म

---

[२५] स्थलगत अध्ययन, २०६३
[२६] *अन्तर्वार्ता, पूर्ववत्* नं. (१९)
[२७] हेमराज गुरुङ र कुलानन्द दाहाल, *तपस्वी फाल्गुनन्दको जीवनी,* (चुक्चिनाम्बाः बद्रीनन्द तुम्बापो, २०२३), पृ. १५-१७
[२८] स्थलगत अध्ययन, २०६३
[२९] *अन्तर्वार्ता,* जोगदिल साम्सोहाङ, उपाध्यक्ष, किरात साम्यो माङ्सेवासाबा मुजोत्लुङ पान्जुम्भो, २०६३

पनि छन् । यो स्थलको पारीपट्टि विशाल घोर्ले भीर देखिन्छ । यसै भीरको छेउबाट फेवा खोला बगेको छ । स्थानीय भनाई अनुसार घोर्ले भीरको बिच भागमा राती कहिलेकाही बत्ती बलेको देखिन्छ ।[३०] त्यहाँ नाङ्लो जत्रा खजुराहरू रहेको जनविश्वास रहेको छ । अत्यन्तै ठूलो र विकट भीर भएकोले त्यहाँ गाईबस्तु लगायत मानिसहरू पनि जान नसक्ने बताइन्छ । यसरी प्रकृतिक सुन्दरताले भरिपूर्ण तर विकट घोर्ले भीरले आगाटेबारीको महत्वलाई अझ टेवा पुऱ्याएको छ र यो भीरले पर्यटकहरूलाई नै पर्खिबसेको महसुस गराउँछ ।

चुक्चिनाम्बाको अर्को महत्वपूर्ण स्थल गैरीगाउँ हो । महागुरू फाल्गुनन्दको जन्म भएको यो ठाउँमा हाल जन्मघरको अवशेषसम्म बचेको छैन । त्यहाँ अध्ययनका क्रममा जाँदा मकैको बाली लगाएको पाइयो भने सो ठाउँदेखि केही माथि महागुरूले सानो कुटी बनाएर बस्नुभएको अवशेष स्वरूप ढुङ्गाका थुप्राहरू रहेका छन् । छेउमा महागुरूद्वारा रोपिएको विशाल ठूलो नासपातीको बोट छ । आगोटे बारीदेखि सिधै उकालो बाटो करिब साँढे एक घण्टा जति बिस्तारै हिँड्दा पुगिने ठाउँमा नासपातीको बोट रहेको छ जसलाई महागुरू फाल्गुनन्दको स्मरण गराउने एउटा सजिव प्रमाणको रुपमा लिन सकिन्छ । लगभग ६० फिट अग्लो यो नासपातीको गोलाई करिब १३ फिट छ जुन लटरम्म फल्ने असारे नासपातीको नामबाट चिन्न सकिन्छ ।[३१] यो ठाउँबाट चुक्चिनाम्बाको माङ्हिम पुग्न त्यति टाढा पर्दैन । माङ्हिमको प्राङ्गणबाट उत्तर पूर्व केही तल पारीपट्टि आधा घण्टादेखि ४५ मिनेटको दुरीमा गैरीगाउँ अवस्थित छ ।

धार्मिक तीर्थालुहरूले चुक्चिनाम्बा जाँदा पुग्नैपर्ने खालका जम्मा चारवटा ठाउँहरू रहेका छन् । (१) चुक्चिनाम्बा माङ्हिम (२) लेच्छेबुङ (३) आगोटेबारी (४) गैरीगाउँ । यी सबै ठाउँहरूले आ-आफ्नै खालको अर्थपूर्ण इतिहास बोकेर बसेका छन् जहाँ पुग्दा एक किसिमको आनन्द अनुभूति हुन्छ ।[३२] चुक्चिनाम्बामा महागुरूले स्थापना गर्नुभएको माङ्हिमको माथिल्लोपट्टि ढुङ्गाको ओडार रहेको छ । ओडारभित्र विभिन्न देवीदेवताहरूको आसनहरू बनाइएका छन् । माङ्हिम र ओडारको वरिपरि सल्ला, धुपी, उत्तिस, बास, दुधिलो, गोगुन, अम्लिसो जस्ता रूखविरूवाहरू पाइन्छन् । यो ठाउँमा मकै, कोदो, आलु, फापर, भटमास, सिमी आदि अन्नवाली लगाइन्छ । महाभारत डाँडाको काखमा रहेको यो ऐतिहासिक तीर्थस्थलमा प्रायः बाक्लो कुहिरो लागिरहन्छ । वर्तमान धर्मगुरूको चुक्चिनाम्बा

---

[३०] सम्बाहाम्फे, *पूर्ववत्* नं. (२४)
[३१] स्थलगत अध्ययन, २०६३
[३२] *अन्तर्वार्ता*, राजेन्द्र खजुम, माङ्सेवासाबा, (वर्ष ३२), झापा, हालः माङ्सेबुङ

माङ्हिमसँग उत्तिकै गहिरो सम्बन्ध रहेको देखिन्छ । यही मन्दिरमा सानो उमेरदेखि जपतप गर्दै युवावस्थामा पुगेपछि २०३२ साल माघ २२ गते उहाँको स्वयम्वर गरिएको थियो ।[३३] यस अर्थमा पनि चुक्चिनाम्बालाई महत्वपूर्ण स्थलको रूपमा लिइएको छ । यसरी महागुरू फाल्गुनन्द र धर्मगुरू आत्मानन्द लिङ्देनको पावन जन्मभूमि र कर्मभूमिको उपमा पाएको चुक्चिनाम्बाले धार्मिक पर्यटक गन्तव्यस्थल बन्ने ठूलो सम्भावना बोकेको देखिन्छ ।

### **६.४.२ थालाचेप्पा (माङ्मालुङ)ः**

थालाचेप्पा ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको एउटा मनोरम स्थल हो । बाँझो र इभाङ गा.वि.स. को दोसाँधमा एउटा पोखरीको अवशेष छ र त्यसको बायाँपट्टि छेउमा मुख्यतः तीन चिरा परेको ढुङ्गाको स्तम्भ प्राकृतिक स्वरूपमा रहेको छ । लिम्बू भाषामा यो ठाउँलाई थालाचेप्पा भनिन्छ जसको अर्थ थालले कुनै बस्तु काटिएको भन्ने हुन्छ । यसलाई बिजुवानी डाँडा वा बिजुवानी पोखरी पनि भन्ने गरिन्छ । यहाँ पोखरीको अवशेषसँगै एउटा ठूलो चौर छ । चारै पाटाहरूमा जङ्गल रहेको देखिन्छ । लगभग १५/२० रोपनीभित्र फैलिएको यो स्थलमा पुग्नको निम्ति स्थानीय रक्से बजारबाट पूर्व दक्षिण करिव १ कि.मि. पैदल हिड्नुपर्ने हुन्छ ।[३४] हाल यो ठाउँसम्म आइपुग्न कच्ची सडक बाटो खनिएको छ । जमिनदेखि करिब ५ फिट अग्लो यो ऐतिहासिक ढुङ्गाको बारेमा एउटा रोचक लोक कथा रहेको छ । जस अनुसार त्यहाँ उहिले भाले पोखरी रहेको थियो र त्यस पोखरीदेखि केही माथि पश्चिमतिरको डाँडामा पोथी पोखरी थियो जहाँ नागनागिनी रहने गर्दथे । उहिले कुनै पनि मानिस तथा जीवजन्तु ती पोखरीहरूको छेउ भएर हिडडुल गर्न हुँदैनथ्यो । कसैले एक्लै हिड्डुल गरेमा पोखरीको पानी भुक्लुक्क उम्लन्थ्यो र त्यस मुस्लोले मानिस तथा जीवजन्तुलाई तानेर पोखरीभित्र लान्थ्यो र त्यही गायव हुन्थ्यो । ती नागनागिनीको ज्यादतीबाट मुक्ति पाउन गाउँलेहरूले शक्तिशाली बिजुवा बिजुवानीको आवश्यक पर्ने बुझेर खोज्न थाले । अन्तमा उनीहरूले इलाम जिल्लाको लुम्देमा शक्तिशाली बिजुवानी रहेको पत्ता लगाए ।[३५] ती बिजुवानी पाँचथर आरूबोटेकी थिइन् र उनको विवाह लुम्देमा भएको थियो ।[३६] उनले गाउँलेको आग्रहलाई टार्न सकिनन् र पोखरीभित्र रहने नागनागिनीसँग लड्ने

---

[३३] *अन्तर्वार्ता, पूर्ववत्,* नं. (२९)

[३४] *अन्तर्वार्ता,* बलराम खजुम (वर्ष ६०) टंक चेम्जोङ (वर्ष ३४), योवित खजुम (वर्ष २८), काजी माबोहाङ, (वर्ष २७), बलहाङ माबो, (वर्ष २०), थालाचेप्पा, २०६३

[३५] शिवकुमार श्रेष्ठ, *किराती लोक कथा सँगालो* ,(धनकुटाः गंगादेवी श्रेष्ठ, २०५१), पृष्ठ, २७-२८

[३६] लक्ष्मीकुमार सेर्मा, *याक्थुङ पाङखेदा,* (२०५५), पृ. १

आस्वासन दिइन् । त्यहाँ छोरा लिएर आउँदा तत्कालै मृत्यु भएपछि उनको छोरालाई तिनै नागनागिनीले खाएको पत्ता लगाइन् । त्यसपछि  आफ्नो तान्त्रिक शक्ति लाएर जोखना हेर्दा सो ढुंगालाई फुटाउन सकियो भने मात्र नागनागिनी मार्न सकिने थाहा पाई तान्त्रिक शक्तिले आफू चिन्ता बसेकै ठाउँबाट थालले झट्टी हान्दा त्यो ढुंगा पाँच चिरा भयो ।[३७] त्यो ढुंगा ६ चिरा भएको लक्ष्मीकुमार सेर्माले लेखेका छन् ।[३८] तर सामान्य हेर्दा मुख्य तीनवटा चिरा देखिन्छन् भने अरू चर्केका जस्ता देखिन्छन् ।[३९] त्यसपछि बिजुवानीको शक्ति देखेर नागिनीले डरले कसैको बिगार नगर्ने शर्त राखेर जीवनदान मागिन् । उनले नागिनीलाई त्यहाँदेखि उत्तर दिशा केही तल सिम जग्गामा गएर बस्ने सल्लाह दिइन् । नागिनी गएपछि सिम जग्गामा पानी बढेर पोखरी बन्यो[४०] जुन आज पनि रहेको छ । त्यस पोखरीलाई चित्रे पोखरी भनिन्छ । रक्सेबाट चुक्चिनाम्बा जाने बाटोको छेउमा रहेको सो पोखरीमा कमलको फूल फूलिरहेको र माछाहरू पनि प्रशस्त देखिन्छन् ।[४१]

त्यसपछि बिजुवानीले पोखरीभित्र रहेका नागराजासँग आफ्नो तान्त्रिक शक्ति लाएर युद्ध गर्दा नागले जमिनमुनि दुलो पारेर भागेका थिए ।[४२] नागराजा भागेको भनिने सो ठाउँमा अहिले पनि दुईवटा ठूला दुलाहरू देखिन्छन् र त्यहाँभित्रबाट चिसो बतास आइरहन्छ । पोखरीको अवशेष रहेको ठाउँको दक्षिणतिर ती दुलाहरू रहेका छन् ।[४३] यसरी भाग्दा बिजुवानीको थालले पछाडिबाट काट्दा निस्केको नागको रगत खोला बनेर बगेको र सो खोलालाई रक्तुवा भन्दाभन्दै अपभ्रंस भई रतुवा बनेको भनी स्थानीय बासिन्दाहरू भन्दछन् । बिजुवानीले नाग जता भागे पनि पिछा गर्न छाडिनन् र अन्त्यमा बारुङ गाउँको पोखरीमा पुगेपछि नागलाई मारेरै छाडिन् । त्यसपछि सो नाग राजा सात चिरा परेर पत्थरमा परिणत भएको र बिजुवानीले पनि आइन्दा आफू जस्तो दुःख पाउने कोही बिजुवानी ननिस्कोस् भन्ने बाचा बाँधेर त्यही प्राण त्याग गरिन् । उनको चिहान पनि बारूङ गाउँमा शिला पत्थरसँगै रहेको छ ।[४४] यो कथा कुनै मनगडन्ते नभएर साँच्चीकै घटना भएको बुढापाकाहरूको विश्वास रहेको छ । यो स्थलमा हिजोआज पनि कहिलेकाही अनौठो घटना घट्ने गरेको चन्द्रकुमार सेर्माले उल्लेख गरेका छन् ।[४५]

---

[३७] *पूर्ववत्* नं. (३५)
[३८] *पूर्ववत्* नं. (३६),
[३९] स्थलगत अध्ययन, २०६३
[४०] श्रेष्ठ, *पूर्ववत* नं. (३५) पृ. २८-२९
[४१] स्थलगत अवलोकन, २०६३
[४२] *पूर्ववत्* नं. (३५) पृ. २९-३०
[४३] स्थलगत अवलोकन, २०६३
[४४] *पूर्ववत्* नं. (३५) पृ. ३०-३२
[४५] चन्द्रकुमार सेर्मा, *फक्ताङलुङ महादर्शन*, (महातीर्थ यात्रा प्रकाशन, २०५९), पृ. ३७-३९

ऐतिहासिक स्थल थालाचेप्पादेखि सिधै पूर्वतर्फ १५ मिनेट हिडेपछि एउटा रमाइलो चौर देखिन्छ । वरिपरि कटुसको बाक्लो जङ्गल रहेको सो ठाउँलाई माङ्मालुङ भनेर चिनिन्छ । माङ्मालुङ इलाम जिल्लाको पर्यटकीय स्थल मध्येको एक हो । माङ्मालुङको जङ्गलको आफ्नै विशेषता रहेको छ । यो स्थललाई धार्मिक तपोभूमिको रूपमा पनि लिने गरिन्छ जहाँ बेला-बेला धार्मिक गुरूहरूले यस ठाउँको एकान्त र सुन्दर डाँडामा तपस्या गर्ने गरेको पाइन्छ । माङ्मालुङ जङ्गलभित्र ठूला-ठूला ढुङ्गाका गुफा र ओडारहरू रहेका छन् । किरात राई कुलका गुरू ज्योतिनन्दको अनुयायीहरूले माङ्मालुङको डाँडामा मन्दिर बनाएका छन् भने प्रत्येक गुफा वा ओडारको पनि नाम राखेका छन् । भित्रभित्रै बाक्लो र डरलाग्दो कटुसघाँरीको जङ्गलभित्र गोरेटा बाटाहरू रहेका छन् । जङ्गलभित्र नै अन्दाजी ८ फिट लामो र लगभग २० मिटरको गोलाइ भएको एउटा गुफा रहेको छ । माथि डाँडामा ज्योतिनन्दको समाधिस्थल पनि रहेको छ र एउटा मन्दिर पनि छ । त्यसको पश्चिम दक्षिण केही तल एउटा ठूलो ढुङ्गामाथि अर्को सानो ढुङ्गा बसेको छ । जम्माजम्मी तीन चिरा परेका दुईवटा ठूलो ढुङ्गाहरूको बिचमा मान्छे हिड्न सक्ने बाटो छ । तलतिरको ढुङ्गामाथि अचम्म तरिकाले अडिएर बसेको सो ढुङ्गा एउटै औंलाले पनि हल्लाउन सकिन्छ । करिब १५ टन बराबरको वजन हुनसक्ने सो ढुङ्गाले माङ्मालुङको एउटा बेग्लै आकर्षण बोकेको छ ।

माङ्मालुङमा दुईवटा डाँडाको बिचमा एउटा पोखरीको अवशेष देखिन्छ । बाक्लो जङ्गल र जङ्गली जनावरहरू यदाकदा हिँड्दाहिँड्दै भेटिनु त्यस ठाउँमा पुगेर भ्रमण गर्नुको अर्को रोचक पक्ष मान्न सकिन्छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण माङ्मालुङ र थालाचेप्पा एक आपसमा जोडिएर रहेका छन् । यो ठाउँ लेक पहाडी क्षेत्र अन्तर्गत पर्ने भएकाले वर्षाको समयमा प्रायः बाक्लो हुस्सुले छोपिरहने गर्दछ । यहाँ खासगरी कटुस, चिमल, अम्फी, उत्तिस, घुर्बिस, भलायो, चिमलका रूखबिरूवाहरू पाइन्छन् ।[४६]

थालाचेप्पा तथा माङमालुङको बाटो भएर पहिले पाँचथर चिसोपञ्चमीको बाटोबाट तराईतिर झर्ने गरिएको थियो तर हाल आएर दमकदेखि रविसम्मको कच्ची सडक बने पश्चात यो ठाउँ हुँदै आउने बाटोबाट प्रायः मान्छेहरूले हिड्न छाडेका छन् । माङ्मालुङ थालाचेप्पा जङ्गलको केही तलबाट यो कच्ची सडक रक्से हुँदै लगिएको छ । यसले गर्दा पनि प्राकृतिक सुन्दरता र ऐतिहासिक महत्व बोकेका माङ्मालुङ र थालाचेप्पा जस्ता ठाउँहरू धेरैको लागि बिरानो बन्दै गएका छन् । यस्ता महत्वपूर्ण ठाउँहरूको उचित संरक्षण, सम्वर्द्धन

[४६] स्थलगत अवलोकन, २०६३

गर्न सकिएमा पक्कै पनि भोली गएर यी ठाउँहरू इलामको आकर्षक पर्यटकीय गन्तव्यस्थलको रूपमा परिणत हुने ठूलो सम्भावना रहेको छ ।

**६.४.३ उत्तरेः**

किरात धर्मावलम्बीहरूको एउटा महत्वपूर्ण तीर्थस्थलको रूपमा उत्तरे रहेको छ । इलाम जिल्लाको बाँझो गा.वि.स., वडा नं. ७ मा पर्ने एक सानो टोलको नाम हो उत्तरे । माङ्सेबुङको वालिङ भञ्ज्याङबाट दुई घण्टाको उकालो पैदल यात्रा पश्चात खलङ्गे हुँदै पुगिने उत्तरे माङ्सेबुङ लारूम्बाबाट उत्तर पश्चिममा पर्दछ ।[४७] खलङ्गेबाट करिब १ लाख ६० हजारको लागतमा उत्तरे डाँडासम्म कच्ची बाटो खनिएको छ । सो कच्ची सडक बाटो खन्नको लागि किरात धर्मावलम्बीहरूले निःशुल्क जनश्रमदान गरेका थिए । पैदल बाटो हुँदै खलङ्गेबाट करिब १५/२० मिनेट हिडेपछि उत्तरे पुगिन्छ ।  यही ठाउँमा आजभन्दा ५० वर्ष अघि वि.सं. २०१३ साल फागुन ३ गते बिहीबारका दिन पिता सुब्बा बिर्खध्वोज साँबा र माता कौशिला साम्सोहाङ राईको जेठी सुपुत्रीको रूपमा धर्मगुरुकी जीवनसंगिनी पवित्रहाङ्मा साँबाको जन्म भएको थियो । उत्तरे उहाँको मावली घर थियो ।[४८]

धर्मगुरू आत्मानन्द लिङ्देनसँग प्रणयबन्धनमा बाँधिएर सांसारिक जीवनमा प्रवेश गरे पश्चात वहाँ अनवरत रूपमा धर्मगुरूसँगै एक रथका दुई पाङ्ग्रा झै महागुरू फाल्गुनन्दले आफ्नो जीवनकालमा अधुरो एवं अपुरो छाडिराख्नुभएको कार्यको कार्यभार सम्हाल्दै आउँनुभएको छ । किरात धर्म, संस्कार एवं संस्कृतिमा भएका बाधा अड्चनहरू फुकाल्दै, अवरोधहरू पार गर्दै समयसापेक्ष उहाँ अघि बढिरहनुभएको छ ।[४९] मानव जीवनमा मानवीय कार्यहरू गर्नको लागि पथप्रदर्शकको खाँचो पर्ने गर्दछ । प्राचीन समयका राजा महाराजाहरू पनि ऋषिमहर्षिहरूबाट ज्ञान लिएर हरेक क्षेत्रमा पूर्णता प्राप्त गर्दथे । यसरी नै किरात समाजले आज पथ प्रदर्शकको रूपमा धर्मगुरु र गुरुआमालाई पाएका छन् । उहाँहरूको जन्मस्थललाई एक पल्ट मात्र भएपनि हेर्न वा दर्शन गर्न प्रत्येक किरात धर्मावलम्बीहरू लालयित भइरहेका देखिन्छन् ।

उत्तरे गाउँ भिरालो परेको ठाउँमा रहेको छ । यहाँ सामान्य उचाईभन्दा केही अग्ला तीनवटा लहरै फैलिएका गुम्बज आकारका डाँडाहरू छन् । उत्तरतर्फ फैलिएको यो डाँडाको

---

[४७] दिलबहादुर योङहाङ, *अङ्सीमामाङको पचास वर्षे यात्रा,* मिक्तोक, (२०६२) पृ. ९
[४८] अन्तर्वार्ता, *पूर्ववत्,* नं.
[४९] धनबहादुर फागो, *किरात धार्मिक इतिहासमा अङ्सीमामाङको आवश्यकता,* मिक्तोक, (नविन लिङ्देन, २०६२), पृ. १४

काखमा रहेका गाउँहरूमा साम्सोहाङ राई र साँबा थरका लिम्बूहरूको बसोबास मुख्य रूपमा रहेको छ ।[५०] मकै, कोदो, फापर, तोरी, भटमास जस्ता अन्नबालीहरू उब्जाइने यो ठाउँमा नगदे बालीको रूपमा अम्लिसो र अदुवा रोपेको पाइन्छ ।[५१]

निकट भविष्यमै कार्यान्वयनमा ल्याइन लागेको योजना अनुसार जम्माजम्मी २६ रोपनी जग्गा उहाँको जन्मस्थलको नाममा छुट्याइएको छ । माङ्सेवासावा जोगदिल साम्सोहाङले सो ठाउँमा ५ रोपनी जग्गा दान गर्नुभएको बताउनुहुन्छ ।[५२] बाँकी जग्गा संस्थाले खरिद गर्ने कार्य भइरहेको छ । गुरुआमाको जन्म भएको ठाउँमा दुईवटा आकर्षक पोखरी बनाउने र त्यसको केही तल बस स्टेशन बनाउने योजना रहेको त्यहाँका सेवासाबाहरूको भनाई रहेको छ ।[५३] सो स्थलदेखि केही माथि डाँडामा एउटा भव्य किरात माङ्हिम बनाउने लक्ष्य राखिएको छ जसको लागि स्थानीय बासिन्दाहरूले ४ रोपनी जग्गा छुट्याएका छन् भने बाँकी १० रोपनी जग्गा संस्थाले किन्ने योजना रहेको छ ।[५४]

यो ठाउँको हावापानी केही चिसो रहेको छ । खेतीपातीका साथै यहाँका बासिन्दाहरू पशुपालन पनि गर्दछन् । निकै उच्च ठाउँमा रहेको र चारैतिरको दृष्यावलोकन (खास गरी तराईको) गर्न सकिने उत्तरे पर्यटकीय स्थलको लागि राम्रो सम्भावना बोकेको ठाउँ हो । यो ठाउँमा विगत दुई वर्षदेखि गुरुआमा अङ्सीमामाङ पवित्रहाङमा साँबाको नोमाङ्गेन्ना कार्यक्रम हुदै आएको छ ।[५५]

### ६.४.४ खत्रक्पाः

खत्रक्पा सम्पूर्ण किरात जाति मात्र नभएर महागुरू फाल्गुनन्द लिङ्देनको जीवनका हरेक पक्ष बारे जान्न उत्सुकहरूको निम्ति पनि एकदमै महत्वपूर्ण र दर्शनीय स्थलको रूपमा रहेको छ । इलाम जिल्लाको जीतपुर गा.वि.स., वडा नं. ८ मा अवस्थित खत्रक्पामा लाम्पातेको एउटा रूख रहेको छ जसलाई ज्ञानबोधि वृक्षको रूपमा पूजा गरिदै आएको छ । एउटा ठूलो खोल्सीको बिचमा यो रूख रहेकोले स्थानीय बासिन्दाहरू यो ठाउँलाई खत्रक्पा खोल्सी नामले चिन्दछन् ।[५६] माङ्सेबुङ लारूम्बाबाट लगभग दुई घण्टाको पैदल बाटो हुदै

---

[५०] योङहाङ, *पूर्ववत्* नं. (४७)
[५१] स्थलगत अध्ययन, २०६३
[५२] *अन्तर्वार्ता, पूर्ववत्* नं. (२९)
[५३] *अन्तर्वार्ता,* भागीराम दुखुन राई र खड्ग खालिङ, सेवासाबा, उत्तरे-७, २०६३
[५४] *उही,*
[५५] *उही,*
[५६] स्थलगत अवलोकन, २०६३

पुगिने खत्रक्पा र माङ्सेबुङको दूरी करिब ७ कि.मि. जति रहेको छ ।[५७] यो स्थल माङ्सेबुङ लारूम्बादेखि पूर्व दक्षिण दिशामा रहेको छ । देउमाई र माईको संगमस्थलभन्दा केही पूर्वतिर माईखोलाको बाया किनारै किनार केही समय हिडेपछि खत्रक्पा खोल्सीमा पुगिन्छ । यो स्थलको पूर्वतिर दानाबारी, पश्चिममा बाँझो र इभाङ, उत्तरमा जीतपुर र दक्षिणमा महमाई गा.वि.स. रहेका छन् ।[५८] करिब १२० फिट अग्लो र २२ फिट जति गोलाई भएको लाम्पातेको रूखलाई हाल लगभग ४ फिटको वरिपरि पर्खाल उठाएर संरक्षण गरिएको छ ।[५९]

महागुरू फाल्गुनन्दको जीवनमा यो लाम्पातेको रूखले ठूलो महत्व राख्दछ । बाल्यकालमा एक दिन जीतपुरको बाटो भएर चुक्चिनाम्बाबाट माईखोला पारी आफ्नो बुबा बसेको गोठमा सातुसामल पुऱ्याउन जाँदा कन्काई माई तर्दातर्दै अचानक एउटा अनौठो बिमार लाग्यो । शरीरभरि फोकै फोका लिएर ज्वरोले सिकिस्त भई गोठमा पुगेपछि बुबाले बालक फलामसिं (फाल्गुनन्द)लाई बोकेर घरमा पुऱ्याए । त्यतिबेलासम्ममा वाक्य समेत बन्द भइसकेको थियो र खाली आँखाबाट ठूला-ठूला आँसुका ढिक्का मात्र झार्नुहुन्थ्यो । घरमा फेदाङ्मा, बिजुवा, धामीहरू ल्याएर झारफुक गर्दा पनि रोग विशेक भएन । यसरी ३/४ दिनको सिकिस्त बालक अचानक उठेर जङ्गलतर्फ दौडेपछि बिरामी पिछा गर्दै २/३ जना मानिस पनि पछि लागे तर भेट्टाउन सकेनन् ।[६०] जङ्गलतर्फ दौडेपछि के भयो भन्ने विषयमा एउटा रहस्यपूर्ण घटना छ ।

ओछ्यानमा सुतिरहेको बखत बालक फलामसिंहलाई आफू जस्तै एक दिव्य पुरूषले इशारा गरेर बोलाएछन् । त्यसपछि त्यो दिव्यपुरूषको बोलावटले जुरूक्क उठी दौडेका फलामसिंलाई दिव्यपुरूषले एउटा रूखको फेदमा राखेर खुट्टानेर एउटा सिमीको बिउ जस्तो गेडा भुईमा खोस्रेर रोपे जस्तो गरे । त्यो बिउबाट तुरून्तै लहरा पलायो र फलामसिं र रूखलाई बेर्दै लग्यो र चलमल गर्नै नसक्ने बनाइदियो । त्यसपछि दिव्य पुरूषले फलामसिंलाई विभिन्न प्रश्न गर्न थाले र मासु बोकेर माई खोलामा पसेकोले युमासँग माफी माग्नु भनेर माई खोलातिर औंल्याइदिए र उनी अदृष्य भए । यति बेलासम्ममा बालक फलामसिंको शरीरको विमार हराइसकको थियो र दिव्य बाजाहरूको ध्वनी कानमा गुञ्जन थाल्यो । त्यसपछि एकोहोरिएर खोलापट्टि हेर्न थाल्दा खोलाबाट एक स्त्री रूपकी, दिव्य वस्त्र भूषण आदिले अलंकृत भएकी युमा (महिला स्वरुप) निस्केर मुस्कुराउँदै आएर बालकलाई

---

[५७] *अन्तर्वार्ता,* बालकुमार मेन्याङमो (वर्ष ४४) र रामकुमार लावती, (वर्ष ४३), खत्रक्पा, २०६३
[५८] *अन्तर्वार्ता, पूवर्ववत्* नं. (२२)
[५९] स्थलगत अध्ययन, २०६३
[६०] गुरुङ, *पूर्ववत्* नं. (२७), पृ. ५-८

छोइन् र शीर मुसार्दै 'तपस्वी हुन्छौ, अगाडिको ब्रत पूर्ण गर्नु, मैले नै बोलाउन पठाएको' भनी हाँस्दै खोलातर्फ गइन् र अदृश्य भइन् । त्यसपछि दिव्यबाजाहरू पुनः बज्न थाले र स्वर्णिम सुखको अनुभूति गरेर अघि बढ्दा पानीमा सम्पूर्ण शरीर डुबेछ । पाखामा आएर आकाशतर्फ हेर्दाहेर्दै ठूला-ठूला अक्षर भएका सुनौला पानाहरू खोलामा क्रमैसँग खस्न थाले । ती अनेक ज्ञानले भरिएका शब्दहरूको ज्ञान त्यसबेला देहमा भिजेपछि एक किसिमको सुखानुभूति भयो ।[६१] यसरी करिव ८ वर्षको कलिलो उमेरमा महागुरू फाल्गुनन्दको जीवनमा घटेको पहिलो घटनामा सो दिव्य पुरूषले खत्रक्पा खोल्सीको त्यही लाम्पातेको रूपमा फनफनी बाँधेर पूर्वजन्मको कुरा याद गर्न र मासुमंस नबोक्ने आग्रह गरेका थिए । खत्रक्पाको लाम्पातेको रूख एउटा जिउँदो इतिहास बोकेको ज्वलन्त प्रमाण हो ।

यो रूखको केही तल छेउबाटै माई खोला बगेकी छिन् जहाँ महागुरूलाई स्त्रीरूपी युमामाङले ज्ञान दिलाएकी थिइन् । यो ठाउँमा भक्तजनहरू पूजा आजा गर्न जाने गर्दछन् । स्थानीय बासिन्दाहरू कम्तीमा पनि वर्षको एकपल्ट पूजा गर्न खत्रक्पा आउने बताउँछन् ।[६२] त्यस्तै अन्य ठाउँबाट पनि पूजाआजा गर्न र सो रूखलाई हेर्न आउने गरेको देखिन्छ । हाल खत्रक्पा खोल्सीको नजिकबाट जीतपुर नवमी हुँदै महमाई जाने कच्ची सडक बाटो निर्माण कार्य हुँदैछ ।[६३] यो ठाउँमा यातायातको सुविधा पुऱ्याउन सकिएमा पक्कै पनि पर्यटकहरू आकर्षित हुनेछन् । यहाँको मनोरम प्राकृतिक सुन्दरताको बखान गरेर साध्य छैन । घना जङ्गलका साथै देउमाई र माईको संगमस्थलको सुन्दरताले सबैको मन लोभ्याउन सक्दछ ।

### ६.४.५ फुःलुङ्गीः

खत्रक्पादेखि पश्चिमतिर करिब आधा घण्टाको दुरीमा रहेको देउमाई, माई र मेक्वा खोला समेत तीनवटा खोलाको बीचमा अवस्थित त्रिकोणाकार डाँडा र आसपासको क्षेत्रलाई फुःलुङ्गी भनिन्छ ।[६४] यो ठाउँलाई पनि खत्रक्पा जतिकै महत्वपूर्ण मानिन्छ । महागुरू फाल्गुनन्दसँग खत्रक्पा खोल्सीको सम्बन्ध रहे जस्तै धर्मगुरू आत्मानन्द लिङ्देनसँग फुःलुङ्गीको प्रत्यक्ष सम्बन्ध रहेको छ । इभाङ गा.वि.स., वडा नं. ८ मा पर्ने फुःलुङ्गीको डाँडालाई गुफा डाँडाको नामले पनि चिनिन्छ । यो स्थलको पूर्वतिर जीतपुर, पश्चिममा मेक्वा बाँभ्रो, उत्तर दिशातर्फ इभाङ र दक्षिणमा दानाबारी र महमाई गा.वि.स. रहेका छन् ।

---

[६१] *उही,*
[६२] *स्थलगत अन्तर्वार्ता,* ज्ञानु माबोहाङ र भेषराज मोरोहाङ, जीतपुर-३
[६३] *उही,*
[६४] स्थलगत अध्ययन, २०६३

फुल्लुङ्गी शब्दको उद्गम किरात लिम्बू भाषाको अनुकरणात्मक शब्दबाट भएको छ । यो ठाउँमा हरेक वर्ष माघे संक्रान्तिमा मेला लाग्ने गर्दछ । माघे संक्रान्तिको एकाबिहानै मकर नुहाउने क्रममा बिहानको सिरसिरे बताससँगै पूजाआजा गर्ने भक्तजनले खोलामा नुहाईधुवाई गर्दा किरात लिम्बू भाषामा 'फुःलुक आयङ्बा'बाट फुःलुङ्गी नामाकरण भएको हो भन्ने जनविश्वास छ जसको अर्थ नेपालीमा 'लुगलुग काम्ने' भन्ने हुन्छ ।[६५]

वि.सं. २०२७ साल साउन २५ गतेदेखि माघ २५ गतेसम्म ६ महिना फुःलुङ्गी डाँडामा धर्मगुरू आत्मानन्द लिङ्देनले ध्यान साधना गर्नुभएको थियो । फुःलुङ्गी डाँडा त्यति बेला डरलाग्दो घना जङ्गल थियो ।[६६] दिनरात सेवामा लीन हुनुपर्ने भएकोले खाद्यन्न गाउँबाट जम्मा गरेर ल्याइन्थ्यो जहाँ सिमित चेलाहरूसँग उहाँ गुफा बस्नुभएको थियो । ६ महिना ध्यानरत भई फुःलुङ्गी डाँडामा उहाँले समाधि ज्ञान प्राप्त गर्नुभयो र सो ध्यानमा नै आफ्नो जन्मको प्रमुख उद्देश्य महागुरू फाल्गुनन्दको अपुरो कार्यलाई पूरा गर्ने रहेको थाहा पाउनु भएको थियो ।[६७] त्यसैले फुःलुङ्गीलाई धर्मगुरूको तपोभूमि, ध्यानभूमि वा ज्ञान प्राप्ति भूमिको रूपमा किरात धर्मावलम्बीहरूले चिन्ने गर्दछन् ।

फुःलुङ्गी प्राकृतिक सुन्दरताले सिंगारिएको ठाउँ हो । माई खोला र देउमाईको संगमस्थलको रमाइलो दृष्य र मेक्वाखोला मिसिएपछि बन्ने महमाईको सिङ्गो स्वरूपको मनोरम दृश्यावलोकन गर्न सकिने यो स्थल वास्तवमै आकर्षक रहेको छ । हिजोआज गुफा डाँडामा त्यति बाक्लो जङ्गल छैन । रूख बिरूवाहरूको संरक्षण भन्दा पनि विनासतिर लागेको त्यहाँ काटिएका रूखहरूबाट अनुमान गर्न सकिन्छ । सो डाँडामा गुरूले ध्यान गर्ने स्थान, लाधुङ सेमी गर्ने मण्डप र डेराका अवशेषहरू आजसम्म पनि भग्नावशेषको रूपमा झारपातले पुरिएको अवस्थामा देखिन्छन् ।[६८] वरिपरि हरिया रूख बिरूवाहरूले घेरिएको र बिचमा निकै फराकिलो जग्गा भएको गुफा डाँडामा सखुवा, चिउरी, लाम्पाते, साज, भर्ला, हेर्रो, बर्रो, औलेहडचुङ, सुनाखरी फूल लगायत विभिन्न किसिमका रूखविरूवा र लहराहरू पाइन्छन् । यो स्थलको हालसम्म संरक्षण गर्ने काम कतैबाट पनि भएको देखिंदैन । यस्ता प्राकृतिक रूपमा रमणीय र महत्व बोकेका स्थलहरूको समुचित ध्यान दिएर पर्यटकीय स्थलको रूपमा विकास गर्न सके पक्कै पनि नेपालको पर्यटन क्षेत्रमा एउटा अर्को इटा थपिन जाने कुरामा विश्वस्त हुन सकिन्छ । नेपालमा धार्मिक र ऐतिहासिक महत्व बोकेका

[६५] डकेन्द्रसिंह थेगिम, *किरात धर्ममा महागुरु फाल्गुनन्द, फुल्लुङ्गी र फक्ताङलुङ,* (विशेषांकः मुहिगुम अङ्सीमाङ लिङ्देन फाल्गुनन्द, (२०६२), पृ. ४

[६६] *अन्तर्वार्ता, पूर्ववत्* नं. (२९)

[६७] माङ्मिङसोहाङ, *अङ्सीमाङ आत्मानन्द लिङ्देनको संक्षिप्त जीवनी,* मिक्तोक, २०६०, पृ. ६

[६८] स्थलगत अध्ययन, २०६३

स्थलहरू जताजतै छरिएर रहेका छन् । यहाँको प्राकृतिक सुन्दरतालाई प्रदर्शन गरेर पर्यटकहरूलाई आकर्षित गराउने बारे अझसम्म पनि भरपर्दो गुरू योजना बन्न नसक्नु पक्कै पनि निराशाजनक कुरो हो । देशको एउटा कुना वा क्षेत्रमा मात्र पर्यटन गतिविधि बढेमा त्यसले दिगो पर्यटनलाई टेवा दिन सक्दैन । त्यसैले नयाँ र नौला विषयवस्तु भएका क्षेत्रतिर पनि पर्यटन गतिविधि विस्तार गर्न सकिएमा त्यसले सम्बन्धित क्षेत्रको विकासमा सहयोग पुऱ्याउन सक्दछ ।

आजसम्म ओझेलमा रहेका कतिपय स्थलहरूको अध्ययन अनुसन्धान गरेर सबै सामु ल्याउनु आवश्यक छ । कुनैपनि स्थल सिमित जाति वा व्यक्ति विशेषले मात्र भ्रमण गर्ने भन्ने हुँदैन । शान्ति र सौहार्दताको लागि कामना गर्दै मानवहरूको सुख शान्तिको निम्ति आफ्नो सारा जीवन अर्पण गर्ने महान व्यक्तित्व एवं धार्मिक गुरूहरूको जन्मस्थल, ध्यान समाधिस्थल तथा कर्मस्थलको भ्रमण गरेर भरपुर आनन्द र आत्मसन्तुष्टि लिन सक्नु महत्वपूर्ण पक्ष हो । विश्वमा बढेको द्वन्द्व, अशान्ति, अविश्वास र शक्तिको खिचातानीले जर्जर भएको यो दुनियामा एउटै मात्र शान्ति प्राप्त गर्ने मार्ग भनेको अध्यात्मिक मार्ग हो र यसभित्र मानवीयता, क्षमाशीलताका साथै आत्मियताको आभास हुन सक्नुपर्दछ ।

# सातौं अध्याय

# सारांश, निष्कर्ष तथा सुझावहरू

## ७.१ सारांशः

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मेची अञ्चल इलाम जिल्लाको बाँझो गा.वि.स., वडा नं. ९ मा अवस्थित माङ्सेबुङ लारुम्बा किरात धर्मावलम्बीहरूको धार्मिकस्थल हो । जिल्ला सदरमुकामदेखि १५ कोशको दुरीमा रहेको बाँझो गा.वि.स., इलाम नगरपालिकादेखि पश्चिम दक्षिण दिशामा अवस्थित छ । माङ्सेबुङ लारुम्बा बाँझो गा.वि.स.को एउटा महत्वपूर्ण धार्मिक क्षेत्र हो जुन विगत केही दशकयता किरात धर्मावलम्बीहरूको केन्द्रीय धार्मिकस्थलको रूपमा विकसित भएको छ । पहाडी भू-भाग अन्तर्गत मध्य पहाडको महाभारत बेसीमा पर्ने यो धार्मिक स्थल चुरे पहाडको उत्तरको उपोष्ण क्षेत्रमा पर्दछ । यहाँ सामान्यतया मनसुनी हावापानी पाइन्छ । समुन्द्री सतहदेखि करिब १,२५० मिटरको उचाइमा रहेको माङ्सेबुङ लारुम्बा एउटा छुट्टै थुम्का (डाँडा)को रूपमा अवस्थित छ । यो डाँडाको पश्चिम पाटामा किरात हाङ्साम मुजोत्लुङ माङ्हिम छ भने पश्चिम पाटामा गुरु आश्रम रहेको छ । यो डाँडालाई विगतमा स्थानीय बासिन्दाहरूले बोक्सी थुम्काको नामबाट चिन्दथे ।

प्राकृतिक सुन्दरताले सुशोभित यो धार्मिकस्थल वि. सं. २०३४ सालमा किरात धर्मगुरु आत्मानन्द लिङ्देन तथा गुरुआमा पवित्रहाङ्मा साँबाको स्थायी बसोबास भए पछि मात्र विकसित भएको हो । हाल मुख्य माङ्हिम रहेको ठाउँलाई पहिले मान्द्रेडाँडा भनिन्थ्यो । मान्द्रेडाँडा लारुम्बा भनेर चिनिदै आएको यो स्थललाई वि.सं. २०५४ सालमा धर्मगुरु आत्मानन्द लिङ्देनद्धारा सार्वजनिक रूपमा माङ्सेबुङ नामाकरण गरेपछि माङ्सेबुङ लारुम्बाको नामबाट सबैतिर चिनिन थालेको हो । आजभन्दा ६/७ वर्ष अगाडिसम्म पैदल हिडेर पुग्नुपर्ने यो ठाउँमा हाल दमकदेखि पाँचथर रविसम्मको कच्ची सडक बाटोको निर्माण भएपछि भने धेरैलाई सजिलो भएको छ । २०६० सालदेखि दमकबाट माङ्सेबुङ लारुम्बाको पश्चिमतिरको मुख्य प्रवेश मार्ग वालिङ भञ्ज्याङसम्म यातायात सञ्चालन गर्न शुरु गरेपछि विकासको गति पनि तीब्र रूपमा बढ्दै गएको पाइन्छ । दमक शहरदेखि सिधै उत्तर दिशा रतुवा खोलाको बगरैबगर करिब १४ किलो मिटरको दुरी पार गरेर घर्ती दोभान आइपुगेपछि ३ किलो मिटरजति उकालो बाटो पार गर्ने बित्तिकै यो धार्मिकस्थलमा पुग्न सकिन्छ ।

आजभन्दा ४/५ वर्ष अगाडिसम्म यो धार्मिक स्थल वरपरको वातावरण सुनसान र जङ्गलका पोथ्रापोथ्रीले घेरिएको थियो । बस्ती एकदमै पातलो भएकोले एक्लै हिड्न समेत डरमर्दो अवस्था थियो । वर्ष दिनमा एक दुई चोटि आयोजना हुने धार्मिक कार्यक्रमहरूमा फाट्टफुट्ट धर्मावलम्बीहरू आएर अस्थायी डेरा बनाई कार्यक्रम अवधिभर बस्ने गर्दथे र त्यसपछिका दिनहरूमा अनकन्टार ठाउँ भएर रहन्थ्यो । वि. सं. २०४९ सालमा मुजोत्लुङ् माङ्हिमको निर्माण पश्चातः विभिन्न जिल्लाका भक्तजनहरूले श्रमदान गरेर माङ्हिमको प्राङ्गणलाई खारी धेरै मान्छे अटाउँन सक्ने मैदान बनाएपछि यहाँको आकर्षण बढ्दै गएको हो । केही वर्ष अघिदेखि देशभित्रै सिर्जना भएको प्रतिकुल राजनीतिक परिस्थितिले गर्दा पूर्वी नेपालका ९ वटा जिल्लामा छरिएर रहेका किरात धर्मावलम्बीहरू जीउ धनको सुरक्षा र शान्तिका लागि माङ्सेबुङ लारुम्बामा धर्मगुरुको आश्रय लिई बसेका छन् । हाल आएर यसरी बसोवास प्रारम्भ गर्न थालेकाहरूको जनसंख्या ७ हजारको हाराहारीमा पुगिसकेको छ । यस धार्मिकस्थलको परिसरबाट डाँडा वरिपरि साडे पाँच किलोमिटरको चक्रपथ निर्माण गरिएको छ । यसबाट माङ्सेबुङ लारुम्बाको वरिपरिको हावापानीका साथै वारिपारिका ठाउँहरूको दृष्यावलोकन गर्न सकिन्छ । पहाड र तराईको संगमस्थलको रूपमा अवस्थित माङ्सेबुङ लारुम्बाबाट उत्तर पश्चिम र पूर्वतिर सुन्दर डाँडाकाँडाहरूको दृश्य देख्न सकिन्छ भने दक्षिण दिशामा पूर्वपश्चिम फैलिएको चुरे पर्वत श्रृखला र विशाल तराईको फाँट देख्न सकिन्छ । यो क्षेत्रको सम्बन्ध किरात धर्म दर्शनका ब्याख्याता तथा समाज सुधारक महागुरु फाल्गुनन्द लिङ्देनसँग रहेको छ । महागुरुको दर्शनलाई परिमार्जित र संशोधन गर्दै ब्यापक बनाउन लागिपर्नु भएका धर्मगुरु आत्मानन्द लिङदेनको नीजि आश्रम र प्रत्यक्ष संरक्षणका कारण पनि माङ्सेबुङ लारुम्बा अहिंसा र शान्तिको सन्देश बोक्ने विशुद्ध किरात धार्मिकस्थलको रूपमा विकसित भएको हो । यहाँको सामाजिक र सांस्कृतिक गतिविधिहरूमा पनि किरात धर्म दर्शनको छाप भेटिन्छ । यसरी किरात धर्मावलम्बीहरूको धार्मिकस्थलको रूपमा विकसित भएको माङ्सेबुङ लारुम्बाको आफ्नै किसिमको महत्व रहेको छ ।

## ७.२ निष्कर्षः

माङ्सेबुङ लारुम्बाको धार्मिक महत्व हिन्दु धर्मावलम्बीहरूको बनारस, बौद्ध धर्मावलम्बीहरूको लुम्बिनी, मुस्लिमहरूको मक्का मदिना र ईशाइहरूको जेरुसलम जस्तै रहेको छ । धार्मिक हिसाबले यस ठाउँले किरात समुदायको पुनर्उत्थान गर्ने महान कार्य

गरेको छ । प्राचीन समयदेखि नै कुनै पनि जातिको उत्थानको निम्ति गुरु वा ऋषि, महर्षि र महात्मा ज्ञानी पुरुषहरूको मार्गदर्शन महत्वपूर्ण रहेको पाइन्छ । यस्ता महात्माहरूको जन्मस्थल, कर्मस्थल, तपस्या र ध्यानस्थलहरू सधैं पवित्र स्थलको रूपमा पुजिदै आएका छन् । माङ्सेबुङ लारुम्बा किरात धर्मगुरु आत्मानन्द लिङ्देनको कर्मस्थल हो । यहाँबाट प्राचीन समयका प्रथम ज्ञानी पुरुषका रूपमा पुजिने महात्मा येहाङदेखि विभिन्न महात्माज्ञानी पुरुषहरूको धर्मदर्शनलाई एकिकृत गरेर सावायेहाङ किरातीहरूको लागि जीवन दर्शन बोकेको मुन्धुमको संरक्षण गर्दै त्यसलाई लोप हुनबाट जोगाउँन लिपिवद्ध गर्ने र त्यसलाई व्यवहारमा उतार्ने अभ्यास गरिरहेको छ । किरात धार्मिकस्थलहरू अन्य ठाउँमा पनि छन् र तिनीहरूको पनि आ-आफ्नै महत्व छ । तर पनि लोपोन्मुख अवस्थामा पुगिसकेको किरात धर्म दर्शनलाई जगेर्ना गर्दै प्रचारप्रसार गर्ने कार्य यो ठाउँबाट भएको हुनाले र धर्मगुरुको नीजि आश्रम तथा सम्पूर्ण किरात धर्मावलम्बीहरूको आस्थाको केन्द्र किरात मुजोत्लुङ माङ्हिम पनि रहेको साथै देश विदेशका विद्धत वर्ग एवं शीर्ष व्यक्तिहरूको आवागमन भइरहने भएको हुदा माङ्सेबुङ लारुम्बा बढी चर्चामा आएको छ । किरात धर्म दर्शनलाई व्यवहारमा उतारेर प्रयोग गर्ने तथा त्यसको ब्याख्या, विश्लेषण गर्ने काम यहीबाट भइरहेकाले किरात धर्म र माङ्सेबुङ लारुम्बाको एकदमै गहिरो सम्बन्ध रहेको छ ।

किरात धर्म भन्नाले अनादिकालदेखि किरात जातिहरूले मान्दै आएको परम्परागत कर्मकाण्डीय विधिको समष्टिगत रूप हो । किरात धर्मावलम्बीहरूले जन्म अघिदेखि मृत्यु पछिसम्मका कर्मकाण्डीय संस्कारहरूमा प्रयोग गर्ने पवित्र धार्मिक ग्रन्थलाई "साम्जिक मुन्धुम" भनिन्छ । यो किरात जातिहरूको पहिचान पनि हो । किरातीहरूलाई प्रकृतिपूजक मानिन्छ किनभने भूमिसँग किरातीहरूको अमिट सम्बन्ध रहेको छ । प्रकृतिलाई सृष्टिका मालिक तागेरा निङ्वाभूमाङको अनुपम रचना भएको मान्ने किरातीहरूले हावा, पानी, आगो, पृथ्वी र आकाशलाई उत्तिकै सम्मानपूर्वक पूज्ने गर्दछन् । प्रकृतिमा उब्जाइएका अन्नबालीहरू प्रकृतिकै देन भएकाले किरातीहरू प्रकृतिको पूजा गर्दछन् । यसका साथै सिक्मुम्दिङ निङ्वा (मन आत्मा)लाई पनि योग साधनाबाट पवित्र गराई शान्ति दिने भएकाले आत्मा पूजकको रूपमा पनि किरात जातिलाई चित्रण गरिन्छ । प्रकृतिप्रदत्त शीलालाई "माङ" भनी पूजा गरिने भएकाले मूर्ति पूजालाई पनि किरातीहरू प्रकृति पूजाकै रूपमा लिने गर्दछन् । किरात धर्ममा पूजाआजा गर्दा जीवजन्तुको बलि दिने प्रथा थिएन । पछिबाट विकृत संस्कारको रूपमा प्रवेश गरेको र महागुरु फाल्गुनन्द लिङ्देनले त्यहि विकृतिलाई सुधार गर्दै किरात

धर्मको पुनर्उत्थान गर्नुभएको हो । यही कार्यलाई वर्तमान समयमा धर्मगुरु आत्मानन्द लिङ्देनले निरन्तरता दिँदै आउनुभएको छ ।

माङ्सेबुङ लारुम्बामा विभिन्न धार्मिक गतिविधिहरू सम्पन्न हुने गरेका छन् । यहाँ समय समयमा मानिसहरूको आवतजावत हुने र अध्ययन अनुसन्धानका लागि आउने सिलसिला बढ्दो छ । तर भौतिक पूर्वाधारको उचित व्यवस्था हुन नसकेका कारण आगन्तुकहरूलाई अप्ठेरो परेको देखिन्छ । त्यस्तै बाटोघाटो, घर निर्माण, बिजुली बत्ती, खानेपानी, पक्की सडक निर्माण लगायतका कार्यहरू व्यवशिथत ढंगबाट बनाउन सकिएमा यहाँ अन्य विकासका धेरै सम्भावनाहरू रहेका छन् । यो क्षेत्रमा बाक्लो बसोबासका कारण मानव साधनको पर्याप्त प्रयोग गर्न सकिने भएकाले उद्योगधन्दा सञ्चालनमा पनि त्यति कठिनाई पर्ने देखिंदैन । तर यसलाई अघि बढाउँन राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायका दातृ संस्थाहरूको सहयोग भने जरुरत पर्दछ । यसो भएको खण्डमा यो धार्मिकस्थलको विकासका हुनुका साथै यहाँका बासिन्दाहरूको कष्टकर जीवनस्तरमा सुधार आउँने अपेक्षा राख्न सकिन्छ ।

## ७.३ सुझावहरुः

माङ्सेबुङ लारुम्बा धार्मिक पर्यटनको दृष्टिकोणबाट हेर्दा नेपालको एकदमै नयाँ पर्यटकीय क्षेत्र बन्न सक्ने प्रवल सम्भावना बोकेको स्थल हो । धार्मिकस्थल भनेको राज्यको सांस्कृतिक सम्पदा पनि हो । कुनै पनि राज्यको पहिलो परिचय भनेको उसको सांस्कृतिक पक्ष भएको कुरालाई यहाँ नकार्न सकिँदैन । त्यसैले राज्यले अस्तित्वमा देखिएका सबै खाले धर्मका मठ, मन्दिर, गुम्बा, मस्जिद, चैत्य, माङ्हिम, पाटी, पौवा, चौतारी लगायत महत्वपूर्ण स्थानहरूलाई समान ढंगले संरक्षण र सम्वर्द्धन गर्नुपर्दछ । अनि मात्र हाम्रो देशको सांस्कृतिक वैभवको गर्व साथ चर्चा गर्न सकिन्छ । धर्म भनेको सबैको हितको लागि भएको हुनाले कुनै पनि धर्मको अस्तित्वलाई उपेक्षा गर्न मिल्दैन र धार्मिक सहिष्णुता कायम राखिराख्नको लागि पनि सबै खाले धर्मलाई राज्यले संरक्षण गर्नुपर्दछ । नेपालमा विभिन्न जातजातिहरूको बसोवास रहेकाले पनि यहाँको धर्म र संस्कृति एकै खालको नहुनु स्वभाविकै हो ।

माङ्सेबुङ लारुम्बाको आसपासका ठाउँहरू पनि धार्मिक दृष्टिकोणले एकदमै महत्वपूर्ण रहेका छन् । महागुरु फाल्गुनन्द लिङ्देन तथा वर्तमान धर्मगुरुको जन्मस्थल,

तपोभूमि, ध्यान-ज्ञान भूमिहरू चुक्चिनाम्बा खत्रक्पा, फुल्लुङ्गी, माङ्मालुङ जस्ता पवित्रस्थलहरू यो धार्मिकस्थलबाट नजिकैको दुरीमा रहेका छन् । यी ठाउँहरुमा धार्मिक पर्यटन प्रवर्द्धन गरेर देश विदेशका धार्मिक पर्यटकहरूको ध्यानाकर्षण गर्न सकिन्छ । यसका लागि भौतिक पूर्वाधारहरू जस्तैः होटलहरूको निर्माण, बाटोघाटोको निर्माण, बिजुली बत्ती, खानेपानी यातायातको उचित व्यवस्था, शान्तिपूर्ण वातावरणको निर्माण, धार्मिकस्थलहरूको संरक्षण, सम्वर्द्धन जस्ता कुरामा नेपाल सरकारले पनि ध्यान दिनुपर्दछ । देशको अर्थतन्त्रलाई मजबुत बनाउनमा सहयोगी भूमिका खेल्ने एउटा उद्योग पर्यटन हो । यसको उचित विस्तार गर्न सकिएको खण्डमा यो क्षेत्र र यहाँका बासिन्दाहरूको प्रतिव्यक्ति आम्दानी बढ्ने र देशको कुल आम्दानी पनि वृद्धि हुने भएकाले यसको विकास गर्न जरुरी छ ।

माङ्सेबुङ लारुम्बाको विकास गर्नका लागि किरात धर्मसँग सम्बन्धित संघसंस्थाहरूको सक्रियता र यहाँका बासिन्दाहरूको व्यापक चासो हुनु आवश्यक छ । अव्यवस्थित रूपमा बढिरहेका बस्तीहरूलाई व्यवस्थित गर्न र दीर्घकालीन योजनाको रूपमा सडक बाटोको लागि तत्कालै कदम चाल्नुपर्ने देखिन्छ । त्यस्तै यो ठाउँलाई किरात धार्मिकस्थलको रूपमा चिनाउँनको लागि पत्रपत्रिका र विद्युतीय सञ्चार माध्यमहरू रेडियो, टि.भि., वेभसाइट तथा वित्तचित्र आदिका माध्यमबाट प्रचारप्रसार गर्नुपर्दछ । किरात साम्जिक मुन्धुमलाई सर्वसाधारणले पनि बुझ्न सक्ने तरिकाले ब्याख्या गर्नुपर्दछ । परम्परागत भेषभुषा कुनै पनि जातिको मौलिक पहिचान हो । त्यसैले किरात जातिको परम्परागत भेषभुषा तागाबा र मेख्ली लगायतलाई अझ संशोधन र परिमार्जन गरेर फेशनको बजारमा ल्याउने हो भने एउटा नयाँ आकर्षण थपिनेछ । संस्कृतिका धनी किरातहरूको साकेला लाङ, यालाङ, केलाङ र माङ्लाङ जस्ता माङ्सेबुङ लारुम्बामा प्रचलित मौलिक नाचहरूलाई व्यापक बनाउन सकेमा नेपालको पश्चिमतिर प्रचलित घाटु, सोरठी, तामाङसेलो, देउडा आदि पर्यटकहरु आकर्षण गर्न सक्ने मौलिक नाचहरूको हाराहारीमा पुग्न सक्ने देखिन्छ । यसप्रकार धार्मिकस्थलको दृष्टिकोणले छोटो समयमा विकास भएको माङ्सेबुङ लारुम्बाको सबै पक्षबाट संरक्षण, सम्वर्द्धन र विकास गर्नको निम्ति पहल हुदै गएमा एउटा महत्वपूर्ण किरात धार्मिकस्थलको रूपमा विश्व सामु परिचित हुदै जाने देखिन्छ । यसका साथै भविश्यमा एउटा चर्चित धार्मिक तीर्थस्थलको रूपमा स्थापित हुने सम्भावना पनि रहेको छ ।

**समाप्त ।**

## शोधपत्रमा प्रयोग गरिएका किरात मौलिक तथा मुन्धुमी शब्दहरु :–

| | |
|---|---|
| अङ्सीमाङ | – देव अवतारी (पुरुषवाचक) |
| अङ्सीमामाङ | – देव अवतारी (स्त्रीवाचक) |
| कक्फेक्वा तङनाम | – माघे संक्रान्ति चाड |
| किरात हाङ्साम मुजोत्लुङ माङ्हिम | – माङ्सेवुङ लारुम्बामा रहेको किरात मन्दिर |
| केलाङ | – च्याब्रुङ नाच |
| ख्याली | – एक किसिमको लयात्मक र छन्दवद्ध टुक्काद्वारा निर्मित शब्दहरुले बनेको गीत |
| खिबेक्वा याक्वा सेवा | – उभौली सेवा |
| चम्जिक मुन्धुम | – अध्यात्म विज्ञान |
| चासोक तङ्नाम | – किराती चाड |
| तागाबा | – किराती पुरुषले लगाउने परम्परागत पोशाक |
| तागेरा निङ्वाफूमाङ | – ईश्वर (सर्वव्यापी) |
| तुङ्गेलाङ | – एकतारे बजाएर नाचिने नाच |
| तुत्तुतुम्याङ | – पञ्च भलादमी |
| तुङ्दुङ्गे | – कुलदेवता मध्ये एक देवता (शुक्र ग्रह) |
| थक्सापुसा | – चराचुरुङ्गी |
| थामेन्दिङ मा | – आमा जनाउने आलङ्कारिक शब्द |
| थेबा साम्माङ | – किरातीहरुको इष्टदेव |
| थक्ले साम्माङ | – लिम्बू महिलाहरुको आत्मासँगै हिड्ने देव |
| थुङसाप मुन्धुम | – मौखिक शास्त्र |
| नालिफुङ्वा | – युवा युवती |
| नाहाङ्मा | – किरात लिम्बूहरुको एक देवता |
| निसामहिम | – विद्यालय |
| पालाम | – धान नाचमा गाइने लयात्मक गीत |
| पिच्चम्मा | – किरात लिम्बूहरुको एक देवता |
| पेसाप मुन्धुम | – लिखित शास्त्र |
| पेली फाङहाङ | – आदिम नौ लिम्बू पुरोहितहरु |
| फक्ताङलुङ | – कुम्भकर्ण हिमाल |
| फेदाङ्मा | – परम्परागत किरात पुरोहित |
| फेजिक्कुम | – शास्त्र सम्मत परम्परा (शास्त्र ज्ञान) |
| बलिहाङ तङनाम | – तिहार चाड |
| माङ | – ईश्वर/देवता |
| माङ इङघङ | – देववाणी |
| माङ्गेन्ना | – शिर उठाउँनको लागि गरिने अनुष्ठान |
| माङ्देम्बा | – लिम्बू पुरोहितको एक वर्ग विशेष |
| माङ्वा हाङ्वा | – सिद्धि शक्ति |
| माङ्हिम | – देवताको घर |
| माङ्सेवासावा | – शास्त्र पढ्ने किरात पुरोहित |
| माङ्लाङ | – देवनाच |
| मुन्धुम | – किरात धर्मशास्त्र |

| | |
|---|---|
| मुहिगुम अङ्सी | – महात्मा, ज्ञानी |
| मुहिगुम अङ्सीमाङ | – देवअवतारी |
| मेन्छामयाप्मी | – मानव जाति |
| मेख्ली | – किराती महिलाले लगाउँने परम्परागत पोशाक |
| मुबेक्वा याक्वा सेवा | – उधौली सेवा |
| याःलाङ | – धान नाच |
| युमासाम्माङ | – किरातहरुको इष्टदेवी |
| येमालाङ | – स्त्री पुरोहितले नाच्ने नाच |
| लाधुङ्सेमी | – महायज्ञ |
| शःसि मुन्धुम | – ज्ञान, शास्त्र |
| सक्सक मुन्धुम | – सृष्टि वर्णनको शास्त्र |
| सयङ | – एकै कुलवंशी जनाउने शब्द |
| साम्जिक मुन्धुम | - दर्शन शास्त्र |
| साम्बा | – किरात पुरोहित |
| साक्थिम्गेन | – सांस्कृतिक |
| साप्माकुमाङ | – आदिम पूर्खादेव |
| साप्मुन्धुम | – इतिहास शास्त्र |
| साम्जिक मुन्धुम | – अध्यात्मिक दर्शन शास्त्र |
| साम्लो | – गीत |
| सावादिङ सिदा (सिदोबा) | – औषधी विज्ञ |
| सिक्कुम्दिङ निङ्वा | – मन, आत्मा |
| सिसेक्पा तङ्नाम | – साउने संक्रान्ति |
| सिवाखाहुन | – धर्मोपदेश |
| सुनुगेन थक्सुबा | – भू.पू. सैनिक |
| हिम्माङ | – घरको रक्षा गर्ने देवता |

# सन्दर्भ ग्रन्थसूची (References)


**नेपाली पुस्तकहरूः**

१. काइँला, वैरागी, (२०६०), *चःइत मुन्धुम (सृष्टि वर्णन),* काठमाडौंः लिम्बू साहित्य बिकास संस्था

२. काइँला, वैरागी, (२०५९), *लिम्बू भाषा र साहित्यको संक्षिप्त परिचय,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

३. कार्की, गोविन्दमानसिंह, (२०५९, दोस्रो संस्करण), *सांस्कृतिक पर्यटन,* काठमाडौंः ममता कार्की/पवित्रा निरौला

४. खत्री, प्रेमकुमार, (२०५५), *उत्पतिः मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवं मानवशास्त्रीय अध्ययन,* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र

५. गुरुङ, हेमबहादुर र कुलानन्द दाहाल, (२०२३), *तपस्वी फाल्गुनन्दको जीवनी,* चुक्चिनाम्बाः बद्रिनन्द तुम्बापो

६. गौतम, युवराज शर्मा, (२०६१), *तीर्थपर्यटन,* काठमाडौंः लुम्बिनी ट्रेडिङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि.

७. चेम्जोङ, इमानसिंह, (२०५९, तेस्रो संस्करण), *किरात मुन्धुम (किरात वेद),* ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय

८. चेम्जोङ, इमानसिंह, (२०५९, तेस्रो संस्करण), *किरात मुन्धुम खाहुन, (शिक्षा),* ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय

९. चेम्जोङ, इमानसिंह, (२०५९, दोस्रो संस्करण), *किरात दर्शनको सारांश,* ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्यालय

१०. चेम्जोङ, इमानसिंह, (२०५९, चौथो संस्करण), *किरात साहित्यको इतिहास,* ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय

११. चेम्जोङ, इमानसिंह, (२०५९, दोस्रो संस्करण), *किरातकालिन विजयपुको संक्षिप्त इतिहास,* ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय

१२. चेम्जोङ, इमानसिंह, (२०५९, पाँचौं संस्करण), *किरात इतिहास,* ललितपुरः महालक्ष्मीस्थान, किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय

१३. चोङ्बाङ, हरि, (सेन्छेन्हाङ), (२०५९), *किरात ऐतिहासिक दर्पण भाग–१,* कूलमान लिङ्देन/कृष्णध्वज लिङ्देन

१४. जाँचबुझ केन्द्र, (२०३१), *मेचीदेखि महाकाली भाग–१,* काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग

१५. थुलुङ, नारदमुनि, (२०४२), *किरातको नालि–बेली,* विराटनगरः श्रीमती अङ्कुर कन्दङ्वा

१६. नेम्बाङ, नन्दकुमार, (२०६२), नालिफुङवाको जन्म, उपलब्धि र वर्तमान चुनौतीहरु, माङ्सेबुङः तुलक तुम्सा

१७. प्रपन्नाचार्य, डा. स्वामी, (२०५० द्वितिय संस्करण), *वेदमा के छ,* काठमाडौंः साझा प्रकाशन

१८. प्रपन्नाचार्य, डा. स्वामी, (२०५९, दोस्रो संस्करण), *प्राचीन किरात इतिहास,* काठमाडौंः लुष प्रेसः नयाँ बानेश्वर

१९. पाण्डे, रामनिवास, दिनेशचन्द्र रेग्मी, (२०५४), *नेपालको पौराणिक इतिहास,* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र

२०. बराल, बासु, (२०५०, दोस्रो संस्करण), *हिन्दु सामाजिक संगठनको प्रारुप,* काठमाडौंः साझा प्रकाशन

२१. बुढामगर, डा. हर्षबहादुर, (२०४९), *किरात वंश र मगरहरु,* काठमाडौंः श्रीमती उन्नती बोहरा

२२. माबुहाङ, अर्जुनबाबु, (२०६३), *लिम्बूवान,* लालबहादुर लुङफुङ्वा, चित्रकला खेवाङ, जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च नेपाल

२३. मेन्याङबो, तेजबहादुर, (२०५५), *धर्म, सृष्टि र संस्कृति,* काठमाडौंः मीना कुमारी लिम्बू

२४. याक्थुङ्बा, सिक्कुम्दाङ, (२०६०), *मुहिगुम अङ्सीमाङ फाल्गुनन्द जीवन प्रसङ्ग,* सत्यधर्म मुचुल्का र धर्मोपदेश, काठमाडौंः नोनिम पब्लिकेशन

२५. याक्थुङबा, सिक्कुम्दाङ, (२०६०), *मुहिगुम अङ्सीमाङ फाल्गुनन्दको ऐतिहासिक कृतिहरु,* राजेन्द्रप्रकाश आङदेम्बे, जतनबहादुर तुम्बापो, राजेन्द्र माखिम

२६. राई, देवदास, (२०६०), *किरात सन्दर्भका तथ्य कुराहरु,* किरात धर्मावलम्बी भक्तजन

२७. विधान, (२०६१), किरात धर्म तथा साहित्य उत्थान संघ केन्द्रीय कार्य समिति

२८. शर्मा, जनकलाल, (२०५९, तेस्रो सँस्करण), *हाम्रो समाजः एक अध्ययन,* काठमाडौंः साझा प्रकाशन

२९. शर्मा, जनकलाल, (२०२०), *जोसमनी सन्त परम्परा र साहित्य,* काठमाडौंः रायल नेपाल एकेडेमी

३०. शर्मा, बालचन्द्र (२०३३, चौथो संस्करण), *नेपालको ऐतिहासिक रुपरेखा,* कृष्ण कुमारी देवी

३१. श्रेष्ठ, शिवकुमार, (२०४२) *लिम्बूवानको ऐतिहसिक अध्ययन,* धनकुटाः श्रीमती गंगादेवी श्रेष्ठ

३२. श्रेष्ठ, शिवकुमार, (२०४८, दोस्रो संस्करण), *किराती लोक कथाहरु,* धरानः केशर पुस्तक पसल

३३. श्रेष्ठ, शिवकुमार, (२०५१), *किराती लोक कथा सँगालो,* धनकुटाः श्रीमती गंगादेवी श्रेष्ठ

*३४.* सम्बाहाम्फे, खड्ग, (२०५९), *माङसेबुङ दर्पणछाँया*

३५. सेर्मा, चन्द्रकुमार, (२०५७), *किरातका कर्म संस्कार विधि,* झापाः मेहेरमान लिङदेन

३६. सेर्मा, चन्द्रकुमार, (२०५९), *फक्ताङलुङ महादर्शन,* महातीर्थ यात्रा प्रकाशन

३७. क्षेत्री, डा. गणेश र रामचन्द्र अधिकारी (२०६१, दोस्रो सँस्करण), *पर्यटन विकास र व्यवस्थापन,* काठमाडौंः एशिया पब्लिकेसन्स, बागवजार

**अँग्रेजीमा लेखिएका पुस्तकहरूः**


1. Bajracharya, R.D. et. al. , *Cultural and Religious Diversity : Dialogue and Development*, UNESCO Kathmandu Series of Monographs and Working Papers : No. 6
2. Bista, Dor Bahadur , (1972, Second Edition), *People of Nepal*, Kathmandu: Ratna Pustak Bhandar
3. Chemjong, Iman Singh, (2003, Fourth Edition), *History and Culture of Kirat People*, Lalitpur: Mahalaxmisthan, Central Office Kirat Yakthung Chumlung
4. Hamilton, F.B., (1971), *An Account of The Kingdom of Nepal*, New Delhi: Manjushri Publishing House
5. Kunwar, Ramesh Raj, (1997), *Tourism and Development*, Kathmandu: Laxmi Kunwar
6. Pignede, Bernard, (1993), *The Gurungs, A Himalayan Population of Nepal* (English Edition by Sarah Harison and Alan Macfarlane), Kathmandu: Ratna Pustak Bhandar
7. Satyal, Yajna Raj, (1998), *Tourism in Nepal*, Varansi: Nath Publication
8. Vajracharya, Dhanavajra and Kamal P. Malla, (1985), *THE GOPALARAJAVAMSAVALI*, Kahtmandu: Nepal Research Centre

**किरात लिपि र भाषामा लेखिएका पुस्तकहरूः**

[illegible]

[illegible]

[illegible]

[illegible]

**नेपाली पत्रपत्रिकाहरूः**


१. आङ्बुङ, डि.बि., (२०६१), साउने संक्रान्ति पर्वः अवधारणा पत्र, काठमाडौंः साउन १ गते

२. आङ्बुङ, डि.बि., (२०६२), किरात धर्म दर्शन र महागुरु फाल्गुनन्दको सपना, बिशेषाङ्कः मुहिगुम अङ्सीमाङ लिङ्देन फाल्गुनन्द

३. इलामको चिनारी, (२०६०), इलामः जिल्ला विकास समिति, सूचना तथा अभिलेख केन्द्र

४. काइँला, वैरागी, (२०५०), किरात भाषा, लिपि र मुहिगुम अङ्सीमाङको देन, बिशेषाङ्कः मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन

५. काइँला, वैरागी, (२०६१), इमानसिंह चेम्जोङ र मुन्धुमको अध्ययन, स्मारिकाः इमानसिंह चेम्जोङ व्यक्तित्व र कृतित्व

६. काइँला, वैरागी, (२०६२), महागुरु फाल्गुनन्दको किरात धर्ममा योगदान, बिशेषाङ्कः मुहिगुम अङ्सीमाङ लिङ्देन फाल्गुनन्द

७. जनजाति जनसंख्या विवरण, (२०६०), जिल्लाका गा.वि.स. स्तरीय तथ्याङ्क र नक्साहरु, काठमाडौंः राष्ट्रिय श्रम प्रतिष्ठान

८. थेगिम, डकेन्द्रसिंह, (२०६२), किरात धर्ममा महागुरु फाल्गुनन्द, फुल्लुङ्गी र फक्ताङ्लुङ, बिशेषाङ्कः मुहिगुम अङ्सीमाङ लिङ्देन फाल्गुनन्द

९. प्रकृतिपुजक जनजातिहरुको महान चाड माघे संक्रन्ति, पालाम, (२०६०), बर्ष–१, अंक–२

१०. फागोहाङ, धनु, (२०६०), विविध रुप, विविध संगमा अङ्सीमाङ आत्मानन्द, मिक्तोक

११. फागो, धनबहादुर (२०६२), किरात धार्मिक इतिहासमा अङ्सीमाङको आवश्यकता, मिक्तोक

१२. फियाक, सेसेहाङ, (२०६२), माङ्सेबुङलाई फर्केर हेर्दा, चौमासिक माङ्सेबुङ सन्देश, वर्ष–३, अंक–१


१३. बुढामगर, डा. हर्षबहादुर, (२०५७), विश्वशान्ति र मानव एकताको सन्दर्भमा किरात धर्म, कार्यपत्र, स्मारिकाः किरात धर्म तथा साहित्य उत्थान संघको महासम्मेलन

१४. माखिम, एम.बि., (२०५७), लारुम्बा, भूपति चरा र जलथलहरुको नामाकरण, चौमासिक किरात चेली, बर्ष–१, अंक–१

१५. माङ्मिङ्सोहाङ, (२०६०), अङ्सीमाङ आत्मानन्द लिङ्देनको संक्षिप्त जीवनी, मिक्तोक

१६. माङ्मिङ्सोहाङ, (२०६१), मुहिगुम अङ्सीमाङ फाल्गुनन्द संक्षिप्तमा, मिक्तोक
१७. याक्थुङबा, मञ्जुल, (२०६३), हाम्रो वलिहाङ तङनाम र मौलिक मुन्धुम, त्रैमासिक पालाम, बर्ष–१, अंक–३
१८. योङहाङ, मच्छिन्द्र, (२०५६), फाल्गुनन्द तथा समाज सुधार, बिशेषाङ्क : मुहिगुम अङ्सी फाल्गुनन्द
१९. योङहाङ, दिलबहादुर, (२०६२), अङ्सीमामाङको पचास वर्षे यात्रा, मिक्तोक
२०. रुन्छेनबुङ, के.बि. (२०६०), माङ्सेबुङ अवस्थित फाल्गुनन्द सडक विस्तार, माङ्सेबुङ–सन्देश, बर्ष–२, अंक–१
२१. लिङ्देन, नविन, (२०५७), किरात धर्म दर्शन र मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन, कार्यपत्र, स्मारिकाः किरात धर्म तथा साहित्य उत्थान संघ
२२. लिङ्देन, नविन, (२०५७/५८), किरात धर्म परिचय, छैठौं बिशेषाङ्क : सिरिजङ्गा
२३. लिङ्देन, नविन, (२०५९), अङ्सीमाङ आत्मानन्द लिङदेन संक्षिप्तमा, मिक्तोक
२४. सम्पादकीय, (२०५९), विश्व किरात आवाज मासिक, बर्ष–१, अंक–५, साउन
२५. सम्पादकीय, (२०६१), किरात नाम्साङ मासिक, बर्ष–१, अंक–५, पूर्णाङ्क–५
२६. सम्पादकीय, (२०६१), किरात आवाज मासिक, बर्ष–१, अंक–७, माघ
२७. सम्पादकीय, (२०६२), किरात नाम्साङ मासिक, सामुदायिक खबर पत्रिका, बर्ष–१, अंक–३, पूर्णाङ्क–३
२८. साम्पाङ, डिल्ली प्रकाश, (२०५६), महागुरु फाल्गुनन्द, बिसौं शताब्दीका महान दार्शनिक एवं समाज सुधारक, विशेषाङ्क मुहिगुम अङ्सीमाङ फाल्गुनन्द
२९. सेर्मा, चन्द्रकुमार, (२०५९), माङ्सेबुङको सेरोफेरो, चौमासिक माङ्सेबुङ सन्देश, बर्ष–१, अंक–२
३०. सेर्मा, साम्जिरी सेमी ,(२०५९), किरात धर्मको सर्वोच्च स्थल माङ्सेबुङ संक्षिप्त चिनारी, माङ्सेबुङ सन्देश वार्षिक मुखपत्र : फाल्गुनन्द समाज कल्याण क्लब
३१. सेर्मा, चन्द्रकुमार, (२०६२), कर्मयोगी अङ्सीमाङ आत्मानन्दको अनन्त यात्रा, बिशेषाङ्क : अङ्सीमाङ आत्मानन्द लिङ्देन
३२. साँबा, चन्द्रकुमार, (२०६२) माङ्सेबुङ बजार व्यवस्थापन समिति, एक झलक, किरात नाम्साङ मासिक, वर्ष–१, अंक–३
३३. हेल्लोक, विवश, (२०६२), किरात मुन्धुम र किरात भूमिको सम्बन्ध, त्रैमासिक पालाम, वर्ष–१, अंक–४/५, पूर्णाङ्क–१०

# फोटोहरु (Photographs)



किरात समाज सुधारक महागुरू मुहिगुम अङ्सीमाङ फाल्गुनन्द लिङ्देन



धर्मगुरू अङ्सीमाङ आत्मानन्द लिङ्देन 'सेइङ'


गुरूआमा अङ्सीमामाङ पवित्रहाङ्मा साँबा (लिङ्देन)




गुरूआमा अङ्सीमामाङ पवित्रहाङ्मा साँबा (लिङ्देन)




खत्रक्पाको लाम्पातेको रूख



दमक–पाँचथर रबिमार्गमा रहेको भञ्ज्याङ टोल



किरात तीर्थस्थल कुम्भकर्ण हिमाल र फेदीमा रहेको
पारुङ्फुक्कु र मारुङफुक्कु



धर्मगुरू र गुरूआमाको स्वागत गर्दै,
२०४९ साल मंसिर १८, भालुटार



किरात मौलिक पोशाक तागाबा र मेख्ली



परम्परागत पोशाक तागाबा



पश्चिम दिशाबाट देखिने माङ्सेबुङ लारूम्बाको दृश्य



वालिङ भञ्ज्याङस्थित महागुरू फाल्गुनन्दको शालिक



फुःलुङ्गीको गुफा डाँडा



चुक्चिनाम्बाको किरात हाङ्साम फाल्गुनन्द माङ्हिम









माङ्सेबुङ लारुम्बामा विभिन्न समयमा सम्पन्न धार्मिक कार्यक्रमका झलकहरु



आफ्नो स्मरण सुनाउँनुहुदै महागुरूका जिवित चेला ८२ वर्षीय बाला नेम्बाङ



महागुरूको बारेमा जानकारी दिनुहुँदै महागुरूका जिवित चेला ८८ वर्षीय रामप्रसाद थेबे



धर्मगुरूको जन्मस्थल आगोटेबारीमा सामुहिक तस्वीर खिचाउँदै किरात धर्मावलम्बी भक्तजनहरु



महागुरू फाल्गुनन्दले रोप्नुभएको नासपातीको फल टिपिखाँदै भक्तजनहरू



माङ्सेबुङ लारुम्बास्थित किरात हाङ्साम मुजोत्लुङ माङ्हिम



धर्मगुरु आत्मानन्द लिङ्देनको नोमा लाखबत्ती बाल्दै, २०६२ मंसिर १८



ऐतिहासिक स्थल थालाचेप्पा (बिजुवानी डाँडा)को चिरिएको ढुङ्गा



पर्यटकीय स्थल माङ्मालुङको ढुङ्गामाथि अवस्थित ढुङ्गा


किरात निसामहिमक्षेत्रदेखि तल विकसित नयाँ बस्तीहरुको दृश्य


भालुटारमा अवस्थित प्रस्तावित मा.वि.को प्राङ्गण र बस्तीहरु


लासिङ्बुङ टोलको दृश्य


माङ्सेबुङ लारुम्बामा निर्मित धर्मशालाहरु